# ईन्द्रावती गाउँपालिकाको शिक्षा क्षेत्र, योजना २०७९-२०८३

# Education Sector Plan (2022-2026)

**इन्द्रावती गाउँपालिका**
**शिक्षा युवा तथा खेलकुद शाखा**
**नवलपुर सिन्धुपाल्चोक**
**बागमती प्रदेश नेपाल**

## गाउँपालिका प्रमुखको भनाई

ईन्द्रावती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखाद्वारा वर्तमान नेपालको संविधान, शिक्षा सम्बन्धी विद्यमान कानून, नीति तथा कार्यक्रम, विद्यालयस्तरका शैक्षिक तथ्याङ्क, आर्थिक वर्ष २०७७/७८ सम्मको अवधिमा गाउँपालिकाद्वारा सञ्चालन भएका सम्पूर्ण शैक्षिक गतिविधि लगायतका विषयवस्तु समेटेर तयार पारिएको ५ वर्षे शैक्षिक योजनाको रुपमा ईन्द्रावती शिक्षा योजना तयारी भएको पाउँदा अत्यन्तै खुशी लागेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारलाई तोकेबमोजिम उक्त अधिकारको कार्यान्वयनका लागि हामीले थुप्रै कार्यहरु गर्दै आएका छौँ । यसका लागि आवश्यक स्थानीय कानून, नीति तथा कार्यविधि तर्जुमादेखि तिनको कार्यान्वयनमा गाउँपालिकाको तर्फबाट हरसम्भव प्रयासहरु भैरहेका छन् । आ.व. २०७७/७८ मा गाउँपालिकाद्वारा शिक्षा क्षेत्रका केही अत्यावश्यकीय कार्यविधिहरु तयार गरिएका छन् । यसैका आधारमा गाउँपालिकाले शिक्षक दरबन्दी मिलान, विद्यालयहरुलाई स्वीकृति प्रदान गर्ने कार्य सम्पन्न गरेको छ भने विज्ञापनको माध्यमबाट प्रधानाध्पक छनौटको कार्य अघि बढाउने तयारी भैरहेको छ । शिक्षा क्षेत्रमा संघीयस्तरबाट बन्नुपर्ने संघीय शिक्षा ऐन तथा नियमावली निर्माण तथा संशोधन नहुनाले स्थानीय तहले के, कसरी, कुन कुन क्षेत्रमा शिक्षा सम्बद्ध कानून तर्जुमा गर्ने भन्ने कुरा हालसम्म अस्पष्टताहरु कायमै छन् । पालिकाबाट शिक्षा क्षेत्रमा नयाँ अभ्यास गर्नुपर्ने स्थितिका कारण विभिन्न समस्या एवम् चुनौतिहरु विद्यमान रहेका छन् । तसर्थ ती समस्या तथा चुनौतिहरुलाई सही ढंगबाट समाधान गरी समग्र गाउँपालिकाको शिक्षा क्षेत्रको सुधारका लागि हातेमालो गरी अघि बढ्न म सम्पूर्ण गाउँपालिका बासीहरुमा हार्दिक अपिल गर्दछु ।

अन्तमा, यस गाउँपालिकाको पञ्च वर्षिय गाउँ शिक्षा योजना निर्माण भइ जारीहुन लागेको अवस्थामा शिक्षा योजना निर्माणको महत्वपूर्ण आधार दस्तावेजको रुपमा रहेको आर्थिक बर्ष २०७८।०७९ सम्म भएका गतिविधिहरुको शैक्षिक क्रियाकलापहरुलाई समेटेर विद्यालय तथा सरोकारवालाहरुको जानकारीका लागि ईन्द्रावती शिक्षा योजना २०७९-२०८३ लाई प्रकाशन योग्य बनाउन खटिनु भएका शिक्षा, युवा तथा खेलकुद शाखाका शाखा प्रमुख शिक्षा अधिकृत मिनबहादुर धामी, गाउँ शिक्षा समितिका पदाधिकारी, शिक्षा शाखाका सम्पूर्ण कर्मचारी, मस्यौदा समितिका सदस्यहरु, भाषा सम्पादन तथा प्रकाशन कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी जनहरुमा गाउँपालिकाको तर्फबाट विशेष धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।

२०७९ जेठ

झम्कनाथ नेपाल

अध्यक्ष

ईन्द्रावती गाउँपालिका

## प्रमुख प्रशासकीय अधिकृतको भनाई

राज्यको पुर्नसंरचना सँगै नेपालले तीन तहको संघीय संरचनामा प्रवेश गरेको छ। नेपालको संविधानको अनुसूचि ८ अनुसार आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षा सम्बन्धी एकल अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ। यसै गरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले विद्यालय शिक्षा सम्बद्ध २३ वटा अधिकार सूचि सहित विद्यालय शिक्षा सम्बन्धी नीति, कानून, योजना , रणनीति तथा कार्यक्रम निमार्ण गर्ने अधिकार तथा जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ। ईन्द्रावती गाउँपालिकाले शिक्षा लाई पहिलो प्राथमिकतामा राख्दै शिक्षा क्षेत्रको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने गरेका छ। यसरी विद्यालय शिक्षामा आम गाउँपालिका बासिको सहज पहँच, गुणस्तरीय शिक्षा प्राप्त गर्ने व्यबस्थाका लागि यस गाउँपालिकाले शिक्षा क्षेत्रको पञ्चवर्षिय योजना तर्जुमाको गरि कार्यान्वयन गर्ने तयारि गरिराखेको छ। गाउँपालिकाले शिक्षाको वर्तमान अवस्थाको विश्लेषण तथा पहचान गरि शिक्षामा भएका राम्रा अभ्यास र सुधार गर्नुपर्ने क्षेत्र लगाएतका विषयको पहिचान गरि शिक्षामा आगामि ५ बर्षे शिक्षा योजना तथा कार्यक्रम तर्जुमा गर्ने यस शिक्षा योजना २०७९-२०८३ ले महत्वपूर्ण मार्गदर्शन गर्ने कुरामा गाउँपालिका विश्वस्त छ।

यो शिक्षा योजना निमार्णमा पन्ध्रौ आवधिक योजना दिगो विकास लक्ष्य , शिक्षा योजना लगाएत शिक्षा नीति २०७६ लाई आधाको रुपमा लिक्ष्एको छ। ईन्द्रावती गाउँपालिकाले शिक्षाको गुणस्तर अभिवृद्धिका लागि सेवा करार शिक्षक , शिक्षकको क्षमता विकास सम्बन्धी तालिम विद्यालय अनुगमन तथा सुपरिवेक्षण कार्यक्रम लगायत ईन्द्रावती गाउँपालिकाको स्थानीय पाठ्यक्रम समेत निमार्ण गरि कार्यान्वयनमा ल्याएको छ। यस गाउँपालिकाले गाउँपालिकाको सम्रग विकासका तथा गाउँपालिका बासिको विकास प्रतिको आकाक्षा र चाहानाको परिपुर्ति गर्ने ईन्द्रावती गाउँपालिकाको पञ्च वर्षिय योजना आवधिक योजना निमार्ण गरि लागु समेत गरिसकेको छ। यो योजना यस गाउँपालिकाको शिक्षा सम्बन्धी आवधिक योजना हो यसले गाउँपालिकाको समग्र शिक्षा क्षेत्रलाई अगाडि वढाउन ठुलो सहयोग गर्नेछ।

यो शिक्षा योजना निमार्णमा नेतृत्वदायि भुमिका खेल्ने शिक्षा शाखा तथा यस गाउँपालिका अन्तरगतका विद्यालयका प्र अ शिक्षक तथा शिक्षाकर्मिहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु।

**राम प्रसाद शर्मा**

प्रमुख प्रशासकीय अधिकृत

## शाखा प्रमुख शिक्षा अधिकृतको भनाई

प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशूल्क तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क हुने गरि नेपालको संविद्यानले धारा ३१ मा शिक्षालाई नागरिकको मौलिक हकको रुपमा सुनिश्चत गरेको छ। यसका लागि अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ तथा नियमावली २०७७ ले कानूनी व्यबस्थालाई व्यबहारिक प्रयोगको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। शिक्षा सम्बन्धी विषय हेर्ने केन्द्रीय तहमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। उक्त मन्त्रालयले शिक्षा क्षेत्रको वृहत्तर योजना निमार्ण गरि लागु गर्दछ भने स्थानीय तहमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहमा शिक्षा सम्बन्धी योजना तर्जुमा कार्यन्वयनको जिम्मेवारी र अधिकार स्थानीय तहलाई प्रदान गरिसकेको छ। स्थानीय तह कार्यान्वयनमा आएको पहिलो पाँच वर्ष सम्म शिक्षा सम्बन्धी योजना विना नै कार्यक्रमहरु कार्यान्वयन गरिएकोमा शिक्षा क्षेत्रलाई कसरी योजनाबद्ध रुपमा अगाडि बढाउने भन्ने अन्योलता कायमै रहेको थियो। यसरी आफ्नो अधिकार क्षेत्र भित्र रहेको शिक्षा सम्बन्धी कार्यक्रमलाई व्यबस्थित र प्रभावकारी रुपमा योजनावद्ध ढंगले अगाडि बढाउन यस गाउँपालिकाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राख्दै पहिलो पञ्च बर्षिय शिक्षा योजना २०७९-२०८३ तयार गरि शैक्षिक सत्र २०७९ देखि कार्यान्वयन गर्ने तयारि गरिरहेको छ।

यस शिक्षा योजनाले बालविकास शिक्षा, आधारभूत शिक्षा ,माध्यमिक तहमा साधारण तथा प्रविधिक शिक्षा, शिक्षक शिक्षा विद्यालय तहको पाठ्यक्रम, विद्यार्थी मूल्याङ्कन ,विद्यालयमा दिवा खाजा कार्यक्रम ,आपतकाालीन अवस्थामा शिक्षा शिक्षा क्षेत्रको योजना तथा कार्यक्रम कार्यान्वयनको लागि श्रोतको व्यबस्थापन शिक्षाको आगामी ५ वर्षको मार्गचित्र सहितको कार्ययोजना लाई निश्चत खाकामा ल्याएको छ। यस पञ्च वर्षिय शिक्षा योजनाले ईन्द्रावती गाउँपालिकाको शिक्षाको समग्र पक्षलाई समेटि बालकालिकाको गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकलाई सार्थक रुपमा कार्यान्वयन गर्न सहजता प्रदान गर्नेमा गाउँपालिका विस्वत रहेको छ।

अन्त्यमा यस पञ्च वर्षिय शिक्षा योजना लाई यस स्वरुपमा ल्याउनको लागि सहयोग गर्ने शिक्षा विकास तथा समन्वय इकाई चौतारा,सिन्धुपाल्चोक गाउँपालिकाका पुर्वअध्यक्ष श्री वंशलाल तामाङ र नवनिर्वाचित अध्यक्ष श्री झम्कनाथ नेपाल , जनप्रतिनीधि ज्यू ,गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री राम प्रसाद शर्मा, कर्मचारी, सामुदायिक विद्यालयका प्र अ तथा शिक्षक लगाएत शिक्षा प्रेमी सबैमा शिक्षा शाखा हार्दिक आभार प्रदान गर्दछ।

मिन बहादुर धमाी

शिक्षा प्रमुख

# कार्यकारिणी सारांश

शिक्षा देश विकासको मेरुदण्ड हो । वर्तमान समयमा देश संघिय प्रणालीमा गइसकेको अवस्थामा शिक्षा क्षेत्र पनि संघियता सँगै कार्यान्वयनमा रहेको छ । स्थानीय तहलाई हाल आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार प्रदान गरिएको छ । स्थानीय तहलाई हाल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले जम्मा २३ वटा अधिकारहरु प्रदान गरेको छ । सो अधिकारहरुलाई हाल स्थानीय तहले कार्यान्वयन गरिरहेको अवस्था छ । उक्त अधिकारहरु कार्यान्वयन गर्नको लागि स्थानीय तह अन्तर्गत शिक्षा हेर्ने महाशाखा वा शाखाको स्थापना गरिएको छ ।

मानव जीवन निर्वाह गर्न सचेत प्रस्तिपर्धी तथा दक्ष जनशक्ती उत्पादन गरी समाज र देशको विकास गर्नका लागि शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । समाज र राष्ट्रको दिगो, शान्ति सुशासन, विकास तथा समृद्धिका लागि शिक्षाले महत्वपूर्ण भुमिका खेलेको हुन्छ । यस कारण शिक्षालाई आधुनिक प्रविधि मैत्री, वैज्ञानिक, प्रतिस्पर्धी, व्यवसायिक तथा जीवन उपयोगी बनाउनु अपरीहार्य छ ।

नेपालमा केही दशक देखि शिक्षा क्षेत्रमा सुधारोन्मुख स्थिति देखिएता पनि बालवालिकाको गुणात्मक शिक्षा तथा सिकाइ उपलब्धीमा अपेक्षित नतिजा हासिल गर्न सकिएको छैन । अझै पनि कमजोर आर्थिक अवस्था तथा अपाङ्गता भएका बालवालिकाहरुलाई विद्यालयको पहूँचमा ल्याउन सकिएको छैन । यस कारण ईन्द्रावती गाउँपालिकाले कमजोर आर्थिक अवस्था भएका, अपाङ्गता भएका र अन्य सबै खाले बालवालिकहरुलाई विद्यालयको पहूँचमा ल्याई गुणस्तरीय तथा समतामुलक शिक्षा प्रदान गर्दै, बालवालिकाको कक्षा छोड्ने र कक्षा दोहाचाउने दरलाई न्युनीकरण गरी उनीहरुको सिकाइ उपलब्धी वृद्धि गर्ने, तह पूरा गर्ने दरमा वृद्धि गरी समग्र गाउँपालिकाको शैक्षिक अवस्थामा  सुधार गर्दै जिल्लाको शिक्षा क्षेत्रमा अग्रणी गाउँपालिका बनाउने उद्देश्यका साथ यो शिक्षा योजना तयार गरिएको हो ।

संविधान प्रदत्त मौलिक हक अधिकारको प्रयोग तथा कार्यान्वय गर्दै जनताको सबैभन्दा नजिकको सरकारको हैसियतले सबै नागरिकलाई समतामुलक, गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षा प्रदान गर्नु  सरकारको दायित्व हुन आउछ ।  नेपालको संविधान २०७२ अनुसार देश संघिय गणतन्त्रात्मक राज्य व्यवस्थामा प्रवेश गरिसकेपछि हाम्रो देशमा तीन तहको सरकार क्रियाशील रहेका छन । यी तीनै तहको सरकारको जिम्मेवारीमा शिक्षा क्षेत्रका अधिकारहरु  बाँडफाँड  गरिएका छन । संविधानको अनुसूची ५ मा संघिय सरकारको क्षेत्रभित्र पर्ने अधिकारका बारेमा उल्लेख गरिएको छ भने अनुसूची ६ मा प्रदेश सरकारको अधिकारको सूची उल्लेख गरेको छ । संविधानको अनुसूची ७ मा संघ र प्रदेशले प्रयोग गर्ने संयुक्त अधिकारका सूची समेटिएका छन् । संविधानको अनुसूची ८ मा २२ वटा विषय समेटी स्थानीय तहको अधिकारको सूची उल्लेख गरिएको छ । संविधानको अनुसूची ९ मा उल्लेखित संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारको विषयमा उल्लेख गरेको छ जसमा साझा सूचीको रुपमा शिक्षा खेलकुद तथा पत्रपत्रिका उल्लेख रहेको छ भने शिक्षा सबै तहका सरकारको साझा अधिकारको रुपमा रहेको छ ।  स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा शिक्षा सम्बन्धी स्थानीय सरकारका २३ वटा अधिकार सुचिकृत गरिएको छ । सोही अनुरुप स्थानीय सरकारहरुले आफ्नो क्षेत्रको शैक्षिक अवस्थालाई सुधार गर्न आ-आफ्नो तहमा शैक्षिक योजनाहरु निर्माण गरि शिक्षा क्षेत्रलाई व्यवस्थित गर्ने प्रयत्न गरिरहेको पाइन्छ ।

अनिवार्य तथा  निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ तथा यस सम्बन्धी नियमावली २०७७, राष्ट्रिय शिक्षा नीति, २०७६ तथा बालवालिका सम्बन्धी ऐन, २०७६ पनि कार्यान्वयनमा आईरहेका छन । यी सबै ऐनले संविधानले प्रत्याभुत गरेको शिक्षाको मौलिक हकलाई कार्यान्वयन गर्न सहजीकरण गरेको छ ।

यसै गरी नेपाल सरकारले दिगो विकास लक्ष्य कार्यान्वयन गर्न सहमति जनाएको अवस्था रहेको छ । उक्त दिगो विकासका १७ वटा लक्ष्यहरु निर्धारण गरेको र लक्ष्य नं.४ शिक्षासँग सम्बन्धीत छ । चौथो उदेश्यमा सबैका लागि समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षाको  सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुमा प्रोत्साहित गर्ने उद्देश्य राखेको छ । नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोण सहित पन्ध्रौ योजना २०७७-२०८७ तयार गरी शिक्षाको विकासका लागि नीतिगत प्राथमिकता उल्लेख गरेको छ ।

यी माथि उल्लेखित संवैधानिक अधिकार, नीति नियम तथा योजनाको कार्यान्वयन गरी सबै बालवालिका तथा व्यक्तिलाई समतामुलक, समावेशी, गुणात्मक तथा जीवनपर्यन्त शिक्षाको सुनिश्चिता गर्न तथा  हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमको अवधि २०७८ असारसम्म मात्र रहेको छ र गाउँ पालिकामा पनि शिक्षाको समग्र विकासका लागि शिक्षा क्षेत्रको योजना हालसम्म बनी नसकेको हुँदा यस गाउँपालिकाले २०७९ देखि २०८३ सम्मको ५ वर्षे गाउँ शिक्षा योजना निर्माण गरेको हो ।

यस योजनाले राखेको दिर्घकालीन सोच, लक्ष्य र उद्देश्यलाई योजनाको प्रारम्भिक खण्डमा समावेश गरिएको छ। उल्लिखित दिर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरुलाई पूरा गर्नका लागि विभिन्न रणनीति कार्यनीति र मुख्य क्रियालापहरु समेत प्रस्तावित गरेको छ । यो शिक्षा योजना ५ बर्षे भएकाले ५बर्षको खर्च अनुमान र कार्ययोजना समेत यस योजनाले समेटेको छ । यस योजनामा समावेशी शिक्षालाई अन्तर विषयक सवालका रुपमा समावेश गरिएको छ भने मुख्य विषयगत क्षेत्रको रुपमा निम्न विषयहरुलाई छुटाछुट्टै रुपमा त्यसका रणनीति, कार्यनीति, मुख्य क्रियाकलाप, अपेक्षित उपलब्धीहरु सहित चर्चा गरिएको छ ।

३.१ प्रारम्भिक बालविकास तथा शिक्षा

३.२ आधारभूत शिक्षा

३.३ माध्यमिक शिक्षा

३.४ उच्च शिक्षा

३.५ प्राविधिक तथा व्यवसायिक शिक्षा

३.६ पाठ्यक्रम तथा पाठ्यसामग्री

३.७ शिक्षक व्यवस्थापन र विकास

३.८ विद्यालय नेतृत्व विकास सुशासन र व्यवस्थापन

३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा अनौपचारिक शिक्षा, दुर शिक्षा र खुला सिकाइ

३.१० गुणस्तरीय सार्वजनिक शिक्षा

३.११ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच र समावेशी शिक्षा

३.१२ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

३.१३ आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

३.१४ स्वास्थ्य खानेपानी तथा स्वच्छता

शिक्षा योजनाको अन्तिम खण्डमा बित्तीय व्यवस्थापनका रणनीतिहरु उल्लेख गरिएकोछ। जसमा मुख्यतया बहुक्षेत्र साझेदारी, स्रोतको न्यायोचित वितरण, स्रोतको उचित प्रयोग र व्यवस्थापनमा जोड दिइएको छ । समग्रमा यस शिक्षा योजनाले नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू, १५ वर्षे दिगो विकास लक्ष्य, पन्ध्रौं आवधिक योजनाका लक्ष्यहरू र हालै कोभिड-१९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्न मद्दत गर्ने अपेक्षा गरिएको छ ।

# विषय सूची


१ परिचय............................................................................................................................१
१.१ पृष्ठभूमि.........................................................................................................................१
१.१.१ अवधारणा.....................................................................................................................१
१.१.२ सन्दर्भ र औचित्य : .........................................................................................................३
१.१.३ शिक्षा क्षेत्रको समग्र विश्लेषण ...........................................................................................७
१.१.४ ईन्द्रावती गाउँ शिक्षा योजना निर्माण प्रक्रिया ..........................................................................९
परिच्छेद २: ...........................................................................................................................११–१४
२.१ सन्दर्भ तथा औचित्य.........................................................................................................११
२.२ दीघकालीन राष्ट्रिय सोच.....................................................................................................११
२.३ स्थानीय तहको शिक्षा योजनाको दीर्घकालीन सोच : .......................................................................११
२.४ लक्ष्य ............................................................................................................................११
२.५ उद्देश्य ...........................................................................................................................११
२.६ रणनीति .........................................................................................................................११
२.७ प्रमुख उपलब्धी सूचकहरु ....................................................................................................१२
परिच्छेद : ३ शिक्षाका उपक्षेत्रहरु ..............................................................................................१५
३.१ प्रारम्भिक बालविकास तथा शिक्षा.......................................................................................... १५–२२
३.२ आधारभूत शिक्षा..............................................................................................................२३–३२
३.३ माध्यमिक शिक्षा..............................................................................................................३३–३९
३.४ उच्च शिक्षा ...................................................................................................................४०–४१
३.५ प्राविधिक तथा व्यवसायिक शिक्षा .........................................................................................४२–४५
३.६ पाठ्यक्रम तथा पाठ्यसामग्री ................................................................................................ ४६–५०
३.७ शिक्षक व्यवस्थापन र विकास ............................................................................................. ५१–५७
३.८ विद्यालय नेतृत्व विकास सुशासन र व्यवस्थापन ............................................................................ ५८–६२
३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा अनौपचारिक शिक्षा, दुर शिक्षा र खुला सिकाइ..... ६३–६९
३.१० गुणस्तरीय सार्वजनिक शिक्षा ..............................................................................................७०–७५
३.११ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच र समावेशी शिक्षा...............................................७६–८१
३.१२ शिक्षामा सूचना तथा सञ्चार प्रविधि.......................................................................................८२–८६
३.१३ आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा...........................................................................८७–९१
३.१४ स्वास्थ्य खानेपानी तथा स्वच्छता...........................................................................................८२–९४
परिच्छेद ४........................................................................................................................... ९५
संस्थागत संरचना र क्षमता विकास..............................................................................................९५–९९
४.१ परिचय.................................
४.२ वर्तमान अवश्था
४.३ लक्ष्य
४.४ उदेश्य
४.५ रणनीति
४.६ उपलव्धी, नतिजा, क्रियाकलाप र लक्ष्य
४.७ कार्यक्रम तथा क्रियाकलाप कार्यान्वियन तालिका एवम बजेट विवरण
परिच्छेद ५..........................................................................................................................१००–१०४
कार्यान्वियन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण.......................................................................१००
५.१ परिचय..............................................................................................................................१००

५.२ वर्तमान अवस्था.......................................................................................................................................... १००
५.३ चुनौती ....................................................................................................................................... १०१
५.४ अवसर.........................................................................................................................................१०१
५.५ लक्ष्य ........................................................................................................................................... १०१
५.६ उद्देश्य........................................................................................................................................... १०१
५.७ रणनीतिहरू.................................................................................................................................... १०१
५.८ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य.............................................................................................. १०२
५.९ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरणका प्रमुख क्रियाकलाप तथा गन्तव्य ...................................... १०३
५.१० कार्यक्रम तथा क्रियाकलाप  कार्यान्वयन तालिका एवम् बजेट विवरण ........................................................................ १०४
परिच्छेद ६ लगानी तथा स्रोत व्यबस्थापन..................................................................................................... १०५–१०४
६.१ परिचय ........................................................................................................................................ १०५
६.२ वर्तमान अवस्था .............................................................................................................................. १०५
६.३ लक्ष्य ............................................................................................................................................ १०६
६.४  उद्देश्य ........................................................................................................................................ १०६
६.५ रणनीति तथा कार्यनीति ..................................................................................................................... १०७
६.६ उपलब्धी,नतिजा, क्रियाकलाप, लक्ष्य र बजेट विवरण ..................................................................................... १०७
६.७ लगानी तथा स्रोत व्यवस्थापन विद्यालय क्षेत्र अन्तर्गतका विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट  (रु हजारमा) ............. १०८
परिच्छेद ७: ............................................................................................................................... १०९–१२२
मूख्य क्रियाकलाप र उपलब्धी सूचक ........................................................................................................ १०९
अनुसूची- १  शिक्षा योजना निर्माण मूल समितिको विवरण  ............................................................................. १२३-१२४
अनुसूची- २  गाउँपालिका अन्तर्गतका विद्यालयहरुको विवरण
अनुसूची- ३ गाउँपालिका शिक्षा समितिका पदाधिकारीहरुको विवरण
अनुसूची- ४ गाउँशिक्षा योजना सल्लाहकार समितिको विवरण
सन्दर्भ सामग्रीहरु .................................................................................................................. १२५

# परिच्छेदः १

## परिचयः

### १.१ पृष्ठभूमि

### १.१.१ अवधारणा

शिक्षा सामाजिक तथा आर्थिक विकासको आधार तथा बालबालिकाको नैसर्गिक अधिकार हो । धर्म, जात, वर्ग, समुदाय, लिङ्ग वा अन्य कुनै पनि आधारमा भेदभाव नगरी जुनसुकै परिस्थितिमा रहेका बालबालिकाहरूलाई शिक्षाको हक रहेको छ । नेपालको संविधान (२०७२) ले मौलिक हकको रुपमा निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा लगायत बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गरेको छ । नेपालको संविधान (२०७२), संयुक्त राष्ट्रिय बालअधिकार महासन्धि (सन् १९८९), दिगो विकासका लक्ष्यहरू (सन् २०३०), विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३), स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५, र राष्ट्रिय शिक्षा नीति, २०७६ ईन्द्रावती गाउँपालिकाको शिक्षा ऐन २०७५ हुन् ।

**नेपालको संविधान**

**नेपालको संविधान (२०७२) को धारा १६ देखि ४८ सम्म मौलिक हक र कर्तव्य खण्ड अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था निम्नानुसार गरिएको छ ।**

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनेछ ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
- दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउनका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ ।
- यसै गरी धारा ३९ मा बालबालिकाको हक अर्न्तगत निम्नानुसार व्यवस्था गरिएको छ ।
- बालबालिकालाई परिवार र राज्यबाट शिक्षा तथा प्रारम्भिक बाल विकासको हक हुनेछ ।

**त्यसैगरी भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व अन्तर्गत (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा,**

- शिक्षालाई वैज्ञानिक, प्राविधिक व्यवसायिक, सीपमुलक, रोजगारमूलक एवम् जनमुखी बनाँउदै सक्षम, प्रतिस्पर्धी, नैतिकवान तथा राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने ।
- शिक्षा क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै शिक्षामा भएको नीजि क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने ।
- उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने ।
- नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रबर्द्धन गर्ने ।

### स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी व्यवस्था तपसिल अनुसार उल्लेख गरिएको छ ।

### आधारभूत तथा माध्यमिक शिक्षा

- प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा खुल्ला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन नियमन,

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्यूसन, कोचिंग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,
- अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन आदि ।

**पन्ध्रौ योजना (वि.सं. २०७६– २०८१) मा शिक्षा**

मुलुकको उपलब्ध प्राकृतिक स्रोत, साधन र अन्य सम्भावनाहरुलाई मावन संसाधनको विकासले अवसर र समृद्धिमा परिणत गराउने भएकाले मावन संसाधनको विकासलाई राष्ट्रको मूल धनको रुपमा लिएको पाइन्छ। यिनै दृष्टिकोणका आधारमा हाल सम्म कार्यान्वयन भईसकेका १४ वटा विकास योजनाहरुले शिक्षालाई उच्च प्राथमिकता राखेको देखिन्छ । परिमाणस्वरुप हाल कार्यान्वयनमा रहेका पन्ध्रौ योजनाले २५ वर्षे दीर्घकालीन सोच ‘‘समृद्ध नेपाल सुखी नेपाली” सहित सम्मुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक नागरिक बसोबास गर्ने मुलुकको रुपमा रुपान्तरण गर्ने राष्ट्रिय सङ्कल्प लिएको छ (राष्ट्रिय योजना आयोग, २०७६) । नेपालले वि.सं. २०८७ सम्म दिगो विकास लक्ष्य हासिल गर्दै मध्यम आयस्तर भएको राष्ट्रमा स्तरोन्नती गर्न र वि.सं. २१०० सम्म सम्मुन्नत राष्ट्रको स्तरमा पुऱ्याउन राखिएका दीर्घकालीन राष्ट्रिय लक्ष्य पूरा गर्न शिक्षाको अहम् भुमिका रहेको छ ।

‘‘समृद्ध नेपाल सुखी नेपाली” सङ्कल्प लाई निम्न आधारमा व्यख्या गरेको छ ।

| समृद्धि | सुख |
|---|---|
| • सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तरगत आबद्धता<br>• मानव पूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग<br>• उच्च र दिगो उत्पादन तथा उत्पादकत्व<br>• उच्च र समतामूलक राष्ट्रिय आय | • परिस्कृत तथा मर्यादित जीवन<br>• सुरक्षित, सभ्य र न्यायपूर्ण समाज<br>• स्वस्थ र सन्तुलित पर्यावरण<br>• सुशासन र सबल लोकतन्त्र<br>• राष्ट्रिय एकता, सुरक्षा र सम्मान |

**स्रोतः राष्ट्रिय योजना आयोग, २०७६**

सामाजिक आर्थिक रुपान्तरणका लागि मावन संसाधनको विकास गर्ने सोच सहित गुणस्तरीय शिक्षामार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, नवप्रवर्तनशील र मानवस्रोतको विकास गर्ने लक्ष्य राखेको पन्ध्रौ योजनाले योजना अवधिमा शिक्षासम्बन्धी देहाय बमोजिमको उपलब्धीहरु हासिल हुने अपेक्षा राखेको छ ।

- १५ वर्ष भन्दा माथिको साक्षरता दर ५८  बाट ९५ प्रतिशत पुगेको हुने ।

- युवा साक्षरता दर ९२ बाट ९९ प्रतिशत पुगेको हुने ।
- आधारभूत तहमा खुद भर्नादर ९३ बाट ९९ प्रतिशत पुगेको हुने ।
- माध्यमिक तह (९ देखि १२) मा खुद भर्नादर ४६ बाट ६५ प्रतिशत पुगेको हुने ।
- प्रारम्भिक बालविकासमा खुद भर्नादर शतप्रति पुगेको हुने ।
- काम गर्ने उमेर समूहका प्राविधिक तथा व्यवसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या ३१ बाट ५० प्रतिशत पुगेको हुने ।
- मातृभाषामा पठनपाठन हुने विद्यालय सङ्ख्या २० प्रतिशतले वृद्धि भएको हुने ।
- आधारभूत तहमा महिला शिक्षकको अनुपात कम्तीमा ५० प्रतिशत पुगेको हुने ।
- माध्यमिक शिक्षामा अध्ययन गर्ने मध्ये ३० प्रतिशत प्राविधक धारमा र १५ प्रतिशत विज्ञान विषय अध्ययन गरेका हुने ।
- कक्षा ५, ८, १० र १२ मा विद्यार्थीको उपलब्धी मापन परीक्षा भएको हुने ।

## शिक्षामा नागरिकको पहुँच तथा राज्यको दायित्व सम्बन्धी व्यवस्था

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ । ती संविधानले प्रदत्त गरेका मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गरी सबै नागरिकले शिक्षा पाउने हकलाई सुनिश्चित गर्दै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजबाद उन्मुख राष्ट्र निर्माणमा योगदान गर्ने सक्षम, प्रतिस्पर्धी, नागरिक उत्पादन गर्नु रहेको छ । नेपालको संवैधानिक व्यवस्था बमोजिम २०७५/०६/०२ प्रमाणीकरण भई कार्यान्वयनमा आएको यस ऐनको दफा ३ मा हरेका व्यक्तिको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न देहायको व्यवस्था गरेको छ ।

- प्रत्येक नागरिकलाई गुणस्तरीय शिक्षामा समतामुलक पहुँचको अधिकार हुनेछ । शिक्षा प्राप्त गर्न कसैलाई कुनै पनि आधारमा भेदभाव गरिने छैन
- ।नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार हुने छ ।
- प्रत्येक नागरिकलाई यो ऐन वा प्रचलित कानुन बमोजिम साक्षर हुने, प्रारम्भिक बालविकास शिक्षा तथा आधारभूत शिक्षा, माध्यमिक शिक्षा तथा उच्च शिक्षा प्राप्त गर्ने अधिकार हुने छ ।
- शिक्षा प्राप्त गर्ने प्रत्येक नागरिकलाई यो ऐन वा प्रचलित कानुन बमोजिम विद्यालय वा शिक्षण संस्थामा प्रवेश पाउने, अध्ययन गर्ने,अनुसन्धान गर्ने, परीक्षामा सहभागी हुने वा शैक्षिक प्रमाणपत्र प्राप्त गर्ने अधिकार हुने छ ।
- प्रत्येक निरक्षर नागरिकलाई तोकिए बमोजिम साक्षर हुने अधिकार हुने छ ।
- प्रत्येक नागरिकलाई प्रचलित कानुन बमोजिमको शर्त तथा मापदण्ड पूरा गरी आफ्नो योग्यता, क्षमता तथा रुची अनुसार उच्च शिक्षा प्राप्त गर्ने अधिकार हुने छ ।
- अपाङ्गता भएका नागरिकहरुलाई विशेष शिक्षाको माध्यमबाट समेत शिक्षा प्राप्त गर्ने अधिकार हुने छ ।
- आर्थिक रुपले विपन्न, अपाङ्गता भएका र दलित नागरिकलाई निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने अधिकार हुने छ ।
- जनआन्दोलन, सशस्त्र सघर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहिद, वेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीहरुलाई तोकिए बमोजिम विशेष अवसर पाउने अधिकार हुने छ ।
- प्रत्येक बालबालिकालाई प्रचलित कानुनमा व्यवस्था भए बमोजिमको योग्यता प्राप्त शिक्षकबाट गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार हुने छ ।

## दिगो विकासका लक्ष्यहरू (२०१६-२०३०)

सन् २०३० सम्म विश्वमा निश्चित लक्ष्य हासिल गर्नका लागि १७ वटा दिगो विकासका लक्ष्यहरू निर्धारण गरिएको छ । यी लक्ष्यहरूमध्ये ४ नं. दिगो विकासको लक्ष्यले शिक्षा सम्बन्धी दिगो विकासको लक्ष्य राखेको छ, जसमा सन् २०३० सम्ममा सबैका लागि समावेशी तथा समानतामा आधारित गुणस्तरीय शिक्षाका साथै जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्ने कुराको उल्लेख गरेको छ ।

ईन्द्रावती गाउँपालिका प्राकृतिक तथा भौगोलिक रुपमा अति संवेदनशील अवस्थामा रहेको छ । यस गाउँपालिकाको भू-वनावट कमजोर धरातलमा रहेको हुँदा बर्षेनि ठुलो मात्रामा जनधनको क्षति व्यहोर्दै आएको छ, यसमा पनि शिक्षा क्षेत्र प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभावित भैरहेको छ । यस विषयलाई पनि शिक्षा योजना निर्माणमा समेटनुपर्ने आवश्यकता छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४, ईन्द्रावती गाउँपालिकाले लागु गरेको ईन्द्रावती गाउँपालिका शिक्षा ऐन २०७५ तथा गाउँपालिकाको पहिलो आवधिक योजनाले समेत शिक्षा योजना निर्माण गरि विद्यालय शिक्षालाई सोही अनुरुप कार्यान्वयनमा जाने विषय सुनिश्चित गरेको छ ।

## १.१.२ सन्दर्भ र औचित्य :

नेपालको संविधान २०७२ ले देश सङ्घीय गणतन्त्रात्मक राज्यव्यवस्थामा प्रवेश गरिसके पछि देशमा तीन तहको सरकार क्रियाशील रहेका छन । यी तीनै तहको सरकारको जिम्मेवारीमा शिक्षा क्षेत्रका अधिकार बाँडफाँड गरिएको छ । संविधानको अनुसूची ५ मा

सङ्घीय सरकारको क्षेत्रभित्र पर्ने अधिकारका बारेमा उल्लेख गरिएको छ भने अनुसूचीमा ६ मा प्रदेश सरकारको अधिकारको सूची उल्लेख गरेको छ र यसको अलवा आधारभूत तथा माध्यमिक शिक्षालाई संविधानको अनुसूची ८ ले स्थानीय तहको अधिकारभित्र राखेको देखिन्छ । यसै गरी अनुसूची ९ मा उल्लेखित सङ्घ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारको विषयमा उल्लेख गरेको छ ।

नेपालको संविधान २०७२ ले शिक्षालाई समानता, समावेशी शिक्षा तथा शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेको छ । यी सिद्धान्तलाई व्यवहारिक रुपमा कार्यान्वय गर्न र जनतालाई शिक्षा अधिकार प्रदान गर्न शिक्षा सम्बन्धी बिभिन्न नीति, नियम तथा ऐन बनेका छन । निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा ऐन २०७५ तथा यस सम्बन्धी नियमावली २०७७, राष्ट्रिय शिक्षा नीति २०७६ तथा बालवालिका ऐन २०७५ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ पनि कार्यान्वयनमा रहेका छन । यी सबै ऐनले संविधानले प्रत्याभुत गरेको शिक्षाको मौलिक हकलाई कार्यान्वयन गर्न सहजीकरण गरेको छ ।

यसै गरी नेपाल सरकारले दिगो विकास लक्ष्य कार्यान्वयन गर्न सहमति जनाएको अवस्था रहेको छ, उक्त दिगो विकास लक्ष्यमा १७ वटा निर्धारण गरेको र लक्ष्य ४ शिक्षा सँग सम्बन्धीत छ । चौथो उद्देश्यमा सबैका लागि समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुमा प्रोत्साहित गर्ने उद्देश्य राखेको छ । नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोण सहित पन्ध्रौ योजना २०७७/२०७८–२०८२/२०८३ तयारी गरी शिक्षाको विकासका लागि नीतिगत प्राथमिकता उल्लेख गरेको छ ।

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७५ ले पनि स्थानीय तहले वार्षिक योजना र बजेट तर्जुमा गर्नुपूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पुर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण तयार वा अद्यावधिकको व्यवस्था उल्लेख गरेको छ । उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन २०७५ ले पनि स्थानीय आवश्यकतामा आधारित विषयमा जोड दिई योजना बनाउन सुझाब दिइएको छ ।

संविधानले तोकेका क्षेत्र र अधिकारका आधारमा स्थानीय तहले ऐन, नीति नियम बनाई कार्यान्वयन गर्न सक्ने अधिकार रहेको छ । संविधानले प्रदत्त गरेका शिक्षा सम्बन्धी अधिकार तथा प्रचलिन ऐन नियम कार्यान्वयन गर्नका लागि स्थानीय तहमा विभिन्न ऐन नीति नियम आवश्यक रहेको छ र यस गाउँपालिकाले आवश्यक कानुन निर्माण गरेको छ । यसैगरी विद्यमान नीति नियमलाई व्यहारिक कार्यान्वयन गर्नका लागि गाउँपालिकामा शिक्षा योजनाको आवश्यकता महुशुस गरिएको हुँदा यस पाँच वर्षे शिक्षा योजना निर्माण गरिएको हो ।

## ईन्द्रावती गाउँपालिकाको परिचय :

ईन्द्रावती नदिको किनारमा अवस्थित ईन्द्रावती गाउँपालिका प्राचीन कालमा भगवान इन्द्रको मनोरम स्थलको रुपमा रहेको किम्बदन्ती अनुसार ईन्द्रावती नदिको नामबाट यस गाउँपालिकाको नाम रहन गएको पाइन्छ । तराईको हावापानीसँग मिल्दो जुल्दो ईन्द्रावती नदि तीरको फाँटदेखि उच्च पहाडी भागसम्म फैलिएको यस गाउँपालिका भौगोलिक, सामाजिक, साँस्कृतिक र धार्मिक विविधताले भरिपूर्ण रहेको छ । नेपाल सरकारको मिति २०७३।११।२२ गतेको निर्णय अनुसार साविकका सात वटा गा.वि.स हरु सिम्पालकाभ्रे, कुञ्चोक, नवलपुर, बाँडेगाँउ, सिपापोखरे, भोटसिपा र भिमटार समेटेर ईन्द्रावती गाउँपालिका गठन गरिएको थियो ।

ईन्द्रावती गाउँपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार बागमती प्रदेशमा पर्दछ । ईन्द्रावती गाउँपालिका समुन्द्र सतहदेखि ६५४ देखि २८३५ मिटर सम्मको उचाइमा फैलिएर रहेको छ । भौगोलिक हिसावले ८५ं३४'३५" देखि ८५ं४१'३४" पुर्व देशान्तरसम्म र २७ं४२'१९" देखि २७ं५२'०३" उत्तरी आक्षांशसम्म फैलिएर ईन्दावती नदिको काखमा प्राकृतिक मनोरम संरचना सहित उच्च पहाडी क्षेत्रमा अवस्थित छ । १०५.११ वर्ग कि.मि.क्षेत्रफलमा फैलिएको यस ईन्द्रावती गाउँपालिकाको उत्तरमा पाँचपोखरी थाङपाल र जुगल गाउँपालिका, पश्चिम तर्फ मेलम्ची नगरपालिका, दक्षिणमा काभ्रेपलाञ्चोक जिल्ला र पूर्वमा चौतारा साँगाचोकगढी नगरपालिका र जुगल गाउँपालिका रहेका छन् ।

यस गाउँपालिकामा जातिगत हिसावले तामाङ, ब्राम्हण, क्षेत्री, दनुवार, माझी, नेवार, कामी, दमाई र दशनामी लगायतका मानिसहरुको बसोबास रहेको छ । यस गाउँपालिकामा विभिन्न धार्मिक तथा ऐतिहासिक स्थानहरुमा वर्षेनी हजारौं आन्तरिक तथा बाह्य पर्यटकहरु तथा भक्तजनहरु भ्रमण गर्न आउँछन । यस गाउँपालिका हुँदै बग्ने ईन्द्रावती नदिको वालुवा र गिट्टी गाउँपालिकाको वैकल्पिक आयस्रोत हो ।

यस गाउँपालिकामा प्रशस्त प्राकृतिक स्रोत साधनहरु रहेका छन् । विभिन्न प्रजातिका जडिबुटीहरु, प्रकाष्ठ, खाद्यान्न तथा नगदेवाली यहाँका प्रमुख स्रोतहरु हुन् । यस गाउँपालिकामा धान, मकै, गहुँ, कोदो फापर, आलुका अतिरिक्त मास प्रशस्त मात्रामा उत्पादन हुन्छ ।

## भौगोलिक अवस्थिति :

समुन्द्र सतहबाट ६५४ देखि २८३५ मिटर सम्मको उचाईमा अवस्थित ईन्द्रावती गाउँपालिकालाई भौगोलिक बनावटको दृष्टिले सामान्यतया २ भागमा वर्गिकरण गर्न सकिन्छ ।

**उच्च पहाडी तथा लेकाली भाग** : २२६८ देखि २८३५ मि. सम्मको भागलाई उच्च पहाडी तथा लेकाली भागको रुपमा लिइएको छ । अग्ला चुचुराहरुको दक्षिणी भेगमा रहेको यस भागमा जाडो महिनामा निकै जाडो हुन्छ भने गर्मीमा वातावरण सामान्य रहन्छ ।

यो भेग खेतिपातीको लागि त्यति उपयुक्त नभएपनि यस क्षेत्रमा अलैची, सुन्तला किवी लगायतका फलफूल र अन्य किसिमका जडिबुटीहरु पाइन्छ ।

**पहाडी भाग** : यो प्रदेश ११३४ देखि २२६७ मि सम्मको उचाईमा पर्दछ । यो भेगमा अनगिन्ती पहाडी चुचुराहरु रहेका छन् । जाडोमा त्यति जाडो र गर्मीमा त्यति गर्मी नहुने यस भेगमा खाद्यान्न उत्पादनको हिसावले राम्रो रहेको छ । यो भाग नेपालको मध्यपहाडी श्रृंखला अर्न्तगत पर्दछ । यो भू-भाग खाद्यान्न तरकारी फलफूल उत्पादनको लागी ज्यादै उपयुक्त छ । जंगल र जलाधारको पर्याप्तता भएको यस गाउँपालिकामा साना ठुला गरी धेरै खोलानाला तथा नदिहरु रहेका छन् । यस गाउँपालिकाको प्रमुख जलाधार भनेको ईन्द्रावती नदी हो ।

यस गाउँपालिकाको कुल क्षेत्रफलको ६२.२८ वर्ग कि.मि. खेतिपातीका लागि उपयुक्त रहेको देखिन्छ । २५.९३ वर्ग कि.मि. जमिन जंगलले ढाकेको छ भने ३.४९ वर्ग कि.मि. जलक्षेत्रले ओगटेको छ । प्रमुख खाद्यान्नमा धान, गहुँ , मकै, कोदो, मास, मुसुरो, रहर, तोरी आदि हुन् । यस गाउँपालिकाको भूमिलाई भू-वनोट तथा भू-स्खलन जस्ता प्रवृत्तिका दृष्टिले हेर्दा यहाँको जमिनमा ७ देखि ५६ सम्मको भिरालोपन देखिन्छ ।

## राजनैतिक तथा प्रशासनिक केन्द्र :

संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार पारेको नमुना बमोजिम गठित गाउँपालिका नगरपालिका तथा विषेश संरक्षित वा स्वायत क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पौष २२ गते पेश गरेको प्रतिवेदन अनुसार माननीय सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० गते पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२७ साविकका सिम्पालकाभ्रे, कुञ्चोक, नवलपुर, बाँडेगाँउ, सिपापोखरे, भोटसिपा र भिमटार गा.वि.स.लाई समेटेर १२ वटा वडाहरु कायम गरिएको हो । यसको केन्द्र वडा नं. ४ नवलपुरमा रहेको छ । हाल यहाँ विभिन्न प्रशासकीय भवनहरु निर्माण भैसकेका छन् । ईन्द्रावती गाउँपालिकाको संरचना यस प्रकार रहेको छ ।

## धार्मिक प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु :

विशिष्ट भौगोलिक संरचनाले सिर्जना गरेको हावापानी जनजीवन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारणले नेपाल विश्वमा नै एउटा पर्यटकीय गन्तव्यको रुपमा परिचित छ । पर्यटन हाम्रो लागी प्रकृतिले प्रदान गरेको वरदान हो । अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृङ्खलाहरु अनवरत वग्ने कञ्चन हिम नदिहरु झरना, ताल तलैयाहरु प्राकृतिक गुफाहरु प्राकृतिक विविधतायुक्त वनजंगल यहाँका अमूल्य निधिहरु हुन् ।

यहाँको संस्कृति, जाती तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरु हुन् । सम्पूर्ण पर्यटकीय सम्पत्तिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक समृद्धिमा उल्लेखनीय योगदान पुग्न गई देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ । तसर्थ पर्यटन नीति २०६५ ले मूलभूत रुपमा पर्यटन मार्फत स्वरोजगार सिर्जना गरी गरिबी निवारण मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्न पर्यटन पूर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ ।

अनुपम् प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषिक, बहुधर्म र सामाजिक विविधता एवं ईन्द्रावती गाउँपालिका हरियाली मनोरम दृश्य सेता हिमालको शिर अनि कलकल सुसाउदै बग्ने ईन्दावती काखमा रहेको छ । यस गाउँपालिकामा विशेष पर्यटकीय स्थलहरु नभएपनि गाउँको सुन्दर हरियाली एवं प्राकृतिक मनोरम दृश्य तथा केही मठमन्दिर तथा गुम्बाहरु साथै विभिन्न जातजातिहरुको संस्कृति पर्यटक आकर्षणका कारकहरु हुन् ।

## मुख्य चाडपर्वहरु धर्म संस्कृति :

परम्परागत सँस्कृतिमा आधारित असारे गीत, तिज गीत, देउसी भैलो, झ्याउरे भाका र दोहोरी गीत आदि यस गाउँपालिकामा सर्वाधिक लोकप्रिय छन् । वैशाख पूर्णिमा, ल्होसार, बुद्धपूर्णिमा, असार १५ मा दही चिउरा खाने, साउने संक्रान्ती, नागपञ्चमी, ऋषि तर्पणी, वडा दशै, तिहार, माघे संक्रान्ती, फागु पूर्णिमा (होली), रामनवमी, ठुलो एकादशी, सिठ्ठी, म्हपूजा तथा कोशीपूजा जस्ता पर्वहरु विशेष महत्वका साथ यहाँका जन मानसले मनाउने मुख्य पर्वहरु हुन् । धार्मिक दृष्टिकोणले हेर्ने हो भने यस गाउँपालिकाका अधिकांश हिन्दु धर्मावलम्बी रहेका छन् । २०६८ को जनगनणा अनुसार यहाँको जनसंख्याको ६५ प्रतिशत हिन्दु धर्मावलम्बी रहेका छन भने बौद्ध धर्म मान्नेहरु २६.१ प्रतिशत रहेका छन् । क्रिश्चियन धर्म मान्नेहरुको सङ्ख्या तुलनात्मक रुपमा कम रहेको देखिन्छ ।

ईन्द्रावती गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन् । सबै जातजाती र सम्प्रदायको आ-आफ्नै धर्म संस्कृति र चालचलन तथा रीतिरिवाज रहेका छन् । यहाँको भेषभुषालाई हेर्दा महिलाहरु साडि चोलो, कुर्ता सुरुवाल तथा पुरुषहरुले कमिज सुरुवाल लगाउछन । तर अहिलेको परिवेशमा सबै जातिका युवा युवतीहरुले पैन्ट, सर्ट, टिसर्ट, साडि, ब्लाउज लगाउँछन । गाउँपालिकामा रहेका तामाङ, नेवार, दनुवार, माझी, क्षेत्री तथा ब्राम्हणहरुको रहन सहन र संस्कृति भिन्न भिन्न प्रकारको पाइन्छ ।

मानवीय चालचलन भाषा व्यवहार तथा जनजीवन निश्चित परम्पराबाट अमुर्त हिसावले निर्देशित हुन्छ । दैनिक व्यवहारहरु सञ्चालन गर्न मानिस परिवार र समाजको रुपमा बाँधिएको हुन्छ । विवाह परम्पराले नाता सम्बन्ध स्थापित गर्दछ र यसले परिवारको सिर्जना हुन्छ । जन्म, मृत्यु, विवाह, खानपान, भेषभुषा, चाडपर्व भाषा रहन सहन आदि साँस्कृतिक विशेषताभित्र पर्दछन । यी सभ्यता र संस्कृतिका आयामहरु मानिसको पहिचानका प्रमुख पक्षहरु हुन । साँस्कृतिक गतिविधिहरुले मानिसलाई परिस्कृत जीवन जीउन मद्दत

पुचाउँछ । यसले समाजलाई सङ्गठित र गतिशील तुल्याउँछ । अधिकांश हिन्दु धर्मावलम्बी रहेको यस गाउँपालिकामा अपनाइने प्रमुख संस्कारहरु कुलपुजा, गोठपुजा, विवाह, ब्रतबन्ध, न्वारन, काजक्रिया, बार्षिक काम, तिथी, श्राद्ध, सोह्रश्राद्ध, औँसी, पूर्णिमा, संक्रान्ती , सत्यनाराणको पुजा, एकाह, होमहोमादी, यज्ञ, सप्ताह, रुद्रिपाठ, मलमास, सूर्य ग्रहण तथा चन्द्र ग्रहण इही, विसिका जात्रा गुफा तथा सूर्यदर्शन आदि रहेका छन् । त्यस्तै बौद्ध धर्मावलम्बीहरुको म्हेम्हेख्याप्पा पुजा, चाम्राङपूजा, घेवा, छेवार, झाक्री, लामा वा विभिन्न तान्त्रिक क्रियाकलापहरु फिरफिरे गाड्ने, लुड्दर पूजा लगायत विभिन्न संस्कार रहेका छन् । त्यस्तै क्रिश्चियनहरुको पनि आफ्नो धर्म अनुसारका विभिन्न संस्कारहरु गरिन्छ ।

## आर्थिक अवस्थाः

यस गाउँपालिकाको प्रमुख आयआर्जन कृषि रहेको छ। साथै वैदेशिक रोजगार पशुपालन घरेलु उद्योगहरु अन्य आय आर्जनको रुपमा रहेका छन् । त्यस्तै पसल, होटल, रेष्टुरेन्ट तथा सेवा जस्ता क्षेत्रमा पनि निर्भर रहेको देखिन्छ। केहि मानिसहरु मिल, फर्निचर उद्योग, कुखुरा पालन, पशुपालन लाई पनि आफ्नो व्यवसायको रुपमा अंगालेका छन् । खेतिपातिको हिसाबले धान, गहुँ, मकै , कोदो, आलु लगायतको उत्पादनका लागि प्रसिद्ध छ। त्यस्तै बदाम, सिमी, बोडी, भटमासको उत्पादन हुनुको साथै लप्सीको राम्रो उत्पादनका कारण अचार, माडा , तितौरा बनाउने र बेच्ने चलन रहेको छ। यस गाउँपालिकामा दुध उत्पादन तथा बेचबिखन गर्ने तथा बनस्पति जन्य उत्पादनबाट डोको, नाङलो, थुन्से, डालो, कुच्चो चित्रा, भकारी, मान्द्रो जस्ता सामान उत्पादन तथा बिक्री बितरण, अर्गानिक मौसमी तरकारी तथा फलफूल सङ्कलन र बेचविखन गरी जिविकोपार्जन गर्नेको सङ्ख्या पनि धेरै छन् ।

कृषि एवं बनस्पतिजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता गाउँपालिकामा अन्य उद्योगधन्दाको समेत विकास र बिस्तारको सम्भावना रहेको छ । त्यसै गरी गाउँपालिकामा ठूलो मात्रामा रहेको बनजङ्गल तथा जैविक विविधताले गाउँपालिकाले आफ्नै गाउँमा रोजगारी सिर्जना गर्नका लागि सिपमूलक र आयमूलक शिक्षाको माध्यमबाट विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्न सकिन्छ। पशुपालन, मत्स्यपालन, मौरीपालन, पुष्प व्यवसाय, सिकर्मी, डकर्मी, तरकारी र फलफूल खेतीमा आधारित शिक्षालाई आधारमानी शैक्षिक कार्यक्रमहरु सञ्चालन गरेमा स्थानीय रोजगारीमा वृद्धि हुन सक्छ। काठमाण्डौँको बजार नजिक हुने हुनाले यहाँ उत्पादित वस्तु सजिलै बेचबिखन हुन सक्नु यसको अर्को फाइदा हो । यस गाउँपालिकाभित्र बसोबास गर्ने अधिकांश मानिसहरुको आर्थिक अवस्था कमजोर भएको असर विद्यालय उमेरका बालवालिकामा परेको छ। यसको कारण कतिपय विद्यार्थीहरु घरायसी कामकाजमा लाग्नुपर्ने बाध्यताको कारण विद्यालयमा नियमित उपस्थित हुन नसक्ने अवस्था छ। यसका अतिरिक्त आर्थिक अभाव र देखासिकीका कारण सानै उमेरमा विवाह तथा विदेशिने र बिचैमा पढाइ छोडेर अन्य काममा लाग्न बाध्य भएको पाइन्छ।

## बैंक तथा वित्तीय संस्थाहरु :

गाउँपालिकामा उद्योग ब्यापार लगायतका क्षेत्रमा लगानी गर्न स्थानीय स्तरका र राष्ट्रिय स्तरका बैंक तथा वित्तीय संस्थाहरु, विभिन्न सहकारी संस्थाहरु तथा विभिन्न समूहहरु मार्फत कर्जा लगानी हुने गरेको छ । त्यसैगरी गाउँपालिका बासीहरुसँग रहेको रकमलाई निक्षेपको रुपमा स्वीकार गरी बचत पनि गर्दै आएका छन् । गाउँपालिकामा आर्थिक एवम् सामाजिक विकासको लागि यहाँका बैंक तथा वित्तीय संस्थाहरुको महत्वपूर्ण भूमिका रहेको छ । ति संस्थाहरुले स्थानीय स्तरको बचतलाई गाउँपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रका विभिन्न आयमुलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कम हुने भएकोले वित्तीय क्षेत्रमा जनताको पहुँच समेत बढेको छ ।

## कृषि :

नेपालमा करिब ६३ प्रतिशत जनता आफ्नो जीविकोपार्जनको लागि कृषि पेशामा निर्भर रहेको छ। नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ । गाउँपालिकाको ठूलो क्षेत्रफल पहाडी भूभागले ओगटेको भएता पनि कुल क्षेत्रफलको ५९.२५ प्रतिशत जमिन कृषिका लागि उपयोगी रहेको छ । सामान्यतयाः कृषि प्रणालीका मुख्य बालीहरुमा मकै, धान, गहुँ र कोदो आदि हुन् । त्यसै गरी दलहन बालीमा बोडी, मास, मुसुरो, केराउ, गहत, भटमास आदि उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, बदाम, तिल, रायो, सर्स्यु आदि उत्पादन गरिन्छ भने तरकारी खेतीमा आलु काउली फर्सी, लौका, सिमी, इस्कुस घिरौला, रायो, बन्दा, प्याज, भिण्डी, लसुन, बेसार लगायतका उत्पादन हुन्छ। फलफूलमा आँप, नास्पाती, हलुवाबेद, खुपानी आरु, अप्सी, केरा, अम्बा, सुन्तला, कागती ज्यामिर भोगटे आदि उत्पादन हुन्छ । तरुल, पिँडालु, सखरकन्द जस्ता कन्दमूल पनि उत्पादन हुन्छ । गाउँपालिकामा सबैभन्दा ठूलो क्षेत्रफलमा खाद्यान्न दलहन र तरकारी बाली लगाइने गरेको छ भने तुलनात्मक रुपमा सानो क्षेत्रफलमा फलफूल बाली लगाइने गरेका छन् । स्थानीय उत्पादनको वृद्धि र विकास गर्न बजारीकरण तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नुपर्ने चुनौतिको रुपमा रहेको छ। कृषि क्षेत्र आधुनिकीकरण नहुनु बजार व्यवस्थापनको अभाव सिंचाईको व्यवस्था नहुनु, नयाँ रोग, किरा र बाँदरको प्रकोपका कारण यस क्षेत्रबाट बिमुख भैरहेका छन् ।

## यातायात

सडक भौतिक तथा सार्वजनिक पूर्वाधारको आधार वा माध्यम हो । यस गाउँपालिकामा सडकको सञ्जालको अवस्था त्यति सहज छैन् । यहाँ करिब २ कि.मि. बाहेक अरु कालोपत्रे सडक छैन । ईन्द्रावती नदि र झ्याडीखोला वारीपारी रहेको सडक संञ्जालले यस गाउँपालिकाको यातायात सम्पर्क स्थापित गरेको छ । यहाँका सडकहरु कच्ची भएको हुँदा वर्षायाममा सडक सञ्जालमा अवरोध ल्याउछ । यस गाउँपालिकाका अधिकांश वडाहरु सम्म कच्ची सडकले छोएको छ । गाउँपालिकाको केन्द्र नवलपुरबाट मेलम्ची ,

जिल्ला सदरमुकाम चौतारा र सिपाघाट हुँदै राजधानी काठमाण्डौं जाने सार्वजनिक यातायातका साधनहरु नियमित रुपमा हिउँद वर्षा नै सञ्चालनमा छन् । यस गाउँपालिकामा उत्पादित बस्तुहरु जिल्लाका अन्य क्षेत्रहरुमा र काठमाण्डौं र काभ्रे पलाञ्चोक जिल्लाका बजारमा सहजै पुगेका छन् । सबै वडा र बस्तीहरुमा सवारी साधन सहजै पुर्‍याउनका लागि केहि स्थानहरुमा पक्की पुल र सडकको स्तरोन्नति गर्न आवश्यक छ । अधिकांश माध्यमिक विद्यालयहरु सडकले जोडेको छ । मेलम्चीबाट नवलपुर हुदै चौतारा जोड्ने सडक , नवलपुर सिपाघाट सडक स्तरोन्नति गरी कालोपत्र गर्नु अति जरुरी देखिन्छ ।

## नदीतथा खोलाहरु :

गाउँपालिकाको विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरुमा फैलिएर रहेका नदिनाला तथा खोलाहरुले प्रशस्त मात्रामा जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलधार र पशुपन्छिहरुलाई सुरक्षित आश्रय स्थल दिइरहेको पाइन्छ । साथै त्यस्ता नदी र खोलाहरुबाट पशुपन्छिलाई पिउने पानी र किसानहरुले खेत बारीमा सिंचाईको लागि पानी प्रयोग गरेको पाइन्छ । मानव बस्तीको विकास र बसाईसराईको चापको साथै अनुत्पादक पशुहरुको अत्याधिक चरिचराउ र उपभोगले प्राकृतिक नदि र खोलाहरुमा भुक्षय भै पुरिने क्रम जारी छ । यस गाउँपालिकामा रहेका प्रमुख खोला तथा नदिहरुमा ईन्द्रावती नदी र भ्याडी खोला हुन ।

## विद्युत :

विद्युत तथा उर्जा दैनिक जीवन यापनको लागि मात्रै नभई विकासको लागि समेत अत्यावश्यक पूर्वाधार हो । यस गाँपालिकाको अधिकासं घरमा बिद्युतको पहुँच राम्रो देखिन्छ । साथै गाउँपालिकामा लघुविद्युत परियोजना समेत रहेको छ । कुल ६२११ घरधुरी मध्ये ५७०३ धरधुरीमा दैनिक बत्ति बाल्नको लागि बिद्युतको प्रयोग भएको देखिन्छ । गाउँपालिकामा बत्ति बाल्न बिद्युतको प्रयोग गर्ने घरधुरी संख्या ५७०३ रहेको छ भने ४६९ घरधुरी (७.५५ प्रतिशत) ले मट्टितेल , ४ (०.०६४ प्रतिशत) घरधुरीले सोलार, र २ ( ०.०६ प्रतिशत) ले गोवर ग्याँस लाई साधनको रुपमा प्रयोग गरेको पाइन्छ ।

## जनसाङ्खिक अवस्था :

कुनै स्थानको जनसंख्या विकासको स्रोत र साधन दुबै भएकोले योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षको अध्ययन र विश्लेषण हुनु आवश्यक हुन्छ । राष्ट्रिय जनगनणा २०६८ अनुसार यस गाउँपालिकाको जनसंख्या २८५१६ रहेको छ । जसमध्ये पुरुष ४६.९१ प्रतिशत (१३३७६ जना) र महिला ५३.०९ प्रतिशत (१५१४१ जना रहेको छ । सोही तथ्यांक अनुसार लैङगिक अनुपात प्रति १०० महिलामा पुरुषको संख्या ८८.३४ प्रतिशत रहेको छ । कुल जनसंख्या मध्ये सबैभन्दा बढी तामाङ जाती ७४१४ जना (२६ प्रतिशत), दोश्रोमा ब्राम्हण (पहाडी) ४२८३ (१५.०२ प्रतिशत), र तेश्रोमा ४१८४ (१४.६७ प्रतिशत) रहेको छ । जनघनत्व प्रति वर्ग किलोमिटर २७१ रहेको छ । उमेर समूहको हिसावले कुल जनसंख्या मध्ये ५४.५८ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका , ३४.५५ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेर समूहका, २३.९३ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका मानिसहरु रहेका छन् । यस गाउँपालिकामा ६२११ घर परिवार रहेका छन् । २०६८ को जनगनणा अनुसार यस गाउँपालिकाको कूल जनसंख्याको २.४२ (६९०) जना अपाङ्गता भएका मानिसहरु रहेका छन् । जसमध्ये पुरुष ३८० र ३१० जना महिला रहेका छन् । हाल गाउँपालिकामा प्रति परिवार औषत ४.५९ जना सदस्य रहेको देखिन्छ । यस गाउँपालिकामा ६ वर्ष र सो भन्दा माथिको साक्षरता दर ५८.७८ रहेका छ ।

## १.१.३ शिक्षा क्षेत्रको समग्र विश्लेषण

विकासको प्रमुख आधारशीला शिक्षा नै हो । शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तरनिहित प्रतिभाहरुको विकास हुनुका साथै समग्र समाज र राष्ट्र नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ । सचेत अनुशासित तथा उत्पादनशिल कर्तव्यनिष्ठ जनशक्ति निर्माण गर्नको लागि शिक्षा क्षेत्रको सर्बोपरी भूमिका अनिवार्य रहन्छ । शिक्षाले ज्ञान र सिपको प्रयोगात्मक परिवर्तन ल्याउने पिछडिएको विपन्न र अभावग्रस्त वर्गको पक्षपोषण गर्न अबोध वालवालिका एवं आवाज विहिनका पक्षमा रहेर देशलाई समृद्ध बनाउने परिकल्पना लाई साकार पार्नु पर्दछ । सामाजिक मानवीय मूल्यमान्यता र आत्मविश्वास जस्ता आधारभूत समग्र पक्षको विकास गर्न सघाउनु नै गुणस्तरीय शिक्षाको विशेषता हो । यस्तो शिक्षामा विश्लेषनात्मक र मौलिक सोचको पर्याप्तता हुनु पर्दछ । निर्दिष्ट सिकाइ मात्र स्तरीयता होईन । आज व्यवहारिक परिवर्तन श्रम सँगको अवस्था जीवन उपयोगी खोज अनुसन्धान देश र संस्कृति प्रति प्रेम नैतिक जिम्मेवारी रोजगारीको अवसर, मौलिक रुपमा विज्ञानको उपयोग गर्न स्तरीय शिक्षाको आवश्यकता छ । नेपालको संविधान २०७२को भाग ३ को धारा ३१ मा शिक्षा सम्बन्धी मौलिक हकको व्यवस्था गरिएको छ ।

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेका शिक्षा क्षेत्रमा ईन्द्रावती गाउँपालिका सिन्धुपाल्चोक जिल्लाका अन्य गाउँपालिकाको तुलनामा केहि अगाडि रहेको देखिन्छ । जनगनणा २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ६८.३० प्रतिशत (नेपालको ६५.०९) रहेको छ । गाउँपालिकामा पुरुष साक्षरता दर ८१.५७ प्रतिशत र महिलाको ५८.५४ प्रतिशत रहेको छ । पुरुष र महिलाको दरमा लगभग २२.९४ प्रतिशत फरक देखिन्छ ।

यस गाउँपालिकामा कुल जनसंख्याको स्थिति वर्णन गर्ने पर्दा सबै भन्दा बढि साक्षरता दर बढि भएको वडा नं. ६ मा ६५.१९ प्रतिशत रहेको छ । जसमध्ये पुरुष साक्षरता दर ७५.८५ प्रतिशत र महिला साक्षरता दर ५५.६७ प्रतिशत रहेको छ । त्यसै गरी सबै भन्दा कम साक्षरता दर वडा नं. १ रहेको छ । जसमध्ये पुरुषको साक्षरता दर ५१.०६ प्रतिशत र महिलाको साक्षरता दर ३७.४८ प्रतिशत रहेको छ ।

यस गाउँपालिकामा विभिन्न शैक्षिक तह उतीर्ण गरेका जनशक्ति रहेका छन् । जसमा ६३८, (४१.१ प्रतिशत) स्कुल नगएका, ७५९५ जना ( ४८.९७ प्रतिशत) प्राथमिक तह, ८२४८ जना (२१.१६ प्रतिशत) नि.मा.वि. तह, १४३० जना (९.२१ प्रतिशत ) मा.वि. तह , ८६३ (५.५६ प्रतिशत) एस.एल.सी. तह , ४५२ जना (२.९१ ) प्रतिशत प्रमाण पत्र तह, १०५ (०.६८ प्रतिशत) स्नातक तह, ३७ जना (०.२४ प्रतिशत ) स्नाकोत्तर तह र सो भन्दा बढि अध्ययन गरेको देखिन्छ भने १०३४ जना (६.६८ प्रतिशत) ले अनौपचारिक शिक्षा हासिल गरेको देखिन्छ ।

## विषयगत शैक्षिक जनशक्ति विवरण

जनगणना २०६८ को तथ्यांक अनुसार यस गाउँपालिकामा विभिन्न संकायहरुमा अध्ययन गरेको छ । जस अनुसार यस गाउँपालिकामा सबै भन्दा बढि मानविकी र कला संकायमा अध्ययन गर्नेको संख्या १५१ जना २५.४२ प्रतिशत रहेको छ भने दोश्रोमा शिक्षा विषय लिएर अध्ययन गर्नेको संख्या १९७ जना ३३.१६ प्रतिशत, तेश्रोमा व्यापार प्रशासन विषय लिएर अध्ययन गर्नेको संख्या २८ जना ( ४.७१ प्रतिशत ) रहेको छ भने विज्ञान विषय लिएर अध्ययन गर्नेको संख्या १२ (२.०२ प्रतिशत ) रहेको छ । स्वास्थ्य, ईन्जीनियरिङ, निमांण, कृषि,वन र मत्स्य , सामाजिक व्यवहारिक विज्ञान गणितिय तथ्यांक विषय लिएर अध्ययन गर्नेको संख्या अत्यन्त कम रहेको देखिन्छ । भने १६० जना (२६.९७ प्रतिशत) उल्लेख नभएको देखिन्छ ।

उमेर समूह अनुसार जनसंख्या र विद्यालय गइरहेको जनसंख्या

३ वर्ष देखि ४ वर्ष समूहका बालबालिकाको संख्या मध्ये ६७९ बालबालिका

५ वर्ष देखि १२ वर्ष उमेर समूहका बालबालिकाको संख्या ९७.४२ प्रतिशत विद्यालय गैरहेको देखिन्छ । भने २.५८ प्रतिशत विद्यालय नगएको देखिन्छ । त्यसै गरी १३ वर्ष देखि १४ वर्ष उमेर समूहका जनसंख्याको ९३.५२ प्रतिशत विद्यालय गएको र ६.४८ प्रतिशत नगएको देखिन्छ । त्यसै गरी १५ वर्ष देखि १७ वर्ष उमेर समूहका जनसंख्या मध्ये ७६.९२ प्रतिशत विद्यालय गएको देखिन्छ भने २३.०८ प्रतिशत विद्यालय नगएको देखिन्छ ।

## गाउँपालिकामा रहेको शिक्षण संस्थाको विवरण

## क. शैक्षिक पूर्वाधार तथा सेवा

विकासको प्रमुख आधारशीला शिक्षा नै हो । शिक्षाको माध्यमबाट व्यक्ति अन्तर निहित प्रतिभाहरुको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भने सर्वमान्य सिद्धान्त रहि आएको छ । सचेत अनुशासित तथा उत्पादनशील जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रमा नै सर्वोपरी भूमिका रहन्छ । गाउँपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धी हासिल हुन सकेको छैन । तथापि योजनाबद्ध रुपमा शैक्षिक पूर्वाधार एवं सेवा विस्तार गर्ने प्रयास भने हुँदै आएको छ । योजना निर्माणमा गरिवी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संसाधन विकासको एक शसक्त माध्यमको रुपमा नीतिगत रुपमा अवलम्बन गरिएको छ । स्थानीय स्वायत्त शासन ऐन २०५५ लागु भएपछि स्थानीय सरकारको रुपमा गाउँपालिकाको समग्र विकासको निम्ती गाउँपालिका लाई नयाँ र गहन जिम्मेवारीहरु थपिदै आएको छ ।

शिक्षा क्षेत्रको परिसुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ । यसै अनुरुप यस गाउँपालिकामा आर्थिक वर्ष २०७८।०७९ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्था हरुको विवरण तालिकामा दिईएको छ । गाउँपालिकामा पठनपाठनका लागि सामुदायिक बालविकास केन्द्र ८ वटा , आधारभूत तहको विद्यालय ३९ र माध्यमिक विद्यालयको संख्या १२ वटा गरी जम्मा ५९ वटा सामुदायिक शिक्षण संस्थाहरु रहेका छन् ।

## विद्यालय शिक्षाका मुख्य क्षेत्रका मुख्य चुनौतीहरु

- सबै बालवालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको समायोजन तथा पुनर्वितरण गरि मापदण्ड अनुसार सञ्चालन गर्ने,
- प्रारम्भिक बालविकास शिक्षा चार वर्षका बालवालिकाहरुका लागि लक्षित गरि सञ्चालन गरिने कार्यक्रम भए पनि चार वर्षभन्दा कम उमेरका बालवालिकाहरु पनि सहभागि हुनु,
- नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालवालिकाको पहूँच र सहभागिताको सुनिश्चित गर्ने ।
- सबै विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु,
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास गर्ने
- विद्यालय शिक्षाको पहूँच, सहभागिता र उपलब्धीमा प्रदेशगत, सामाजिक सांस्कृतिक परिवेश आर्थिक अवस्था लगायतमा आधारित भिन्नताहरु कायम रहनु,
- व्यवहारकुशल सिपहरुलाई विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि माध्यमिक तहसम्म नै एकिकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्नु
- पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढाउनु,
- पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सान्दर्भिक बनाउने, शिक्षक विकास तथा तयारीलाई प्रभावकारी बनाउनु

- शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङकन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र शिक्षा पद्धतिको कार्यकुशलता वृद्धि गर्ने ।
- माध्यमिक तहमा व्यवसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन गर्ने ।
- सूचना तथा सञ्चार लगायतका प्रक्रियामा शिक्षक तथा विद्यार्थीको पहूँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने ।
- विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउनु ।
- बालवालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न दिवा खाजालगायत सरसफाई तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत प्रदान गर्ने ।
- छात्रवृति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुबिधाबिहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालवालिकाहरुलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धी सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्ने ।
- विद्यालयलाई भय, बिभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामुलक बनाउनु ।
- साक्षरता निरन्तर शिक्षा र जिवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भइ शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्याक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने ।
- संघीय संरचना बमोजिम सरकारका सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखि व्यवस्थापन तथा सुशासन प्रर्वद्धन गर्न संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गर्ने ।
- सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्ने ।

**शिक्षा क्षेत्रका मुख्य अवसरहरु**

उल्लेखित चुनौतिहरु समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरु उपलब्ध हुनेछन् ।

- विगत केहि दशकदेखि विद्यालय शिक्षाको पहूँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरुले विकास गरेका संरचना तथा क्षमता पुर्वाधारका रुपमा रहन सक्ने,
- आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको,
- दिगो विकास लक्ष्य प्राप्तिका लागि बहुपक्षिय तथा द्विपक्षीय सहकार्य तथा सहयोगको प्रतिबद्धता रहेको,
- शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रुपमा सहमति देखिएको,
- लामो समयदेखि सरकार तथा विकास साझेदारहरुबिच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यान्वयन भइरहेको,
- सघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरुप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको,
- विद्यालय शिक्षाका लागि आवश्यक केहि संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यान्वयनमा उपयोग गर्न सकिने,
- राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको,
- विद्यार्थी उपलब्धीको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरुले प्रमाणमा आधारित सुधारका लागि सहयोग गर्ने,
- सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको,
- यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षण बढ्न सहयोग पुग्न सक्ने ।

## १.१.४ ईन्द्रावती गाउँ शिक्षा योजना निर्माण प्रक्रिया

- अध्यक्षको अध्यक्षतामा सल्लाहकार समिति गठन ।
- सामाजिक विकास समितिको संयोजकको संयोजकत्वमा योजना कार्यदल गठन ।
- शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखको संयोजकत्वमा परामर्शदाता समूहको गठन ।
- शिक्षा अधिकृतको संयोजकत्वमा विषयगत योजना मस्यौदा लेखन कार्यदल गठन ।

योजना निर्माण प्रक्रियामा सरोकारवालाहरुको स्वामित्व र सहभागिताले (Ownership and participation) महत्व पाउनुपर्छ । यो निर्माणको प्राविधिक पाटोले वर्तमान अवस्था र आवस्यकताको विश्लेषणमा सघाउने मात्र होइन । यसले त हाम्रा नीति, कार्यक्रम र लगानीले कसरी र कुन मात्रामा अपेक्षित दिशमा र बिन्दुमा पुग्न सहयोग गर्छन भनेर तालमेल कायम गर्न सघाउने अपेक्षा गरिन्छ । यसै तथ्यलाई मध्यनजर गरी इन्दावती गाउँपालिकाले २०७८ साल कार्त्तिकदेखि यो शिक्षा योजना निर्माण प्रक्रियालाई थालनी गरेको थियो । जसका लागि देहायका चरणहरुमा कार्य अगाडी बढेको थियो ।

**क) प्रथम चरणः**

## योजना निर्माण पूर्वको तयारी

यस गाउँपालिक ५ बर्षे गाउँ शिक्षा योजना निर्माणका लागि गाउँपालिकाको सामाजिक विकास समितिमा आवश्यक छलफल भई आ.ब. २०७८।७९ मा आवश्यक पर्ने बजेटको व्यवस्था गरी यस गाउँपालिकाका सामाजिक विकास समितिका संयोजक श्री बाबुराम लामाज्यूको संयोजकत्वमा गाउँ शिक्षा योजना निर्माणका लागि मुल समिति गठन गरियो । त्यस मातहतमा रहने गरी शिक्षा प्रमुख श्री मिन बदादुर धामीज्यूको संयोजकत्वमा ७ सदस्यीय प्रविधिक तथा मस्यौदा लेखन समिति गठन गरिएको थियो । प्रविधिक तथा मस्यौदा समितिका पदाधिकारीहरुलाई गाउँ शिक्षा योजना निर्माण सम्बन्धी अभिमुखीकरण गरिएको थियो । यसरी गाउँ शिक्षा समिति तथा लेखन समितिले पहिलो मस्यौदा निर्माण गरी थप सल्लाह सुझावका लागि जननिर्वाचित पदाधिकारी तथा शिक्षा सरोकारवालाहरुसंग मस्यौदामाथि सल्लाह सुझाब सङ्कलन र प्राप्त सल्लाह सुल्लाह सुझावलाई समेटी गाउँ शिक्षा योजनालाई अन्तिम रुप प्रदान गरी प्रमाणीकरणका लागि गाउँकार्यपालिकामा पेश गरिएको थियो । यसमा तल उल्लेखित समितिको गठन गरेको बिवरण उल्लेख छ ।

### ख) दोस्रो चरण

### योजना विकास

मस्यौदा कार्यदलको बैठक बसी योजना निर्माणका लागि शिक्षा विकास तथा समन्वय ईकाई सिन्धुपाल्चोक र **NEGRP** को सहजीकरणमा मस्यौदा समितिलाई योजना निर्माणका लागि अभिमुखीकरण गरियो । तत्पश्चात मस्यौदा लेखन समितिले गाउँ शिक्षा योजना निर्माणका लागि चाहिने आवश्यक तथ्याङ्क तथा सूचना सङ्कलन कार्य अगाडी बढाई मस्यौदा लेखन कार्य सुरु गरियो । विभिन्न चरणमा मस्यौदा कार्यदलको बैठक बसी प्राप्त तथ्यांक र जानकारीका आधारमा गाउँपालिकाको योजनाले गरेको मार्गदर्शन, तथ्यको विश्लेषण, प्राथमिकता निर्धारण, दृष्टिकोण, उद्देश्य, रणनीति, कार्यक्रम, कार्ययोजना, नतिजा खाका विकास आदि कार्यहरु सम्पन्न गरिएका थिए ।

### ग) तेस्रो चरण

### अन्तिमिकरण

यस योजनाको तेस्रो चरणमा मिति २०७८।९।२७ गते देखि २९ गते शिक्षा विकास तथा समन्वय इकाई सिन्धुपाल्चोक सहिजीकरण र **EGRP** जिल्ला संयोजक श्री कृष्ण खतिवडाको प्राविधिक सहयोगमा यस गाउँपालिकाको गाउँ शिक्षा योजना मस्यौदा लेखन समितिले तयार गरेको गाउँ शिक्षा योजनालाई विज्ञहरुको सहयोगमा पुनरावलोकन गरी अन्तिम रुप दिईयो ।

### घ) चौथो चरणः

### योजना निर्माण सम्पन्न र स्वीकृति

यस योजनाको चौथो चरणमा मस्यौदा समितिले तयार पारेको गाउँशिक्षा योजनालाई गाउँपालिकाको गाउँ शिक्षा समितिमा पेश गरी प्राप्त राय सुझाव तथा पृष्ठपोषणका आधारमा अनुमोदन तथा प्रमाणिकरणका लागि गाउँपालिकाको कार्यपालिकाको मिति २०७९।०३।७ गतेको को बैठक बाट स्वीकृत गरियो ।

## परिच्छेद २
## गाउँपालिकाको नयाँ शिक्षा क्षेत्र योजना

परिच्छेद एकमा उल्लेख गरिएको यस गाउँपालिकाको शैक्षिक परिवेशको समीक्षा सहित उठान गरिएको मुख्य चुनौती तथा अवसर र सम्भावनाहरुले नेपालको विद्यालय शिक्षाको आगामी ५ वर्षको मार्ग पहिचनाको लागि आधार सिर्जना गरेका छन । यही सन्दर्भलाई दृष्टिगत गरी यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ, निरन्तर शिक्षा तथा जीवपर्यन्त सिकाइमा नेपालले वि.सं. २०८७ सम्मा प्राप्त गर्ने उपलब्धीहरुलाई समेटेने गरी यस परिच्छेदमा योजना सोच , दूरदृष्टि, उद्देश्यहरु रणनीतिहरु तथा प्रमुख उपलब्धी प्रस्तुत गरिएको छ ।

### २.१ सन्दर्भ तथा औचित्य

नेपालको संविधान २०७२ ले देश सङ्घिय गणतन्त्रात्मक राज्य व्यवस्थामा प्रवेश गरिसके पछि देशमा तीन तहको सरकार क्रियाशील रहेका छन् । यी तीनै तहको सरकारको जिम्मेवारीमा शिक्षा क्षेत्रका अधिकार बाँडिएको छ। संविधानको अनुसूची ५ मा सङ्घिय सरकारको क्षेत्रभित्र पर्ने अधिकारका बारेमा उल्लेख गरिएको छ भने अनुसूचीमा ६ मा प्रदेश सरकारको अधिकारको सूची उल्लेख गरेको छ र यसको अलवा आधाभुत तथा माध्यमिक शिक्षालाई संविधानको अनुसूची ८ ले स्थानीय तहको अधिकार भित्र राखेको देखिन्छ. यसै गरी अनुसूची ९ मा उल्लेखित सङघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारको विषयमा उल्लेख गरेको छ ।

नेपालको संविधान २०७२ ले शिक्षालाई समानता, समावेशी शिक्षा तथा शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेको छ । यी सिद्धान्तलाई व्यवहारिक रुपमा कार्यान्वय गर्न र जनतालाई शिक्षा अधिकार प्रदान गर्न शिक्षा सम्बन्धी बिभिन्न नीति, नियम तथा ऐन बनेका छन । निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा ऐन २०७५ तथा यस सम्बन्धी नियमावली २०७७, राष्ट्रिय शिक्षा नीती २०७६ तथा बालवालिका ऐन पनि कार्यान्वयनमा आइरहेका छन । यी सबै ऐनले संविधानले प्रत्याभुत गरेको शिक्षाको मौलिक हकलाई कार्यान्यिन गर्न सहजीकरण गरेको छ ।

यसै गरी नेपाल सरकारले दिगो विकासका लक्ष्य कार्यान्यन गर्न सहमति जनाएको अवस्था रहेको छ । उक्त दिगो विकास लक्ष्यमा १७ वटा निर्धारण गरेको र लक्ष्य ४ शिक्षा सम्बन्धी सम्बन्धीत छ । चौथो उद्देश्यमा सबैका लागि समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चिचता तथा आजीवन सिकाइका अवसरहरुमा प्रोत्साहित गर्ने उद्देश्य राखेको छ । नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोण सहित पन्ध्रौ योजना २०७७ / २०७७–२०८३ तयार गरि शिक्षाको विकासका लागि नीतिगत प्राथमिकता उल्लेख गरेको छ ।

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ ले पनि स्थानीय तहले वार्षिक योजना र बजेट तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पुर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण (Profile) तयार वा अद्यावधिक व्यवस्था उल्लेख गरेको छ । उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन २०७५ ले पनि स्थानीय आवश्यकतामा आधारित योजनामा जोड दिई योजना बनाउन सुझाव दिएको छ ।

संविधानले तोकेका क्षेत्र र अधिकारका आधारमा स्थानीय तहले ऐन, नीति नियम बनाई कार्यान्वयन गर्न सक्ने अधिकार रहेको छ.। संविधानले प्रदत्त गरेका शिक्षा सम्बन्धी अधिकार तथा प्रचालिन ऐन नियम कार्यान्वयन गर्नका लागि स्थानीय तहमा बिभिन्न ऐन नीति नियम आवश्यक रहेको छ र यस गाउँपालिकाले आवश्यक कानुन निर्माण गरेको छ. यसै गरी विद्यमान नीति नियमलाई व्यहारिक कार्यान्वयन गर्नका लागि गाउँपालिकामा शिक्षा योजनाको आवश्यकता र महसुसीकरण गरिएको हुँदा साथै यस दश वर्षे शिक्षा योजना निर्माण गरिएको हो ।

### २.२ समग्र योजनाको दीर्घकालीन राष्ट्रिय सोच

आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको स्थापना, विज्ञान, प्रविधि तथा व्यवसायिक शिक्षाको माध्यमबाट समतामुलक समाजको विकास गरी गाउँपालिकालाई सुखी, समृद्ध र सुशिक्षित बनाउन योगदान गर्दै नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउने ।

### २.३ स्थानीय तहको शिक्षा योजनाको दीर्घकालीन सोच :

गाउँपालिकाको प्रतिवद्धता समावेशी ,समतामुलक र गुणस्तरीय शिक्षा ।

### २.४ लक्ष्य

एक्काइसौं शताब्दीको आवश्यकतालाई सम्बोधन तथा अवसरको रुपमा उपयोग गर्न सक्ने, नेपाली मूल्य मान्यताप्रति सचेत, समता र समावेशीतालाई आत्मसाथ गर्दै कला, प्रविधि, सीपयुक्त र प्रतिस्पर्धी नागरिक तयार गर्न माध्यमिक तहसम्मका बालबालिकाहरुलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चिता गरि गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

## २.५ उद्देश्य

यस योजनाको समग्र उद्देश्य गुणस्तरीय विद्यालय शिक्षा अधिकारका रुपमा स्थापित गरी सबैका लागि सहज पहुँच,सहभागीता र निरन्तरको सुनिश्चता सहित समता र समावेशीता प्रबर्द्धन गर्ने रहेको छ । यो समग्र उद्देश्यको विस्तृतीकरण गरी यस योजनाका निम्नलिखित उद्देश्यहरु निर्धारण गरिएको छः

- मातृभाषाको माध्यमबाट आधारभूत तहका बालबालिकालाई शिक्षामा पहुँचँ सुनिश्चित गर्नु ,
- स्थानीय परिवेश, संस्कृति, परम्परा अनुरुप स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय पाठ्यक्रम लागु गर्नु ।
- सबै विद्यालयमा सबै किसिमको विभेद, दुव्यवहार, भयमुक्त बालमैत्री तथा अपांग मैत्री वातावरणको सुनिश्चित गर्नु ।
- माध्यमिक तहको शिक्षालाई दक्ष जनशक्ति निमार्णको आधारशिला तयार गर्नु ।
- औपचारिक शिक्षावाट बञ्चित वालवालिका,युवा,प्रौढलाई अनौपचारिक तथा वैकल्पिक शिक्षाको माध्यमद्धारा शिक्षाको मूलधारमा ल्याई पहुँच र अवसरको सुनिश्चित गर्नु ।
- नेत्तृत्व विकास, व्यवस्थापन, सुशासन तथा पारदर्शिता कायम गरी विद्यालयमा सरोकारवालाहरुको सहभागिता बढाउनु ।
- आपतकालीन तथा संकटपूर्ण अवस्थामा बालवालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्नु ।
- विशेष शिक्षाको आवश्यकता भएका वालवालिकाको पहिचान गरी उनिहरुको आवश्यकता अनुसार शिक्षामा पहूँच सुनिश्चित गर्नु
- समुदाय स्तरमा बालवालिकाको पढाइको वातावरण सिर्जनाका लागि अभिभावक तथा समुदायको क्षमता विकासमा जोड दिनु ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्ने जनशक्ति उत्पादन गर्नु ।
- गाउँपालिका भित्रका सम्पूर्ण शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम प्रदान गर्नु ।
- विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न विद्यालय सुपरिवेक्षणमा जोड दिनु ।
- सबै बालवालिकाहरुको लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्नु ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहूँच र सहभागिता सुनिश्चित गरि गुणस्तर अभिवृद्धि गर्नु ।
- पुर्व प्राथमिक तथा आधारभूत तहको सबै बालवालिकाको शिक्षामा पहूँच तथा गुणस्तरीय शिक्षाको सुनिश्चित गर्नु ।
- माध्यमिक तहको शिक्षा निःशुल्क गरी सबै बालवालिकाको शिक्षामा प्राविधिक तथा व्यबसायिक शिक्षामा पहूँच सुनिश्चिता गर्नु ।

## २.६ रणनीति

माथि उल्लेखित उद्देश्यहरु प्राप्त गर्नका लागि विभिन्न रणनीतिहरु तय गरिएको छ। तय गरिएका उद्देश्य प्राप्त गर्न प्राथमिकतामा आधारित रही तपशिल बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ ।

१..प्रचलित ऐन तथा कानुनबमोजिम प्रारम्भिक बालविकासको रणनैतिक योजना तयारी गरी लागु गरिने छ ।

२..एक वडामा एक नमुना बालविकास केन्द्रको अवधारणा कार्यान्वयन गरिने छ ।

३. संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनको आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालवालिकाको पहूँच तथा सहभागिताको सुनिश्चित गरिने छ ।

४.नमूना विद्यालयको अवधारणा कार्यान्वयन गरिने छ। त्यसका लागि प्रचालित ऐन, कानुनबमोजिम स्थानीयतहले नमुना विद्यालयको कार्यविधि बनाई लागु गरिने छ ।

६.आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी सबै बालवालिकाको शिक्षामा पहूँच अभिवृद्धि गरिने छ ।

७.संघ तथा प्रदेश सरकारको समन्वय तथा सहजीकरणमा स्थानीय सरकारले विद्यालयको भौतिक पुर्वाधारलाई प्राथमिकताको आधारमा वितरण गरिनेछ।

८.स्थानीय परिवेश, आवश्यकता, सामाजिक सँस्कृति अनुरुप स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ ।

९.विद्यालयको नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्न विद्यालय सरोकारवालाको क्षमता अभिवृद्धि गरिनेछ ।

१०.बालवालिकाको स्वास्थ्य, सरसफाईका लागि स्थानीय गैरसरकारी तथा शिक्षा सरोकारवालासँग समन्वय र सहकार्य गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम लागु गरिनेछ । साथै संघिय तथा प्रदेशको सहयोग तथा सहकार्यमा विद्यालयमा दिवा खाजाको व्यवस्था मिलाईनेछ ।

११.Public Private Partnership को अवधारण लागु गरि नीजि क्षेत्रको स्रोतलाई शिक्षा क्षेत्रको गुणस्तर वृद्धिका लागि उपयोग गरिनेछ ।

१२ प्रत्येक वडाको अग्रणी विद्यालयलाई शैक्षिक सम्पर्क विद्यालयको रुपमा कायम गरिनेछ ।

१३.शिक्षकको शैक्षिक क्षमता अभिवृद्धि गर्न समय समयमा शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई तालिम कार्यशालाहरु संचालन गरिनेछ ।

१४.विशेष शिक्षा आवश्यकता भएका बालबालिकाहरुका लागि विशेष कक्षा सञ्चालन गरिनेछ ।

१५.विपन्न तथा जेहेन्दार विद्यार्थीको पहिचना गरी छात्रवृत्ति,शैक्षिक सामग्री उपलब्ध गराई उनीहरुको शैक्षिक निरन्तरतामा जोड दिइने छ ।

१६.कार्य सम्पादनका आधारमा प्रत्येक वर्ष प्रत्येक तहको एक जना शिक्षकलाई उत्कृष्ट शिक्षक छनौट गरी पुरस्कृत गरिने छ ।

१७.रणनैतिक योजना कार्यान्वयनको अवस्था मापन गरी आवधिक प्रतिवेदन तयार गर्न पालिका स्तरमा अनुगमन मूल्यांकन तथा प्रतिवेदन समिति गठन गरिने छ ।

१८.शिक्षकको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागि पालिका स्तरमा विज्ञ समूह,साथी समूह, रोस्टर, समूह गठन गरि परिचालन गरिने छ ।

१९.सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता अभिवृद्धि गरी सामाजिक परिचालनका कार्यक्रममा सहभागी गराइने छ ।

२०.बालबालिकाको पठन सिप शैक्षिक उपलब्धी वृद्धि गर्न समुदाय स्तरमा शैक्षिक गतिविधि संचालन गरिने छ ।

२१.विद्यार्थीहरुमा राष्ट्र तथा समाजप्रति उत्तरदायित्ववोध गर्नका लागी अनिवार्य रुपमा विद्यार्थीहरुलाई स्काउट, रेडक्रस जस्ता मानवीय कार्य र गतिविधीमा संलग्न गराइने छ ।

२२.शिक्षक नियुक्ति व्यवस्थापन र सेवा सर्त सम्बन्धीको निश्चित मापदण्ड तयार पारी लागु गरिनेछ ।

२३.विद्यालयको सहयोग अनुदान वितरण गर्दा Performance Based अनुदान प्रणाली लागु गरिने छ ।

२४.विद्यार्थीहरुलाई खेल, योगाभ्यास र सह-क्रियाकलाप संचालनका लागी वडा स्तरमा आधुनिक प्रविधि सहितका खेलमैदान निर्माणमा जोड दिइने छ ।

२५.स्थानिय स्तरमा उपलब्ध शैक्षिक सामग्री निर्माण र प्रयोगमा जोड दिइने छ ।

२६.प्राविधिक तथा व्यावसायिक शिक्षाको पहूँच विस्तार गरिनेछ ।

२७.शिक्षाको गुणस्तर सुधारका लागि सहकार्य, सह-अस्तित्वको अवधारण अनुरुप निति निर्माण, स्रोतको बाडफाँड तथा लगानीका लागि संघ, प्रदेश र स्थानीय तहहरुबिच सहकार्य गरिनेछ ।

२८.अनुदानमा आधारित तलब भत्तामा कार्यरत शिक्षकहरुलाई सेवाबाट बहिर्गमन हुँदा उपदान उपलब्ध गराउन शिक्षक उपदान कोषको व्यवस्था गरिनेछ ।

२९.आधारभूत तह (१-५) का बालबालिकाहरुको सिकाइ स्तर सुधार गर्न केही विद्यालयमा परीक्षणको रुपमा आंशिक र दिवाकालीन आवासीय कक्षा सञ्चालन गरिनेछ ।

३०.शिक्षकका तथा विद्यार्थीका लागि आवासीय भवनहरु निर्माण गरिनेछ ।

## २.७ प्रमुख उपलब्धी सूचकहरु

| क्र.सं. | सुचकहरु | आधारवर्षको (२०७९) को अवस्था | लक्ष्य २०८२ | लक्ष्य २०८७ |
|---|---|---|---|---|
| **१.प्रारम्भिक बालविकास तथा शिक्षा** | | | | |
| १.१ | कुल भर्नादर चार वर्षका बालबालिकाको भर्ना अनुपात | ८५.७ | ९५ | १०० |
| १.२ | न्युनत योग्यता पुगेका शिक्षक प्रतिशत | ९७ | १०० | |
| १.३ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९७ | | |
| १.४ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ९५ | ९८ | १०० |
| **२. आधारभूत शिक्षा** | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | १२३ | ११५ | १०२ |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९७ | ९९ | १०० |
| २.३ | कक्षा १ देखि ५ कुल भर्नादर | १२२ | ११२ | १०५ |
| २.४ | कक्षा १ देखि ५ खुद भर्नादर | ९७ | ९८ | १०० |
| २.५ | कक्षा १ देखि ८ कुल भर्नादर | १०८ | १०५ | १०० |
| २.६ | कक्षा १ देखि ८ खुद भर्नादर | ९३.८ | ९५ | १०० |
| २.७ | कक्षा १ देखि ८ खुद भर्नादरमा लैङ्गिक समता सुचाकाङक | | | |
| २.८ | कक्षा ८ मा टिकाउ दर | ८७ | | |

| | | | | |
|---|---|---|---|---|
| २.९ | आधारभूतशिक्षाको तह पूरा गर्ने दर | ८० | १०० | १०० |
| २.१० | ५–१२वर्ष उमेर विद्यालयबाहिर रहेका बालबालिकाको प्रतिशत | ३ | | |
| **३.माध्यमिक शिक्षा** | | | | |
| ३.१ | कुल भर्नादर कक्षा ९ र १० | ८३ | ८८ | १०० |
| ३.२ | खुद भर्नादर कक्षा ९ र १० | ६७ | ७० | ८० |
| ३.३ | कुल भर्नादर कक्षा ९ देखि १२ | ६० | ७८ | ८० |
| ३.४ | खुद भर्नादर कक्षा ९ देखि १२ | ४४ | ५० | ५८ |
| ३.५ | कुल भर्नादर कक्षा ११ र १२ | ७० | ८० | |
| ३.६ | खुद भर्नादर कक्षा ११ देखि १२ | ३० | ३८ | ४२ |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ६८ | | |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | ४० | | |
| ३.९ | कक्षा १ देखि १२ मा खुद भर्नाका आधारमा लैङ्गिक समता सुचाकाङक | | | |
| **४.अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | ८६ | | |
| ४.२ | १५–२४  वर्षको साक्षरता दर | ९० | | |
| ४.३ | १५वर्ष भन्दा माथिको साक्षरता दर | ७२ | | |
| **५. महिला शिक्षक प्रतिशत** | | | | |
| ५.१ | आधारभूत तह | | | |
| ५.२ | माध्यमिक तह | | | |
| ६ | प्राथमिकता प्राप्त न्यूनतम सक्षमता PMEC पूरा गरेका विद्यालय प्रतिशत | | | |

**परिच्छेद : ३**

## शिक्षाका उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बालविकास तथा शिक्षा

### ३.१.१ परिचयः

प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरुको सर्वाङ्गगीण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो । सर्वाङ्गीण विकास अन्तरगत बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक विकास पर्दछन् । कुनै एक पक्षको विकास कमजोर हुँदा व्यक्तिको व्यक्तित्व विकासमा वाधा पर्ने सक्ने भएकाले बालबालिकाका उल्लेखित सबै पक्षको विकासमा ध्यान दिनु आवश्यक छ । त्यसैले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकहरुलाई लेखपढ गराउने वा अक्षर तथा अंक चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गगीण विकासमा सहयोग गर्नका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरु विभिन्न समय अवधिमा सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा नेपालको निःशुल्क तथा अनिवार्य, ईन्द्रावती शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ मा उल्लेख भएको छ। नेपालको पन्ध्रौ योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा र दिगो विकास लक्ष्य सन् २०१६–२०३० को लक्ष्य ४, स्थानीय सरकार सञ्चालन ऐन २०७४ का साथै नेपालको संविधान २०७२ को धारा ३९,

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ लाई समेत आधार मानी यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास शिक्षा कार्यक्रम समावेश गरिएको छ । सरकारी तथा गैह्रसरकारी संस्था, स्थानीय सरकार, समुदाय, नीजि क्षेत्र र विद्यालयहरुको सहयोगले नेपालमा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्वपूर्ण उपलब्धी हासिल भएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको कार्यान्वयनबाट हासिल गरिएका अनुभवले यस कार्यक्रमको विस्तार गर्ने र सेवालाई सीमान्तकृत तथा पछाडि परेका समुदायको पहूँचसम्म पुचाउने रणनीति विकास तथा गुणस्तर अभिवृद्धि गर्ने कार्यमा मार्ग प्रशस्त गरेका छन ।

यस ईन्द्रावती गाउँपालिकाको विद्यालय क्षेत्रको योजनाको यस खण्डमा ईन्द्रावती गाउँपालिकामा प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमको वर्तमान अवस्था विश्लेषणका आधारमा चुनौतीहरु पहिचान गरिएको छ । उक्त चुनौतीहरुको सामना गरी प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको स्वरुप तयार पार्ने क्रममा यस योजना अवधिका लागि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको उद्देश्य, रणनीतिहरु, कार्यक्रम कार्यान्वयनका प्रमुख नतिजा र योजनाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु समावेश गरिएको छ । ईन्द्रावती गाउँपालिका अन्तरगतका लक्षित सबै बालबालिकाहरुलाई बालविकास केन्द्रसम्म सहज र सुरक्षित पहूँचको व्यवस्था गर्नु नै प्रारम्भिक बालविकास र शिक्षाको रणनिति रहेको छ ।

३.१.२ वर्तमान अवस्था :

हाल ईन्द्रावती गाउँपालिकाभित्र सञ्चालित प्रारम्भिक बालविकास कक्षाहरुको अवस्था :

क. विद्यालयमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रहरु :

| क.स. | संघिय अनुदानमा सञ्चालित | गा.पा.अनुदानमा सञ्चालित | जम्मा | |
|---|---|---|---|---|
| १. | ३६ | ६ | ४२ | |

**ख.सामुदायमा सञ्चालित बालविकास केन्द्रहरु** :

| क.स. | संघिय अनुदानमा सञ्चालित | गा.पा.अनुदानमा सञ्चालित | जम्मा | |
|---|---|---|---|---|
| १. | ८ | ३ | ११ | |

**ईन्द्रावती गाउँपालिकाको बालविकास केन्द्रामा हाल सहभागी कूल विद्यार्थी संख्या : ६४२**

| **क.स.** | **विवरण** | **संख्या** | **प्रतिशत** | **कै.** |
|---|---|---|---|---|
| १. | छात्रा | ३३६ | ५२.३३ | |
| २. | छात्र | ३०६ | ४७.६७ | |
| **जम्मा** | | ६४२ | १०० | |

ग.ईन्द्रावती गाउँपालिकाको प्रारम्भिक बालविकास केन्द्रको खुद भर्नादर :

घ.कक्षा १ मा बालविकास कक्षाको अनुभव सहितको भर्नादर : ९५%

ङ.बालविकास शिक्षिकाहरुको संख्या : ५३ जना

च.बालविकास केन्द्रमा कार्यरत महिला शिक्षिका प्रतिशत : १००%

हाल यस ईन्द्रावती गाउँपालिकामा प्रारम्भिक बालविकास कक्षाहरुको अनुमति र बालविकास शिक्षिकाहरुको नियुक्ति समेत गाउँपालिका मार्फत हुदै आएको छ। ईन्द्रावती गाउँपालिका अन्तरगत सञ्चालित प्रारम्भिक बालविकास कक्षाहरुको शैक्षिक सुधारका लागि निम्न लिखित चुनौतीहरु पहिचान गरी समाधानका रणनितिहरु अवलम्बन गरिनेछन् ।

**चुनौतीहरुः**

- बालविकास केन्द्रहरुमा बालमैत्री वातावरण सिर्जना गर्नु,
- बालविकास केन्द्रहरुमा शैक्षिक सिकाइ सामाग्रीहरुको निर्माण, उपलब्धता, व्यवस्थापन, र प्रयोगको सुनिश्चित गर्नु,
- समुदायमा सञ्चालित बालविकास केन्द्रहरुमा व्यवस्थित कक्षाकोठा तथा शौचालयको व्यवस्थापन गर्नु ,
- बालविकास शिक्षिकाहरुको न्युन पारिश्रमिकको वावजुद पनि कार्यदक्षता अभिवृद्धि गर्ने ,
- बालविकास शिक्षिकाहरुलाई उपयुक्त तालिमको अवसर प्रदान गर्नु ,
- बालविकास कक्षाहरुमा उपयुक्त पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सन्दर्भ सामग्रीहरुको उपलब्ध गराउनु ,
- बालविकास केन्द्रको लागि न्यूनतम मापदण्ड पूरा गराउनु ,
- बालविकास केन्द्रप्रति अभिभावकको अपनत्व बृद्धि गराउनु ,
- बालविकास केन्द्रमा मापदण्डमा तोकिएको संख्यामा विद्यार्थी संख्या बृद्धि गर्नु ,
- बालविकास केन्द्रका कार्यरत शिक्षिकाहरुको तोकिएको शैक्षिक योग्यता पूरा गराउनु ।

**अवसरहरुः**

- विद्यार्थी संख्या अनुसार बालविकास केन्द्रको संख्या पर्याप्त भएको ।
- बालविकास केन्द्रका शिक्षिकाहरुको लागि स्थानीय तहबाट पुर्नताजगी तालिम प्रदान गरिएको ।
- बालविकास केन्द्रका शिक्षिकाहरुको लागि गाउँपालिकाबाट मासिक रु.३५००/- का दरले प्रोत्साहन भत्ता उपलब्ध गराइएको ।
- बालविकास केन्द्रलाई भौतिक व्यवस्थापन र सिकाइ सामाग्री व्यवस्थापनका लागि निश्चित रकम उपलब्ध गराइएको ।
- बालविकास शिक्षिकाहरुको न्यूनतम योग्यता शिक्षाशास्त्रमा १२ कक्षा उत्तीर्ण हुनुपर्ने व्यवस्था भएको ।
- बालविकास केन्द्र व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान उपलब्ध हुदै आएको ।
- कक्षा १ मा भर्ना हुँदा बालविकासको अनुभव सहित भर्ना हुने वालवालिका सङ्ख्या वृद्धि हुदैगएको ।

### ३.१.३ लक्ष्यः

बालवालिकाको शारीरिक, मानसिक, संवेगात्मक, मनोवैज्ञानिक र सामाजिक विकास तथा उनीहरुलाई आधारभूत शिक्षाका लागि कक्षा १ मा भर्ना हुन न्यूनतम आधारभूत ज्ञान सीप र अनुभव समेत हासिल गराई तयार गर्ने ।

### ३.१.४ उद्देश्यहरुः

- चार वर्ष उमेरका बालबालिकाहरुको सर्वाङ्गगीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउने ।
- प्रारम्भिक बालविकास शिक्षाका सेवाहरुमा गुणस्तर सुनिश्चित गर्ने ।
- सबै बालवालिकाहरुलाई प्रारम्भिक शिक्षाको अनुभवसहितकक्षा १ मा भर्ना गर्ने ।
- बालवालिकाको सर्वाङ्गगीण विकासकोलागि अभिभावकको सक्रियता तथा सहभागिता वृद्धि गर्ने ।

### ३.१.५ रणनीति तथा कार्यनितिहरुः

| रणनीति | कार्यनीति |
| --- | --- |
| बालविकास केन्द्रको नक्साङकन, पुर्नितरण गरी आवश्यकतानुसार केन्द्रको विस्तार गर्ने । | वस्तुस्थितिको अध्ययन गरी आवश्यकतानुसार केन्द्रहरु फेरबदल तथा थपघट गरिनेछ । |
| नमुना बालविकास केन्द्र निर्माण गर्ने । | गाउँपालिका भित्रका बालविकास केन्द्रहरुमध्ये प्रत्येक वडामा १ नमुना बालविकास केन्द्र  छनौट गरि कार्ययोजना निर्माण सहित नमुनाको रुपमा विकास गरिनेछ । |
| बालविकास केन्द्रका शिक्षिकाहरुको क्षमता विकास गर्ने । | तालिम प्रदान गर्नका लागि आवश्यक जनशाक्ति तयार पार्ने र चरणवद्ध रुपमा बालमैत्री तथा मन्टेश्वरी तालिम प्रदान गरिनेछ ।<br>बालविकास शिक्षिकाहरुको चौमासिक घुम्ति बैठक, अन्तरक्रिया सञ्चालन गरिनेछ  । |
| बालविकास केन्द्रको भर्ना दर वृद्धि गर्ने । | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरी सघन भर्ना अभियान कार्यक्रम संचालन गरिने छ ।<br>उमेर पुगेका बालबालिकाहरु पायक पर्ने बालविकास केन्द्रमा भर्ना भए नभएको अनुगमन गरिनेछ । |
| गुणस्तरीय दिवाखाजा सुनिश्चित गर्ने । | बालबालिकाहरुलाई तोकिएको मापदण्ड अनुसारका खाजा कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गरिनेछ ।<br>सङ्घीय सरकारबाट निकासा हुने अनुदानमाथि पालिकाबाट खाजा अनुदान थप गरिनेछ । |
| बालविकास केन्द्र तथा शिक्षकहरुका लागि प्रोत्साहन कार्यक्रमहरु संचालन गर्ने । | गाउँपालिकाले मापदण्ड तयार पारी केन्द्र तथा शिक्षिकाहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ । |
| गाउँपालिका भित्रका बालविकास केन्द्रको न्यूनतम मापदण्ड निर्धारण गर्ने । | बालविकास केन्द्रका लागि पालिकास्तरीय छुट्टै संयन्त्र स्थापना गरि क्रियाशील बनाइनेछ । |
| बालविकासकेन्द्रका लागि पाठ्यक्रममा आधारित रहि स्थानीय शैक्षिक सामग्री निर्माणमा जोड दिने । | पाठ्यक्रम प्रवोधीकरण तथा स्थानीय  समाग्रीको प्रयोग गरी शैक्षिक सामाग्री निर्माण तथा व्यवस्थापन गरिनेछ । |
| कक्षाकोठाको सिकाइ कुना स्थापना गरी शैक्षिक सामग्री र सन्दर्भ सामग्रीको व्यवस्था मिलाउने  । | कक्षाकोठाको बसाइ व्यवस्थापन तथा सन्दर्भ सामाग्री व्यवस्थापन सम्बन्धी तालिम सञ्चलन गर्ने र बुक कर्नर स्थापना गरिनेछ । |

### ३.१.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### प्रारम्भिक बालविकास शिक्षा तार्किक ढाँचा

| उपलब्धी | नतिजा | सूचकहरु | कार्यक्रमहरु | ५ वर्षको लक्ष्य | पुस्ट्याँइका आधारहरु |
|---|---|---|---|---|---|
| ▪ बालविकास केन्द्रमा बालवालिकाको पहूँचमा वृद्धि भएको हुनेछ । | ▪ उमेर समूहका शतप्रतिशत बालवालिका भर्ना भएको ।<br>▪ सघन भर्ना अभियान संचालन भएको<br>▪ आवश्यकतानुसार विद्यालयमा आधारित बालविकास कक्षाको वितरण<br>▪ बालविकासको अनुभव सहितका बालबाललिकाहरुको कक्षा १ मा भर्नाको भएको ।<br>▪ आवश्यकतानुसार नमुना बालविकास केन्द्रको सञ्चालन। | ▪ कुल भर्नादर<br>▪ बालविकासको वितरण<br>▪ बालविकास अनुभव सहितकाबालवालिका कक्षा १ मा भर्ना भएको। | ▪ भर्ना अभियान<br>▪ प्रारम्भिक बालविकास तथा नक्साङ्कन गरी पुनर्वितरण गर्ने | ▪ करिब ६ हजार बालवालिकाले बालविकास शिक्षा प्राप्त गर्ने ।<br>▪ बालविकास केन्द्रका सम्पूर्ण शिक्षकहरु बालमैत्री तथा मन्टेश्वरी तालिम प्राप्त हुने ।<br>▪ बालविकास केन्द्रको व्यवस्थित पुनर्वितरण | ▪ केन्द्र अनुगमन प्रतिवेदन,<br>▪ IEMIS प्रतिवेदन, सामाजिक परीक्षण<br>▪ |
| ▪ बालविकास केन्द्रको गुणस्तर बृद्धि। | ▪ बालविकास केन्द्रमा बालमैत्री वसाई व्यवस्थापन<br>▪ सामग्री व्यवस्थापन<br>▪ मापदण्ड बमोजिमको शिक्षण तथा व्यवस्थापन ।<br>▪ नमुना बालविकास केन्द्रहरु स्थापना तथा विकास भएको<br>▪ बालवालिकाको संवेगात्मक तथा शैक्षिक विकास गरी गुणस्तरीय शिक्षा प्राप्त भएको<br>▪ सामुदायिक विद्यालय तथा सामुदायिक बालविकास केन्द्रमा भर्नाहुने बालबालिकाको सङ्ख्यामा वृद्धि भएको । | ▪ कक्षाकोठा व्यवस्थापन<br>▪ सिकाइका ६ कुनाहरु स्थापना ।<br>▪ बालमैत्री वातावरणमा जोड दिने<br>▪ शिक्षकहरुको न्यूनतम शैक्षिक योग्यता प्राप्त<br>▪ सिकाइ उपलब्धी मापन<br>▪ बालवालिकाको सर्वाङ्गीण विकास | ▪ बालमैत्री बसाई व्यवस्थापन<br>▪ शिक्षक तालिम<br>▪ सामाग्री व्यवस्थापन तथा प्रयोग | ▪ सबै केन्द्रहरुमा व्यवस्थित बसाईका लागि आवश्यक सामाग्री वितरण<br>▪ सबै शिक्षकहरुको न्यूनतम शैक्षिक योग्यता हासिल<br>▪ शिक्षकहरु तालिम प्राप्त<br>▪ शिक्षण सामाग्रीहरुको निर्माण तथा वितरण<br>▪ बालवालिकाको सर्वपक्षीय विकास | ▪ बालविकास केन्द्र सम्पति विवरण, सामाजिक परीक्षण, अनुगमन प्रतिवेदन, IEMIS |

| | | | | | |
|---|---|---|---|---|---|
| ▪ बालविकास केन्द्र र समुदायबीचको सम्बन्ध विकास | ▪ बालविकास केन्द्र व्यवस्थापन समिति सक्रियता<br>▪ अभिभावक सचेतना बृद्धि<br>▪ समुदाय र केन्द्रबीच आत्मिय सम्बन्ध स्थापित । | ▪ अभिभावक भेटघाट<br>▪ केन्द्रलाई आवश्यक सहयोग प्रदान<br>▪ समस्या समाधान | ▪ अन्तरक्रिया कार्यक्रम<br>▪ सरोकारवालाहरुसँग छलफल<br>▪ सुझाव संङ्कलन | ▪ अभिभावक बालविकास केन्द्रप्रति जिम्मेवार तथा विकासप्रति सचेत | ▪ अनुगमन, प्रतिवेदन |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका

| क.सं | प्रमुख क्रियाकलापहरु | इकाइ | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बालविकासकेन्द्र नक्साङ्कन तथा पुनर्वितरण गर्ने । | वटा | १ | २ | १ | १ | १ | ६ | ६ | |
| २ | नमुना बालविकास अवधारणाको मापदण्ड तयार गर्ने । | पटक | १ | | | | | १ | १ | |
| ३ | शिक्षक तालिमको आयोजना गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | वर्षमा १ कम्तीमा | |
| ४ | पाठ्यसामाग्री निर्माणका लागि जनशक्ति खोजि तथा सामाग्री निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | वर्षमा १ कम्तीमा | |

| क.सं | प्रमुख क्रियाकलापहरु | इकाइ | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | बालमैत्री बसाई व्यवस्थापनका लागि आवश्यक सामाग्री प्रदान गर्ने | वटा | १० | १२ | ११ | १० | १० | ५३ | ५३ | |
| ६ | बालविकास केन्द्र व्यवस्थापन समिति गठन पुनर्गठन तथा केन्द्रप्रति उत्तरदायी बनाउने | आवश्यकता अनुसार | सबै | | | सबै | | ५३ | ५३ | बजेट नचाहिने |
| ७ | बालवालिकाको गुणस्तर सुधारसम्बन्धी सरोकार वालाबीच छलफल पालिका स्तरमा | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | वर्षमा १ कम्तीमा |
| ८ | समुदायका बालवालिकाको अभिलेखीकरण | नियमित | १ | १ | १ | १ | १ | ५ | ५ | वर्षमा कम्तीमा १ |
| ९ | नियमित स्वास्थ्य परीक्षण व्यवस्थापन | पटक | २ | २ | २ | २ | २ | १० | १० | वर्षमा २ पटक |
| १० | बालविकास सुधार योजना निर्माण अद्यावधिक तथा कार्यान्वयन | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ५ | ५ | वर्षमा १ पटक |
| ११ | बालविकास केन्द्रको अवस्थाको अनुगमन गरी प्रोत्साहन अनुदानको व्यवस्था | वटा | ५९ | १० | १२ | ११ | १० | १० | ५३ | |

| क.सं | प्रमुख क्रियाकलापहरु | इकाइ | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | शिक्षकको पेशागत सुरक्षाको सुनिश्चितता गर्ने | कार्यिविधि बनाइ लागु गर्ने | १ | | | | | १ | १ | आवश्यका अनुसार संशोधन हुने |
| १३ | शिक्षक उपदान कोषको व्यवस्था | कार्यविधि बनाइ लागु गर्ने | १ | | | | | १ | १ | |

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका एवं बजेट विवरण.(साविकका नियमित चालु बालविकास केन्द्रको खर्च बाहेक)**

| क.सं. | प्रमुख क्रियाकलाप | अनुमानित बजेट विवरण (रु. हजारमा) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | बजेट स्रोत | |
| १ | बालविकासकेन्द्र नक्साङ्कन तथा पुनर्वितरण गर्ने । | ३२३४ | ३३४ | ४९४ | ६४३ | ८०२ | ९६१ | सङ्घ, प्रदेश र स्थानीय सरकार अनुदान | |
| २ | नमुना बालविकास अवधारणाको मापदण्ड तयार गर्ने । | १४३ | | | | | | सङ्घ, प्रदेश र स्थानीय सरकार अनुदान | |
| ३ | शिक्षक तालिमको आयोजना गर्ने | ७२० | १४४ | १४४ | १४४ | १४४ | १४४ | सङ्घ, प्रदेश र स्थानीय सरकार अनुदान | |
| ४ | पाठ्यसामाग्री निर्माणका लागि जनशक्ति खोजि तथा सामाग्री निर्माण | १४५ | २९ | २९ | २९ | २९ | २९ | सङ्घ, प्रदेश र स्थानीय सरकार अनुदान | |
| ५ | बालमैत्री बसाई व्यवस्थापनका लागि आवश्यक सामाग्री प्रदान गर्ने | ५९० | १५० | १२० | ११० | ११० | १०० | सङ्घ, प्रदेश र स्थानीय सरकार अनुदान | |
| ६ | बालविकास केन्द्र व्यवस्थापन समिति गठन पुनर्गठन तथा केन्द्रप्रति उत्तरदायी बनाउने | | | | | | | | बजेट नचाहिने |
| ७ | बालवालिकाको गुणस्तर सुधारसम्बन्धी सरोकार वालाबीच छलफल पालिका स्तरमा | ७२० | १४४ | १४४ | १४४ | १४४ | १४४ | सङ्घ, प्रदेश र स्थानीय सरकार अनुदान | |
| ८ | समुदायका बालवालिकाको अभिलेखीकरण | | | | | | | | बजेट नचाहिने |

| क.सं. | प्रमुख क्रियाकलाप | अनुमानित बजेट विवरण (रु. हजारमा) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | बजेट स्रोत | |
| ९ | नियमित स्वास्थ्य परीक्षण व्यवस्थापन | | | | | | | | बजेट नचाहिने |
| १० | बालविकास सुधार योजना निर्माण अद्यावधिक तथा कार्यान्वयन | २१२ | १०६ | | | १०६ | | सङ्घ, प्रदेश र स्थानीय सरकार अनुदान | |
| ११ | बालविकास केन्द्रको अवस्थाको अनुगमन गरी प्रोत्साहन अनुदानको व्यवस्था | ५०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ, प्रदेश र स्थानीय सरकार अनुदान | |
| १२ | शिक्षक उपदान कोषको व्यवस्था | ४०८० | ८१६ | ८१६ | ८१६ | ८१६ | ८१६ | सङ्घ, प्रदेश र स्थानीय सरकार अनुदान | |
| **जम्मा** | | ९७५४ | १७३३ | १७५७ | १८९६ | २१५१ | २२०४ | सङ्घ, प्रदेश र स्थानीय सरकार अनुदान | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय :

एक्काईसौ शताब्दिमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने र देश विकासको लागि चाहिने जनशक्ति उत्पादन गर्न शिक्षाको भूमिका अपरिहार्य रहेको हुन्छ । शिक्षाको आधार नै आधारभूत तह हुने भएकाले यसको वैज्ञानिक विकास हुन नितान्त आवश्यक छ । सफल मानव जीवनयापनका लागि आवश्यक पर्ने आधारभूत ज्ञान, सीप आर्जन गरी घरपरिवार तथा समुदायमा आफ्ना कुरा अभिव्यक्त गर्न र समाजमा समायोजन भई जीवनयापन गर्न सहज बनाउनु मद्दत गर्ने शिक्षा नै आधारभूत शिक्षा हो । बालबालिकाको सर्वाङ्गीण विकासको दृष्टिले पनि आधारभूत शिक्षा व्यक्तिको जीवन र माथिल्लो तहको शिक्षाको महत्वपूर्ण आधार हो । विद्यालय क्षेत्र सुधार योजना २०६६-०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र ९-१२ लाई माध्यमिक शिक्षामा रुपान्तरण गरेपछि दुई तहमा परिभाषित भएको छ । नेपालको संधिानले आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क हुने व्यवस्था गरको छ। त्यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ ले आधारभूत तहको शिक्षा प्रदानको व्यवस्थापन गर्न संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहको दायित्व हुन व्यवस्था गरेको छ ।

नेपालको संविधानले तीनै वटा सरकारको शिक्षा सम्बन्धीका अधिकारको व्यवस्था गरेको छ । संविधानको अनुसूची ८ ले स्थानीय आधारभूत तथा माध्यमिक शिक्षाका अधिकारलाई स्थानीय तहको अधिकार भित्र राखेको छ । यसैगरी संविधानको अनुसूची ९ मा उल्लेखित स, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा पनि शिक्षा, खेलकुद शिक्षा सबै तहका सरकारहरुको साझा अधिकारको विषय व्यवस्था गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को जम्मा आधारभूत तथा माध्यमिक तहको २३ वटा अधिकार स्थानीय तहको अधिकारको व्यवस्था गरेको छ ।

गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडी बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका विश्वका सबै विद्यार्थीहरुले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरीबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनबद्ध रुपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि ईन्द्रावती गाउँपालिकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरु समावेश गरेको छ ।

### ३.२.२ वर्तमान अवस्था

नेपालको शैक्षिक क्षेत्रले दिन प्रतिदिन आधारभूत शिक्षामा प्रगतिशील उपलब्धीहरु हासिल गर्दै आइरहेको छ । सबै बालवालिकालाई समतामुलक शिक्षा प्रदान गर्ने अवसर सिर्जना गरिएको हुदा धेरै आधारभूत तहमा बालवालिकाको पहूँच भएको देखिन्छ । आधारभूत शिक्षामा सबै बालवालिकाको समनतामुलक पहूँच पुर्याउन बिगतमा गरिएका प्रयासहरुको नतिजा स्वरुप नेपालमा कक्षा १ देखि ५ को खुद भर्नादर ९७.१ प्रतिशत र कक्षा १ देखि ८ को खुद भर्नादर ९३.८ प्रतिशत पुगेको छ भने ईन्द्रावती गाँउपालिकाको आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्नादर ९७.१ प्रतिशत र कक्षा १ देखि ८ को खुद भर्नादर ९३.८ प्रतिशत पुगेको छ । यस्तै नेपालको आधारभूत तह पूरा गर्ने दर ८० प्रतिशत र कक्षा ८ को टिकाउदर ८० प्रतिशत रहेका छ ।

यस गाँउपालिका अन्तरगत जम्मा ३३ वटा आधारभूत तहका विधालयहरु संचालनमा रहेका छन । यसमध्ये कक्षा १ देखि ३ सम्म ९ वटा, कक्षा १ देखि ५ सम्म १२ वटा तथा कक्षा १ देखि ८ सम्म जम्मा १९ वटा विद्यालय रहेका छन । भने यस गाँउपालिकामा नीजि विद्यालय ३ वटा मात्र रहेका छन् । साथै २०७७ देखि १३ वटा विद्यालयमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि(Multi Grade Multi Level Methodology )सुरुवात भएको छ ।

## आधारभूत तहको कक्षागत विद्यार्थी विवरण २०७८

| कक्षा | सामुदायका विद्यालयको विद्यार्थी संख्या | | | संस्थागत विद्यालयका विद्यार्थी संख्या | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| बालविकास | ३३८ | ३५५ | | | | | |
| १ | ३५१ | ३२९ | | | | | |
| २ | २७१ | ३१२ | | | | | |
| ३ | २६० | २८० | | | | | |
| ४ | २४८ | २७७ | | | | | |
| ५ | २५६ | २७३ | | | | | |
| ६ | २३५ | २७९ | | | | | |
| ७ | २७३ | २४६ | | | | | |
| ८ | २६२ | २६३ | | | | | |
| ९ | २४२ | २५६ | | | | | |
| १० | २२४ | २६३ | | | | | |
| ११ | ८३ | १४५ | | | | | |
| १२ | ८४ | १५० | | | | | |

## कक्षागत सिकाइ उपलब्धी २०७८

| क.स. | विषय | कक्षा | | | | | | | | जम्मा सिकाइउपलब्धि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |
| १ | नेपाली | ५४ | ५३ | ५६ | ५२ | ५० | ५३ | ५२ | ४५ | |
| २ | अंग्रेजी | ६० | ५४ | ५४ | ५७ | ४९ | ४८ | ५१ | ४२ | |
| ३ | गणित | ४९ | ४८ | ५५ | ५२ | ४७ | ४९ | ५० | ४० | |
| ४ | विज्ञान | ४५ | ४९ | ५२ | ४८ | ६० | ५२ | ४९ | ४० | |
| ५ | सामाजिक | ६१ | ५४ | ५२ | ४७ | ५९ | ५४ | ५६ | ४१ | |

## आधारभूत शिक्षा सञ्चालनका लागि संरचनागत व्यवस्था र सेवाप्रवाहको गुणस्तर

आधारभूत तहको शिक्षालाई अनिवार्य तथा नि:शुल्क प्रभावकारी कार्यान्वियन गर्न आवश्यकता रहेको छ । यसका लागि यस गाउँपालिकाले प्रभावकारी कार्यान्वियनका लागि छलफल, अन्तरकिया तथा अनुगमन गर्ने छ । आर्थिक अभावका कारण कोही पनि बालवालिकाले आधारभूत तहको शिक्षाबाट बञ्चित नहुने अवस्थाको सुनिश्चिच गरिने छ । प्रारम्भिक कक्षाको पठनसीप वृद्धिका लागि शिक्षकलाई तालिम, आवश्यक शैक्षिक तथा सन्दर्भ सामग्रीको उपलब्ध गराई कक्षा कोठामा बुक कर्नर स्थापना गरी थप पढ्ने वातावरण सिर्जना गरिने छ भने बालवालिकाको पढाइको लागि परिवार तथा समुदायको संलग्नता अभिवृद्धि गरिने छ ।

आधारभूत तहको शिक्षामा बालवालिकाको सिकाइ दर एकदम न्यून देखिएको छ । शैक्षिक गुणस्तर केन्द्रबाट गरिएको कक्षा ३ को पढाइ तथा गणितीय सीप  परीक्षणमा सिकाइ उपलब्धी न्युन देखिएको छ । यसै गरी कक्षा ५ र ८ मा गरिएको सिकाइ उपलब्धी परीक्षणमा न्युन सिकाइ उपलब्धी देखिएको छ । बिभिन्न कारणले गर्दा बालवालिकाले विद्यलय छोड्ने तथा कक्षा दोहोर्‍याउने दरमा उच्च देखिन्छ जसकारण बालवालिकाले तह पूरा गर्ने अपेक्षित दरमा कमी रहेको छ ।

कोभिड १९ महामारीका कारण प्रत्यक्ष पठपाठन हुन नसकेको तथा बैकल्पिक विधिबाट शिक्षण गर्दा बिभिन्न कारण प्रभाकारिता अपेक्षित देखिएन । यसकारण बालवालिकाले ठुलो शैक्षिक क्षति व्यहोर्नु परेको छ । अबका दिनमा यस्तै महामारीको अवस्थामा पनि बालवालिकाको पठनपाठन सुचारु गर्न तथा बालवालिकाको शैक्षिक वातवरण न्युनीकरण गर्न आवश्यक योजना तथा कार्यक्रम बनाउन जरुरी देखिन्छ ।

बालवालिकाको सिकाइ उपलब्धी साथै शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि शिक्षकको पेशागत विकास गरी विद्यालय तहको अनुगमन, पृष्ठपोषण जस्ता क्रियाकलाप गर्न जरुरी देखिन्छ । विद्यालय भित्रको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री तथा सामावेशीको विकास गरी बालवालिकाको सिकाइ उपलब्धीमा जबाफदेहीको प्रणाली विकास गर्न जरुरी देखिन्छ । आधारभूत तहको शिक्षामा तपशिल बमोजिमको अवसर तथा चुनौती रहेका छन । यस गाउँपालिकाले अवसरको सदुपयोग गर्दै चुनौतीलाई सम्बोधन गरी आधारभूत तहको शिक्षालाई सबै नागरिकको पहूँचमा पुर्‍याउन यथेष्ट योजना, रणनीति तथा कार्यक्रम बनाउन जरुरी  देखिन्छ ।

## अवसर

१. आधारभूत तहका विद्यार्थीहरुका लागि छात्रवृत्तिको व्यवस्था गरेको ।
२. शिक्षकलाई कम्प्युटर, लेखा तथा टिपिडि तालिमको व्यवस्था  गरको ।
३. गाउँपालिकाले शिक्षक अनुदान कोटाको व्यवस्था गरेको ।
४. अनिवार्य तथा निःशुल्क शिक्षाको सुनिश्चितता गरेको ।
५. कक्षा १-५ को स्थानीय पाठ्यक्रम तथा शन्दर्भ सामाग्री निर्माण भई कार्यान्वयनका क्रममा रहेको ।
६. भौतिक निमार्ण पूर्ण सम्पनताको अबस्थामा पुगेको ।
७. सबै आधारभूत तह ६-८ चलेका विद्यालयमा ICT को पहुँच विस्तार भएको ।
८. हरेक विद्यालयमा कम्प्युटर प्रिन्टर सेट उपलब्ध भएको ।
९. पूर्वप्राथमिक तहदेखि कक्षा ५ सम्म दिवा खाजाको व्यवस्था भएको ।
१०. हरेक विद्यालयका लागि इन्टरनेट वापत वार्षिक एकमुष्ट अनुदान उपलब्ध हुने गरेको ।
११. निः शुल्क रुपमा रङ्गीन कार्य पुस्तक वितरणको व्यवस्था भएको ।
१२. पालिकामा छानिएका विद्यालयहरुमा परीक्षण बहुकक्षा बहुस्तर कक्षा व्यवस्था भएको ।
१३. हरेक वर्ष बुककर्नरको लागि अनुदान प्राप्त हुने गरेको ।

## चुनौतीहरु :

१. आधारभूत तहमा सबै बालवालिकाको पहूँच तथा सहभागिताको सुनिश्चित गर्ने ।
२. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
३. आधारभूत तहका बालवालिकाहरुको शिक्षाको गुणस्तरमा सुधार गर्दै सिकाइ उपलब्धीमा सुधार गर्ने ।
४. आधारभूत तहका विद्यालयहरुको भौतिक संरचनामा सुधार गरी बालमैत्री सिकाइ वातावरणको सुनिश्चित गर्ने ।
५. आधुनिक प्रविधिमा विद्यार्थीहरुको पहूँच सुनिश्चित गर्दै शिक्षकहरुको पेशागत दक्षतामा सुधार गर्ने ।
६. आधारभूत विद्यालयहरुलाई पुनर्वितरण तथा समायोजन गर्दै तिनीहरुको शैक्षिक स्तरमा सुधार गर्ने ।
७. सम्पूर्ण रुपमा विषयगत शिक्षक दरबन्दीको प्रबन्ध सहित योग्य र दक्ष जनशक्तिको व्यवस्थापन गर्ने  ।
८. शिक्षकहरुको वृति विकासलाई नतिजामा आधारित गरि व्यवस्थित गर्ने  ।
९. परिवर्तित पाठ्यक्रम अनुसार विद्यार्थी मूल्याङ्कन पद्धतिलाई व्यवस्थित गर्ने ।
१०. विशेष वालवालिका तथा अपांगता भएका वालवालिका विद्यलयको पहूँचमा सुनिश्चतता प्रदान गर्ने
११. आधारभूत तहमा विद्यार्थी टिकाउ दर वृद्धि गर्ने ।

**लक्ष्य**

सबै बालबालिकाहरुका लागि समतामुलक, समाबेशी तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

## ३.२.३ उद्देश्यहरु

१.अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वियन गरी सबै बालवालिकाको आधारभूत शिक्षामा पहूँच सुनिश्चित गर्ने ।
२.शैक्षिक गुणस्तर सुधार गरी बालवालिकाको न्यूनतम सिकाइ उलब्धी वृद्धिको सुनिश्चित गर्ने ।
३.आधारभूत तहमा बालवालिकाको टिकाउ दरमा वृद्धि गर्ने ।
४.विद्यालयको वातावरण भय रहित, सामावेशी तथा बिभेद रहित बालमैत्री बातावरण सिर्जना गरी बालमैत्री तथा समावेशी गुणस्तरीय शिक्षा प्रदान गर्ने ॥
५.आधारभूत तहका विद्यालयहरुको भौतिक संरचना तथा शैक्षिक कियाकलाप बालमैत्री तथा समावेशी बनाउने ।
६.शिक्षकको पेशागत क्षमता अभिवृद्धि गरी शैक्षिक कियाकलापमा सुधार गर्ने ।
७.आधारभूत तहका सबै विद्यालयमा सूचना, प्रविधि तथा सञ्चारका पहूँच विस्तार गर्ने ।
८.विद्यालयमा विपद उत्थानशील भौतिक संरचना निर्माण गर्नु तथा विपदमा पनि सिकाइ कियाकलापको निरन्तरताको अवस्था सिर्जना गर्ने ।
९. विद्यालयको शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने ।
१० विद्यालय पद्धतिलाई विविधता अनुकुल, उत्थानशील र जवाफदेही बनाउने ।
११.सिकाइलाई दैनिक जीवनसँग सम्बन्धीत गराउने ।
१२. अन्तरसम्बन्धीत विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

## ३.२.५ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनितिहरु |
|---|---|
| प्रचलित मापदण्ड बमोजिम आधारभूत तहको विद्यालयको समायोजन गरी सबै बालवालिकाको विद्यालयमा पहूँच सुनिश्चित गर्ने । | कार्यविधि निर्माण गरी स्थलगत अनुगमन निरीक्षण गरी आवश्यकता अनुसार विद्यालय समायोजन गरिनेछ । |
| आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क गरी प्रभावकारी कार्यान्वयन गर्ने । | विद्यार्थी संख्या तथा शिक्षक अनुपातको आधारमा दरबन्दी वितरण समायोजन गरिनेछ । |
| एकवडा एक नमुना आधारभूत विद्यालय अवधारण कार्यान्वयनमा ल्याई कार्यान्वयन गर्ने । | नमूना शैक्षिक संस्थासम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ । |
| आधारभूततहमा सघन भर्ना अभियान तथा अभिभावकत्व ग्रहण कार्यकम संचालन गर्ने । | अभिभावकविहिन बालवालिकाहरुलाई गाउँपालिकामार्फत अभिभावकत्व ग्रहणका लागि पहल गरी शिक्षालाई निरन्तरता दिइनेछ |
| विद्यार्थी टिकाउ दर सुनिश्चित गर्न समता रणनीति लागु गर्ने, शैक्षिक सामग्री सहयोग तथा अन्य प्रोत्साहनका कार्यकम संचालन गर्ने । | विद्यार्थीलाई प्रोत्साहन गन कक्षा ८ सम्म दिवा खाजा तथा अन्य व्यवस्थापन गरिनेछ । |
| विद्यालय उपस्थिति दरलाई बृद्धि तथा विद्यार्थीको शैक्षिक प्रगति विवरण उपलब्ध गराउने । | अभिभावक शिक्षा, भेटघाट, अन्तरक्रियाकार्यकम तथा जीवन उपयोगी सीप सम्बन्धी कार्यकम सञ्चालन गरिनेछ । |
| जेहन्दार तथा सीमान्तकृत बालवालिकाहरुलाई विद्यालयको पहूँचमा ल्याउने । | जेहन्दार तथा सीमान्तकृत बालवालिकाहरुको तथ्याङ्क संकलन गरी प्रोत्साहन तथा पहूँच सुनिश्चित गरिनेछ । |

| रणनीति | कार्यनितिहरु |
|---|---|
| शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्ने । | शिक्षकको क्षमता विकासगर्न शिक्षक तालिम तथा थप योग्यता हासिल गर्न प्रोत्साहित गरिनेछ । |
| एकीकृतपाठ्क्रम प्रभावकारी रुपमा कार्यान्वयनका गर्ने । | सम्बन्धी शिक्षकहरुलाई तालिम तथा प्रवोधिकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| बालमैत्री बसाई व्यवस्थापन तथा छापामय कक्षा कोठाको व्यवस्था मिलाईने छ । | कक्षा १ देखि ३ सम्मको बालवालिकाका लागि बालमैत्री बसाई व्यवस्थापन तथा छापामय सामाग्रीहरु निर्माण गरीकक्षा कोठाको व्यवस्थापन गरिनेछ । |
| बालवालिकाको सिकाइ स्तर बृद्धि गर्ने । | थपअध्ययन तथा सिकाइका लागि सन्दर्भसामग्री सहितको निदानात्मक शिक्षण विधिबाट शिक्षण तथा दिवा आवासीय कक्षाको व्यवस्था गरिने छ । |
| मापदण्ड बमोजिमका कक्षागत पुस्तकालयको स्थापना गर्ने । | प्रारम्भिक कक्षामा कक्षा गत सामाग्रीसहितको पुस्तकालयको व्यवस्था गरी बालवालिकालाई पढाईको अवसर प्रदान गरिने छ । |
| शिक्षणमा स्थानीय शैक्षिक सामाग्रीको प्रयोग गर्ने । | पाठ्यक्रममा आधारित रहि स्थानीय शैक्षिक सामग्री निर्माण गरि शिक्षण सिकाइ गरिनेछ । |
| सूचना, प्रविधि तथा सञ्चारको न्यूनतम सुविधा उपलब्ध गराउने । | आवश्यकतानुसार सूचना प्रविधिका सामाग्री र भौतिक संरचनाको व्यवस्था गरिनेछ । |
| बालवालिकालाई जीवन उपयोगी सीपसहितको शिक्षा प्रदान गर्ने । | सैद्धातिक ज्ञानलाई व्यवहारिक जीवनमा लागु गर्न पहल गरिनेछ । |
| कक्षा ६ ८ को स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने । | नगर स्तरमा विज्ञ समूह निर्माण गरि पाठ्यक्रम निर्माण गरिनेछ । |
| कक्षा ५ सम्म सम्म २० वटा विद्यालयमा बहुकक्षा बहूस्तर शिक्षण सिकाइ विधि कार्यान्वयन गर्ने । | कक्षा १ देखि ५ सम्म बहुकक्षा बहुस्तर शिक्षण विधिबाट शिक्षण गरिने छ । |

### ३.२.६ उपलब्धी, नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य

**कार्यक्रम कार्यान्वयन तालिका**

| क्र.सं | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| १ | विद्यालयको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | १ बर्षमा १ पटक | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह | |
| २ | विद्यालयमा मापदण्ड अनुसार विषयगत शिक्षकको व्यवस्थापन | जना | ४० | ४८ | ५६ | ६४ | ७३ | ७३ | ७३ | संङ्घ प्रदेश स्थानीय तह | |
| ३. | नमुना आधारभूत विद्यालय निर्माणका लागि निर्देशिका तथा कार्यक्रम तयारी | ५ बर्षमा १ पटक | १ | | | | | १ | १ | स्थानीय | |
| ४. | सबै बालबालिकाको विद्यालको पहुँच बृद्धिका लागि सघन रुपमा भर्ना अभियान संचालन । | नियमित रुपमा प्रत्येक वर्ष | | | | | | | | विद्यालय, स्थानीय तह | |
| ५. | एकिकृत पाठ्यक्रम थप प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि सम्मका शिक्षकहरुलाई तालिम प्रदान | एक विद्यालय १ जना | ४४ | ३५ | १९ | १२ | ६ | ११६ | ११६ | सघं,प्रदेश र स्थानीय | |
| ६. | आधारभूत तहमा कक्षा १ देखि ८ सम्म मागमा आधारित तालिम सञ्चालन | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | १२५ | प्रदेश र स्थानीय | |
| ७ | विद्यालयको भवन, फर्निचर मर्मत तथा घेराबार निर्माणमा सहयोग | आबश्यकता नुसार | ३ | ५ | ६ | ४ | २ | २० | २० | स्थानीय तह,प्रदेश र सङ्घ | |
| ८ | शौचालय तथा खानेपानीको व्यवस्था | आबश्यकता नुसार | ३ | ६ | ७ | ५ | ३ | २४ | २४ | स्थानीय तह,प्रदेश र सङ्घ | |

| क्र.सं | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| ९ | सबैबालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास पुस्तिका उपलब्ध गराउने । | नियमित रुपमा वि.सङ्ख्या अनुसार | वि.सङ्ख्या अनुसार | वि.सङ्ख्या अनुसार | वि.सङ्ख्या अनुसार | वि.सङ्ख्या अनुसार | वि.सङ्ख्या अनुसार | वि.सङ्ख्या अनुसार | | सङ्घ | |
| १० | स्थानीय शैक्षिक सामग्री निर्माणका लागि अनुदान | विद्यालय | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | प्रदेश र स्थानीय तह | |
| ११ | आधारभूत विद्यालयलाई निर्देशिका तथा कार्यविधि बमोजिम उत्कृष्ट विद्यालय छनौट न्चबलत द्यगमनभत सहयोग गर्ने । | ५ | नियमित | नियमित | नियमित | नियमित | नियमित | | | सर्शत अन्तरगतको बजेट | |
| १२ | विपन्न,जेहेन्दार बालबालिकालाई छात्रवृति तथा शैक्षिक सामग्री सहयोग | नियमित | तोकिए बमोजिम | तोकिए बमोजिम | तोकिए बमोजिम | तोकिए बमोजिम | तोकिए बमोजिम | | | सङ्घ, | |
| १३ | कक्षा १ देखि ५ सम्मका विद्यालयहरुलाई पुस्तकालयका लागि सहयोग गर्ने । | नियमित रुपमा | तोकिए बमोजिम | तोकिए बमोजिम | तोकिए बमोजिम | तोकिए बमोजिम | तोकिए बमोजिम | | | सङ्घ, | |
| १४ | प्र.अ.बाट कक्षा अनुगमन । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय | |
| १५ | कक्षा ६ देखि ८ सम्मका बालबालिकालाई जीवन उपयोगी शिक्षा दिने । | नियमित रुपमा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय, शिक्षक, प्र.अ | |
| १६ | शिक्षकको पुर्नताजगी तालिम संचालन गर्ने । | जना | १० | २० | २० | २० | १० | ८० | ८० | प्रदेश र स्थानीय तह | |
| १७ | वि.व्य.स. ,प्र.अ. र अभिभावक हरुलाई अभिमुखीकरण | वर्षमा १ पटक सबै विद्यालय लाई | ३३ | ३३ | ३३ | | | ९९ | ९९ | स्थानीय तह | |

| क्र.सं | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| १८ | आई.सि.टी. र SAS तालिम संचालन सबै विद्यालयलाई | आधारभूत तह १–८ | | ३३ | | | | ३३ | ३३ | स्थानीय तह | |
| १९ | स्थानीय पाठ्यक्रम कार्यन्वयन प्रबोधीकरण तालिम कक्षा १ देखि ५ सम्म | आधारभूत तह १–५ | | २५ | | | | २५ | २५ | | प्रति विद्यालय १ जना |
| २० | स्थानीय पाठ्यक्रम निर्माण ६ देखि ८ | ५ बर्षमा १ पटक | | १९ | | | | १९ | १९ | स्थानीय तह | |
| २१ | शिक्षक उपदान कोष व्यवस्थापन | जना | ४० | ४८ | ५६ | ६४ | ७३ | ७३ | ७३ | स्थानीय तह | |
| २२ | आधारभूत तह १-८ अतिरिक्त क्रियाकलाप तथ खेलकुद विकास | विद्यालय | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | स्थानीय तह | |

**आधारभूत शिक्षाका लागि आवश्यक बजेट(साविक अनुदान बाहेकको अनुमानित)**

| क्र.स. | प्रमुख क्रियाकलाप | बजेट वितरण( रु हजारमा) | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | | |
| १ | विद्यालयको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | १२० | २४ | २४ | २४ | २४ | २४ | स्थानीय तह | |
| २ | विद्यालयमा मापदण्ड अनुसार विषयगत शिक्षकको व्यवस्थापन | ७५८७० | १०८०० | १२९६० | १५१२० | १७२८० | १९७१० | सङ्घ प्रदेश र स्थानीय तह | |
| ३ | नमुना आधारभूत विद्यालय निर्माणका लागि निर्देशिका तथा कार्यक्रम | १०० | १०० | | | | | स्थानीय तह | |

| क्र.स. | प्रमुख क्रियाकलाप | बजेट वितरण( रु हजारमा) | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | | |
| ४. | सबै बालबालिकाको विद्यालको पहुँच बृद्धिका लागि सघन रुपमा भर्ना अभियान संचालन | | | | | | | स्रोत नचाहिने | |
| ५ | एकिकृत पाठ्यक्रम थप प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरुलाई तालिम प्रदान (प्रवोधिकरण) | ७५० | १५० | १५० | १५० | १५० | १५० | स्थानीय तह | |
| ६ | आधारभूत तहमा कक्षा ४ देखि ८ सम्म मागमा आधारित तालिम संचालन | ७५० | १५० | १५० | १५० | १५० | १५० | | |
| ७ | विद्यालयको भवन, फर्निचर घेराबार निर्माणमा सहयोग | १३००० | १९५० | ३२५० | ३९०० | २६०० | १३०० | सङ्घ प्रदेश र स्थानीय तह | |
| ८. | शौचालय तथा खानेपानीको व्यवस्था | १५६०० | १९५० | ३९०० | ४५५० | ३२५० | १९५० | सङ्घ प्रदेश र स्थानीय तह | |
| ९ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास पुस्तिका उपलब्ध गराउने । | साविक नियमित | साविक नियमित | साविक नियमित | साविक नियमित | साविक नियमित | साविक नियमित | सङ्घ | नियमित रुपमा |
| १० | स्थानीय शैक्षिक सामग्री निर्माणका लागि अनुदान | १६५० | ३३० | ३३० | ३३० | ३३० | ३३० | स्थानीय तह | |
| ११. | आधारभूत विद्यालयलाई निर्देशिका तथा कार्यविधि बमोजिम उत्कृष्ट विद्यालय छनौट Grant Budget सहयोग गर्ने । | ५०० | १०० | १०० | १०० | १०० | १०० | स्थानीय तह | |
| १२ | विपन्न,जेहेन्दार बालबालिकालाई छात्रवृति तथा शैक्षिक सामग्री सहयोग । | साविक सङ्घीय अनुदान | साविक सङ्घीय अनुदान | साविक सङ्घीय अनुदान | साविक सङ्घीय अनुदान | साविक सङ्घीय अनुदान | साविक सङ्घीय अनुदान | सङ्घीय सरकार | |
| १३ | कक्षा १ देखि ५ सम्मका विद्यालयहरुलाई पुस्तकालयका लागि सहयोग गर्ने । | नियमित बुक कर्नर अनुदान | नियमित बुक कर्नर अनुदान | नियमित बुक कर्नर अनुदान | नियमित बुक कर्नर अनुदान | नियमित बुक कर्नर अनुदान | नियमित बुक कर्नर अनुदान | सङ्घीय सरकार | |

| क्र.स. | प्रमुख क्रियाकलाप | बजेट वितरण( रु हजारमा) | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | | |
| १४ | स्थानीय विषयगत विज्ञ समूह तथा प्र.अ.बाट कक्षा अनुगमन। | ५०० | १०० | १०० | १०० | १०० | १०० | स्थानीय तह | |
| १५ | कक्षा ६ देखि ८ सम्मका बालबालिकालाई जीवन उपयोगी शिक्षा दिने। | ४७५० | ९५० | ९५० | ९५० | ९५० | ९५० | स्थानीय तह | |
| १६ | शिक्षकको पुर्नताजगी तालिम संचालन गर्ने | ६०० | ७५ | १५० | १५० | १५० | ७५ | स्थानीय तह | |
| १७ | वि.व्य.स., प्र.अ. र अभिभावकहरुलाई अभिमुखीकरण | ४५० | १५० | १५० | १५० | | | स्थानीय तह | |
| १८ | आई.सि.टी. र SAS तालिम संचालन सबै विद्यालयलाई | २०० | २०० | | | | | स्थानीय तह | |
| १९ | स्थानीय पाठ्यक्रम निर्माण ६ देखि ८ | ३०० | ३०० | | | | | स्थानीय तह | |
| २० | स्थानीय पाठ्यक्रम कार्यन्वयन प्रबोधीकरण तालिम कक्षा १ देखि ५ सम्म | २५० | २५० | | | | | स्थानीय तह | |
| २१ | शिक्षक उपदान कोष व्यवस्थापन | ६७४४ | ९६० | ११५२ | १३४४ | १५३६ | १७५२ | स्थानीय तह | |
| २२ | आधारभूत तह १-८ अतिरिक्त क्रियाकलाप तथ खेलकुद विकास | २४७५ | ४९५ | ४९५ | ४९५ | ४९५ | ४९५ | स्थानीय तह | |
| | जम्मा | १२४६०९ | १९०३४ | २३८६१ | २७५१३ | २७११५ | २७०८६ | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

समयको परिवर्तन संगै नेपालको शिक्षाको तहगत संरचनामा पनि समय समयमा परिवर्तन भएको पाइन्छ । शिक्षा ऐन २०२८ अनुसार मध्यमिक तह कक्षा ९ र १० लाई मानिए तापनि विभिन्न समयका कार्यक्रम र योजनाको स्वीकृतिमा हाल विद्यालय तहको संरचना आधारभूत तह र माध्यमिक तह गरी दुई संरचनामा रहेको छ ,जसमा कक्षा १-८ लाई आधारभूत तह र कक्षा ९-१२ लाई माध्यमिक तहको रुपमा वर्गीकरण गरिएको छ । माध्यमिक शिक्षाले माध्यमिक तहका विद्यार्थीलाई आत्मविश्वास, नैतिकवान, चरित्रवान, इमान्दारीता, लोकतान्त्रिक आचरण भएका राष्ट्रिय एकताको भाव, बहु साँस्कृतिक मूल्यमान्यता, विविधता राष्ट्रिय आर्दश बन्न सक्ने, शान्ति मानवअधिकार, दिगोविकास, पर्यावरणीय सन्तुलन, द्वन्द व्यवस्थापन र विपद व्यवस्थापन प्रति सचेत र जिम्मेवार, सबै प्रकारका पेशाप्रति सम्मान गर्न सक्ने, सीपयुक्त, ज्ञान र प्रविधिले युक्त, राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने, व्यक्तिगत र राष्ट्रिय रुपमा आइपर्ने समस्याहरुसँग जुध्न सक्ने, अरुको विचार र भावनाको सम्मान एवं कदर गर्न सक्ने, सकारात्मक सोच, सृजनशील नागरिक तयार पार्ने उद्देश्य राखेकोछ ।

### चुनौतीहरुः

- पर्याप्त कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय खेलमैदान, खानेपानी र आवाशीय सुबिधा व्यवस्था गर्ने ,
- सिकाइको उचित वातावरण तयार पारी बालवालिकाको सिकाइ उपलब्धी उत्कृस्ट बनाउनु ,
- विद्यालयको भौतिक संरचनालाई तोकिएको मापदण्ड पूरा गराउनु ,
- विद्यार्थी संख्या अनुसार स्वीकृत विषयगत शिक्षक दरवन्दी व्यवस्था गर्ने ,
- शिक्षक, विद्यार्थी तथा अभिभावकहरुमा जिम्मेवारी बोध गराउनु ,
- अनियमित दरमा विद्यार्थीको दैनिक उपस्थितितिलाई न्युनीकरण गर्ने ,
- विशेष बालवालिका तथा अपांगता भएका बालवालिकाका लागि सहज पहूँचका लागि विद्यालयको संरचनागत र प्रबिधिगत अवसरको सिर्जना गर्ने ,
- शिक्षकहरुलाई समय सापेक्ष तालिम र पेशागत सहयोगको व्यवस्था मिलाउनु ,
- शिक्षण सिकाइलाई प्रबिधिसँग जोड्ने संयन्त्रको विकास गर्ने ,
- विद्यालयभित्र आफ्नै चमेनागृहको व्यवस्था मिलाउनु ,
- विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउनु ,
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सघलाई विद्यालयको विकासप्रति उत्तरदायी बनाउनु
- नियमित अनुगमन तथा सुपरिवेक्षण संयन्त्र सुचारु गर्नै ,
- विद्यालयमा प्रभावकारी इन्टरनेटको पहूँच बढाउनु ,
- वैकल्पिक शिक्षण सिकाइ योजना तयारी गर्ने ,
- माध्यमिक तह (कक्षा ११/१२) मा विज्ञान विषय अध्ययनको अवसर सिर्जना गर्ने ,
- विद्यार्थी टिकाउदर वृद्धिगर्ने ।

### ३.३.३ अवसरहरुः

- माध्यमिक तहमा विद्यार्थीको पहूँचमा सहजता ।
- विद्यालयमा उल्लेख्य संख्यामा विद्यार्थी भर्ना ।
- विद्यार्थीहरुलाई समयमै निःशुल्क पाठ्यपुस्तकको व्यवस्था ।
- गाउँपालिका मार्फत आवश्यकताका आधारमा शिक्षक अनुदान कोटा वितरण ।
- माध्यमिक तहका सीमान्तकृत विद्यार्थीहरुका लागि छात्रवृत्तीको व्यवस्था ।
- हरेक साल माध्यमिक तहका विद्यालयमा विज्ञान प्रयोगशाला, सूचना प्रविधि र पुस्तकालय व्यवस्थापनका लागि कार्यक्रम वितरण ।
- दक्ष, अनुभवी तथा तालिम प्राप्त विषगत शिक्षकद्वारा शिक्षण ।
- माध्यमिक तहमा निशुल्क बालिविज्ञान प्राविधिक शिक्षाको आरम्भ ।
- अनिवार्य निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितता ।
- विशेष विद्यार्थीहरुका लागि आवाशीय शिक्षाको प्रयास ।
- अपाँगमैत्री,बालमैत्री, लैङ्गिक मैत्री शौचालय सहितका विद्यालय भवन निर्माण ।
- अतिरिक्त क्रियाकलाप सञ्चालनमा सहजता ।

➢ वर्तमानका भौतिक संरचनाहरु विपद् जोखिमका दृष्टिले सुरक्षित ।

### ३.३.२ वर्तमान अवस्थाः

ईन्द्रावती गाउँपालिकामा माध्यमिक तह अन्तरगत कक्षा १–१० संचालन भएका विद्यालय ६ वटा, कक्षा १–१२ संचालन भएका ६ वटा गरी जम्मा १२ वटा माध्यमिक शिक्षा प्रदायक संस्था रहेका छन् । जसमध्य १ संस्कृत विद्यालय र १ वटा अनौपचारिक प्रौढ (खुल्ला) कक्षा संचालन भएको विद्यालय रहेको छ । शैक्षिक सत्र २०७८ का अनुसार माध्यमिक तहमा जम्मा १४०१ जना बालवालिका अध्ययनरत छन जसमा ७८० छात्रा ६२१ छात्र रहेको छन ।

यस गाउँपालिका अन्तरगत माध्यमिक तह अन्तरगत कक्षा ११–१२ मा जम्मा १० जना शिक्षक दरवन्दीमा करार सेवामा र १ जना गा.पा.अनुदानमा कार्यरत छन् । कक्षा ९–१० मा १८ जना स्थायी दरवन्दी र १४ जना राहत दरबन्दी गरी जम्मा ३२ जना शिक्षक कार्यरत रहेका छन । साथै संघीय अनुदानबाट ७, प्रदेश अनुदानबाट ३ तथा गा पा अनुदाबट ११ जना थप दरबन्दीमा कार्यरत रहेका छन । TFN FelloW शिक्षक ७ जना कार्यरत रहेका छन् ।

माध्यमिक तह ९ देखि १२ कक्षामा खुद भर्नादर ४४ र कुल भर्नादर ६० रहेको छ । लैङ्गिक समता सुचक १.२५ रहेको छ । कक्षा १० को टिकाउ दर ६८ रहेको छ । माध्यमिक तहमा जम्मा शिक्षक ७१ जना मध्ये महिला शिक्षक १० जना रहेका छन ।

### ३.३.३ लक्ष्यः

बालबालिकाहरुको सिकाइलाई प्रविधिसंग जोड्दै व्यवहारिक र जीवनोपयोगी, बनाउदै प्रतिष्पर्धी, सक्षम, ब्यवसायिक जनशक्ति तयार गरी स्वरोजगारमूलक प्राविधिक र साधारण तर्फको उच्च शिक्षाका लागि तयार पार्ने ।

### ३.३.४ उद्देश्यहरुः

➢ माध्यमिक तहसम्मको गुणात्मक शिक्षामा विद्यार्थीहरुको पहुँच वृद्धि गरी नैतिकवान, व्यावहारिक र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने ।

➢ सिकाइ वातावरण सुधार गरि सिकाइ उलब्धी वृद्धिलाई सुनिश्चित बनाउदै माध्यमिक तहमा खुद भर्नादर र टिकाउ दर बढाउने ।

➢ बालबालिकालाई जीवनउपयोगी, स्वरोजगारमूलक, व्याबहारिक र सान्दर्भिक शिक्षाको सुनिश्चित गर्दै कामको संसारमा प्रवेशका लागि तयारी गराउने ।

➢ माध्यमिक तहसम्म गुणस्तरीय, प्राविधिक, व्यावसायिक तथा वैज्ञानिक र समयानुकुल शिक्षाको सुनिश्चित गराउँदै बालबालिकालाई बिभिन्न आधारभूत सीप हासिल गर्न सहयोग गर्ने ।

➢ शिक्षकको पेशागत क्षमता अभिवृद्धि गरी शिक्षण सिकाइ सीपमा सुधार गर्ने ।

➢ माध्यमिक तहसम्मका सबै विद्यालयमा व्यवस्थित विज्ञान तथा सूचना प्रविधि प्रयोगशाला र पुस्तकालय स्थापना गरि प्राविधिक र विज्ञान विषयको उच्च शिक्षा अध्ययनको तयारी गराउने ।

रणनीति तथा कार्यनीतिहरु

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| विद्यालयलाई पुनः नक्साङ्कन गरी आवश्यक स्थानमा विद्यालय पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने । | विद्यालयहरुको अनुगमन गरी आवश्यक विद्यालयहरुका लागि दरबन्दी मिलान समायोजन तथा थप दरबन्दी सिर्जना गरिनेछ |
| विद्यालयमा विषयगत र तहगत रुपमा शिक्षकको व्यवस्थापन गर्ने । | विद्यालयहरुको अनुगमन गरी आवश्यक विद्यालयहरुका लागि दरबन्दी मिलान समायोजन तथा थप दरबन्दी सिर्जना गरिनेछ । |
| साधन स्रोतको व्यवस्थापन गरी प्रविधि मैत्री शिक्षण क्रियाकलाप सञ्चालन गर्ने । | प्रविधिमैत्री साधन र स्रोतको व्यवस्थापन गरी परिचालनका लागि क्षमता विकास तालिम प्रदान गरिनेछ । |
| विद्यार्थीको भर्ना, टिकाउ र तह पूरागर्ने दर विद्यार्थी र शिक्षकको उपस्थिति दर वृद्धिको सुनिश्चित गर्ने । | माध्यमिक तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क गरी सबै बालवालिकाको शिक्षामा पहूँच सुनिश्चितता गरिने छ । |
| विशेष बालवालिकाहरु र दुर्गम क्षेत्रका बालबालिकाहरु र स्तरीकृत परीक्षामा सम्मिलित हुने विद्यार्थीहरुकालागि आवासीय विद्यालय सञ्चालन गर्ने । | दुर्गमक्षेत्रका र अपांगता भएका बालबलिकाहरु र स्तरीकृत परीक्षामा सम्मिलित हुने विद्यार्थीहरुकालागि आवासीय विद्यालयको व्यवस्थापन गर्न सम्भावित विद्यालयमा आवासीय भवनहरु निर्माण गर्न पहल गरिनेछ । |
| विद्यालयको नियमित अनुगमन र सुपरीवेक्षण संयन्त्र विकास गर्ने | पालिकामा विज्ञसमूह गठन गरी पलैपालो विद्यालय अनुगमन गर्ने प्रबन्ध मिलाईनेछ । |

| | |
|---|---|
| विद्यार्थीहरुको प्रतिस्पर्धात्मक कार्यक्रमहरु आयोजना गराउने । | प्रतिस्पर्धी क्षमता विकासका लागि समय समयमा विद्यार्थीहरुको प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप र खेलकुद कार्यक्रमहरु आयोजना गराइनेछ ।<br>कार्यक्रम सञ्चालनका लागि आवश्यक स्रोतको व्यवस्था मिलाईनेछ । |
| परियोजना कार्य, प्रयोगात्मक कार्यमा आधारित शिक्षणकार्य गर्ने | शिक्षणकार्यलाई परियोजना कार्य, प्रयोगात्मक कार्यमा आधारित बनाइ,प्रतिस्पर्धात्मक र एक अर्काका पुरक बनाउने । |
| कमाउँदै पढ्दै कार्यक्रम सञ्चालन गर्ने । | कमाउँदै पढ्दै कार्यक्रमलाई निर्देशिका बमोजिम सञ्चालन गरी अध्ययनलाई उत्पादन सँग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ । |
| विद्यार्थी, शिक्षक तथा अभिभावक प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने | उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यार्थी, विषयगत शिक्षक तथा अभिभावक प्रोत्साहन कार्यक्रम सञ्चालनमा ल्याउने । |
| विद्यार्थी छात्रवृत्ति कार्यक्रम लागु गर्ने | विपन्न तर जेहन्दार विद्यार्थीका लागि अध्ययन सहायता कार्यक्रम सञ्चालन गर्ने |
| अभिभावक सम्मान कार्यक्रम लागु गर्ने | बालबालिकालाई माध्यमिक तहसम्म अनिवार्य रुपमा भर्ना गरी पढ्न पठाउनु पर्ने बाध्यात्मक व्यवस्था लागु गरी छोराछोरीलाई माध्यमिक तह पूरा गराउने अभिभावक सम्मान कार्यक्रम लागु गर्ने । |
| अतिरिक्त कक्षा सञ्चालन गर्ने | सिकाइ उपलब्धी कमजोर भएका विद्यार्थीका लागि मूख्य विषयहरुको सिकाइ उपलब्धी वृद्धि गर्ने अतिरिक्त कक्षा सञ्चालन गरी विद्यार्थी सहायता कार्यक्रम सञ्चालन गर्ने । |
| उत्कृष्ट विद्यार्थीलाई सेवा सुविधामा प्राथकिता क्रममा अघि राख्ने । | पालिकाभित्रको सार्वजनिक सेवाको अवसरहरुमा पालिका भित्रको विषयगत उत्कृष्ट विद्यार्थीलाई प्राथकिता क्रममा अघि राख्ने । |
| प्राविधिक शिक्षाको अवसर वृद्धि गर्ने । | एक पालिका एक बहुप्राविधिक शिक्षालय तथा स्थानीय बजार माग र सम्भाव्यताका आधारमा एक वडा एक प्राविधिक विद्यालय स्थापना गर्ने । |
| स्थानीय प्रविधिलाई शैक्षिक गुणस्तर कायम राख्ने गरी समय सापेक्ष रुपले शिक्षण गर्ने । | पालिकामा गुणस्तरीयताको मापदण्ड निर्धारण गरी शिक्षा र स्थानीय पेसा, स्थानीय प्रविधि र विज्ञानलाई एकअर्कामा अनुबन्धित गराइ कार्यान्वयनमा ल्याउने । |
| शिक्षक तालिमलाई कक्षा कोठामा अनिवार्य कार्यान्वयन गराउने । | विषयगत शिक्षकहरुलाई विज्ञान र प्रविधि प्रयोग तालिमको अवसर सिर्जना गर्ने । |
| | शिक्षकलाई पेसागत सहयोग र क्षमता विकासका कर्यक्रममा सहभागी गराइ शिक्षण सीपलाई कक्षा कोठामा प्रयोग गरी शिक्षण सिकाइमा सुधार गर्ने । |
| तहगत रुपले योग्य प्रधानाध्यापक नियुक्ति गर्ने । | प्रत्येक विद्यालयमा सक्षम र उत्प्रेरित प्रधानाध्यापक व्यवस्था गर्ने । |
| विद्यालयको प्रयोगशाला, पुस्तकालयको उपयोग गराई वैज्ञानिक तथा प्राविधिक शिक्षाप्रति बालबालिकाहरुलाई आकर्षित गराउदै लैजने । | पालिका भित्रका विद्यालयहरुमा सम्भाव्यता हेरी विज्ञान र प्राविधिक विषय अध्ययनका लागि तयारी गरिनेछ । |
| वि.व्य.स. र शि. अ. सको व्यवस्थापन क्षमता विकास गराउने । | . अभिभावक, शिक्षक, विव्यसलाई जवाफदेही र जिम्मेवार बनाइ तालिम प्रदान गरिनेछ । |
| बालमैत्री, अपांगमैत्री, छात्रामैत्री प्रविधिमैत्री समावेशी समन्यायिक तथा सुरक्षित भौतिक संरचना निर्माण गर्ने । | भवन आचार संहिता बमोजिम भवन निर्माण तथा पूराना भवनहरु प्रवलिकरण गरिनेछ । |
| विपतकालीन शिक्षाका लागि उपयुक्त वैकल्पिक सिकाइ सहजीकरण प्रक्रिया निर्धारण गर्ने । | हरेक समुदायमा सूचना प्रविधिको पहुँच विस्तार गरी हरेक सामुदायिक विद्यालयमा प्रभावकारी इन्टरनेटको व्यवस्था मिलाईनेछ । |
| वि.स्वा.पो.स कार्यक्रम प्रभावकारी रुपले कार्यान्वयन गराउने । | प्रत्येक सामुदायिक मा.वि.हरुमा एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन गरी माध्यमिक तहसम्म दिवाखाजा कार्यक्रम सञ्चाल गरिनेछ । |

## ३.३.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### ३.३.६.१ उपलब्धी

माध्यमिक शिक्षाको साधारण र प्राविधिक धारमा सबैको पहुँच सुनिश्चित भइ समयानुकूल व्यावहारिक जीवनोपयोगी शिक्षाको प्राप्ती, सान्दर्भिकता र गुणस्तरमा सुधार हुनेछ ।

### ३.३.६.२ प्रमुख नतिजा

- आवश्यक स्थानमा तहगत विद्यालय स्थपना भई प्रत्येक विद्यालयमा आधारभूत मापदण्ड पूरा भएको हुनेछ ।
- निःशुल्क, समयानुकुल, गुणस्तरीय साधारण र प्राविधिक शिक्षामा पहुँच सुनिश्चित भइ नियमितता, खुद भर्ना दर, उपस्थिति दर, टिकाउ दर र तहपूरागर्ने दरमा वृदि भएको हुनेछ ।
- दुर्गम क्षेत्रका र विशेष आवश्यकता भएका बालबालिकाहरु स्तरीकृत परीक्षामा सहभागी हुने विद्यार्थीहरु आवासीय विद्यालयमा रही अध्ययन पूरा गर्ने अवसर प्राप्त गरेका हुनेछन् ।
- प्रत्येक तहका बालबालिकाको न्यूनतम सिकाइ उपलब्धी वृद्धि भएको हुनेछ ।
- माध्यमिक शिक्षाको समता सूचकहरु (भर्ना, उपलब्धी, भौगोलिक, सामाजिक, आर्थिक क्षेत्रको सहभागिता आदि) मा सुधार देखिनेछ ।
- विद्यालयमा अध्ययन अवधिभर र अध्ययन पछि विद्यार्थीहरुले हरेक शैक्षिक र खेलकुद प्रतियोगितामा सामेल भई उत्कृष्ट नतिजा ल्याएका हुनेछन् ।
- शिक्षण क्रियाकलाप व्यावहारिक भइ विद्यार्थीको अध्ययन उत्पादनमूखी र जीवनोपयोगी भएको हुनेछ ।
- उत्कृष्ट अभिभावक, विद्यार्थी शिक्षक सम्मानित भई अध्ययन र अध्यापन कार्यप्रति उत्प्रेरित हुनेछन् ।
- क्षमतावान तर विपन्न विद्यार्थीले पढ्ने र रोनगारीको अवसरमा आफ्नो स्थान सुरक्षित गरेका हुनेछन् ।
- सिक्ने चाहना भएका बालबालिकाहरुले पर्याप्त सिक्ने अवसर प्राप्त गरेका हुनेछन् ।
- पालिकाभित्रका सबै बालबालिकाले वैज्ञानिक, प्राविधिक र व्यावसायिक शिक्षाको अवसर पाएका हुनेछन् ।
- शिक्षकहरुले आफ्नो पेशागत दक्षता विकास गरी जिल्लाकै सर्बोत्कृष्ट शिक्षक बन्ने अवसर पाएका हुनेछन् ।
- विद्यालयहरुमा वि.व्य.स, शि.अ.स, अभिभावक तथा शिक्षकको क्षमता विकास भइ असल व्यवस्थापन, सुशासन र पारदर्शिता कायम भएको हुनेछ ।
- विद्यालयका भौतिक संरचनाहरु बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री, प्रविधिमैत्री, समावेशी, समन्यायिक तथा सुरक्षित भएका हुनेछन् ।
- विद्यालयमा विपत व्यवस्थापन योजना सहित प्रकोप, सङ्कट तथा माहमारी लगायतका परिस्थिति प्रति विद्यालयहरु उत्थानशील रहनेछन् ।
- विद्यार्थीले सामान्य स्वास्थ्य परीक्षण र उपचारको सुविधा विद्यालय मै पाएका हुनेछन् ।
- हरेक बालबालिकाले पत्रु खाजाको कारण स्वास्थ्य समस्या भोग्नु पर्ने छैन र घरमा फोहर मैला व्यवस्थापन र पोषणयुक्त खाना खान बालबालिकाले नै अभिभावकलाई सचेत गराएका हुनेछन् ।
- माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह भएको हुनेछ ।

## प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं | प्रमुख क्रियाकलापहरु | इकाइ | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | निःशुल्क माध्यमिक शिक्षा कायान्वयनका लागि कार्यविधि, निर्देशिका निर्माण । | पटक | १ | | | | | १ | १ | |
| २ | विद्यालय नक्शाङ्कन, समायोजन, पुनर्वितरण, पुन:स्थापना । | पटक | निरन्तर | | | | | | | |
| ३ | मापदण्ड अनुसारको शिक्षक व्यवस्था । | विद्यालय | १५ | २० | ३० | ३५ | ४३ | ४३ | ४३ | |
| ४ | सूचना तथा सञ्चार प्रविधि मैत्री विद्यालय व्यवस्थापन । | विद्यालय संख्या | ३ | ३ | ३ | ३ | | १२ | १२ | |
| ५ | भौतिक संरचना (भवन) विस्तार र प्रबलीकरण कोष खडा गर्ने । | विद्यालय | २ | ३ | ३ | ३ | १ | १२ | १२ | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धी परीक्षण । | विद्यालय | नियमित | नियमित | नियमित | नियमित | नियमित | | | |
| ७ | क.खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन | सबै मा. विद्यालय | नियमित | नियमित | नियमित | नियमित | नियमित | | | |
| | ख.खेलकुद तथा अतिरिक्त क्रियाकलाप जनशक्ति व्यवस्थापन | जना | १ | ३ | ४ | | | ४ | ४ | |
| ८ | दिवाखाजा, सिकाइ सामग्री व्यवस्था । | विद्यालयको विद्यार्थी संख्या | ४ | ८ | १२ | | | १२ | १२ | |
| ९ | शिक्षक विद्यार्थी अभिभावक, प्रोत्साहन वितरण । | नियमित प्रतिवर्ष | १ | १ | १ | १ | १ | १ | १ | |
| १० | आवासीय विद्यालय स्थापना र सञ्चालन । | वटा | | १ | | २ | | | २ | |
| ११ | विद्यालयको उत्थानशील तथा विपद् व्यवस्थापन योजना निर्माण । | पटक | १ | | | | | | १ | |
| १२ | आवधिक तथा नियमित विद्यार्थी मूल्याङ्कन प्रणाली व्यवस्थापन र सञ्चालन । | नियमित | | | | | | | | |
| १३ | सरोकारवाला समूहको क्षमता विकास कार्यक्रम सञ्चालन । | जना | १२ | १२ | १२ | | | ३६ | ३६ | |
| १४ | विद्यालय स्वास्थ्य, पोषण कार्यक्रम अन्तर्गत विद्यालय नर्श कार्यक्रम सञ्चालन | विद्यालय | | ३ | ६ | ९ | | ९ | ९ | |
| १५ | न्यूनतम सुविधा सम्पन्न खानेपानी, खेल मैदान, शौचालय, चमेना गृह र घेरावार निर्माण । | विद्यालय | ३ | ३ | ३ | ३ | | १२ | १२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | विज्ञान प्रयोगशाला र पुस्तकालय स्थापना तथा अद्यावधिक | विद्यालय | ३ | ३ | ३ | ३ | | १२ | १२ | |
| १७ | क. विद्यालय कर्मचारी व्यवस्थापन | जना | २ | ४ | ६ | ६ | ६ | ६ | ६ | |
| | ख. कर्मचारी वृत्ति विकास | जना | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यन्वयन र वजेट विवरण

| क्र. सं | प्रमुख क्रियाकलापहरु | कुल बजेट | वजेट जम्मा रु.(हजारमा) कुल बजेट ५ वर्ष | | | | | बजेटको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष २०७८ | दोश्रो वर्ष २०७९ | तेश्रो वर्ष २०८० | चौथो वर्ष २०८१ | पाँचौं वर्ष २०८२ | | |
| १ | निःशुल्क माध्यमिक शिक्षा कायान्वयनका लागि कार्यविधि, निर्देशिका निर्माण । | १५० | १५० | | | | | स्थानीय तह | |
| २ | विद्यालय नक्शाङ्कन, समायोजन, पुनर्वितरण, पुनःस्थापना । | २५० | ५० | ५० | ५० | ५० | ५० | स्थानीय तह | |
| ३ | मापदण्ड अनुसारको शिक्षक व्यवस्था । | ७२०७२ | ७५६० | १००८० | १५१२० | १७६४० | २१६७२ | सङ्घ ,प्रदेश र स्थानीय | |
| ४ | सूचना तथा सञ्चार प्रविधि मैत्री विद्यालय व्यवस्थापन । | ७८०० | १९५० | १९५० | १९५० | १९५० | | प्रदेश र स्थानीय | |
| ५ | भौतिक संरचना (भवन) विस्तार र प्रबलीकरण कोष खडा गर्ने । | ७८०० | १३०० | १९५० | १९५० | १९५० | ६५० | स्थानीय तह र विद्यालय साझेदारी | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धी परीक्षण । | २५० | ५० | ५० | ५० | ५० | ५० | स्थानीय तह | |
| ७ | क. खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन | १८०० | ३६० | ३६० | ३६० | ३६० | ३६० | स्थानीय तह | |
| | ख .खेलकुद तथा अतिरिक्त क्रियाकलाप जनशक्ति व्यवस्थापन | ३२४० | ४०५ | १२१५ | १६२० | | | स्थानीय तह | |
| ८ | दिवाखाजा, सिकाइ सामग्री व्यवस्था (अभिभावक साझेदारी) | ५६१६० | ३६०० | ७२०० | १५१२० | १५१२० | १५१२० | अभिभावक र स्थानीय तह | |
| ९ | शिक्षक विद्यार्थी अभिभावक, प्रोत्साहन वितरण । | ५०० | १०० | १०० | १०० | १०० | १०० | स्थानीय तह | |
| १० | आवासीय विद्यालय स्थापना र सञ्चालन । | ८५०० | | ४००० | | ४५०० | | सङ्घ, प्रदेश र स्थानीय तह | |
| ११ | विद्यालयको उत्थानशील तथा विपद् व्यवस्थापन योजना निर्माण । | १०० | १०० | | | | | स्थानीय तह | |
| १२ | आवधिक तथा नियमित विद्यार्थी मूल्याङ्कन प्रणाली व्यवस्थापन र सञ्चालन । | १०० | १०० | | | | | स्थानीय तह | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | सरोकारवाला समूहको क्षमता विकास कार्यक्रम सञ्चालन | ४५० | १५० | १५० | १५० | | | स्थानीय तह | |
| १४ | विद्यालय स्वास्थ्य, पोषण कार्यक्रम अन्तर्गत विद्यालय नर्श कार्यक्रम सञ्चालन | १०९३५ | | १२१५ | २४३० | ३६४५ | ३६४५ | सङ्घ, प्रदेश र स्थानीय तह | |
| १५ | न्यूनतम सुविधा सम्पन्न खानेपानी, खेल मैदान, शौचालय, चमेना गृह र घेरावार निर्माण । | ७८०० | १९५० | १९५० | १९५० | १९५० | | सङ्घ, प्रदेश र स्थानीय तह | |
| १६ | विज्ञान प्रयोगशाला र पुस्तकालय स्थापना तथा अद्यावधिक | ७८०० | १९५० | १९५० | १९५० | १९५० | | सङ्घ, प्रदेश र स्थानीय तह | |
| १७ | क. विद्यालय कर्मचारी व्यवस्थापन | ९७८० | ८१५ | १६३० | २४४५ | २४४५ | २४४५ | स्थानीय तह | |
| | ख. कर्मचारी वृत्ति विकास | ४३९५० | ८७९० | ८७९० | ८७९० | ८७९० | ८७९० | सङ्घ, प्रदेश र स्थानीय तह | |
| | जम्मा | २३९४३७ | २९३८० | ४२६४० | ५४०३५ | ६०५०० | ५२८८२ | | |

३.४ उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध

३.४.१ परिचय

उच्च शिक्षाको आवश्यकता र औचित्य

संबैधानिक तथा नीतिगत व्यवस्था

माध्यमिक शिक्षासँगको सम्बन्ध

३.४.२ वर्तमान अवस्था

उच्च शिक्षामा पहुँचको अवस्था

उच्च शिक्षा प्रदायक संस्थाहरू

विषयगत आधारमा उच्च शिक्षाको अवसर

उच्च शिक्षाका चुनौतीहरू

३.४.३ लक्ष्य

प्राज्ञिक उत्कृष्टता तथा उन्नयनका लागि अध्ययन तथा अनुसन्धान गर्ने उच्च शिक्षा प्रदायक संस्थामार्फत उच्चस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्ने ।

३.४.४ उद्देश्य

उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्ने

सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संशाधनको विकास गर्ने

उच्च शिक्षाका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने

३.४.५ रणनीतिहरू

- स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यता अनुसार उच्च शिक्षाको प्रबन्धका लागि योजना तयार गर्ने
- स्थानीय तह क्षेत्रभित्र आवश्यकता अनुसार उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू स्थापना गर्ने
- खुला एवम् दूर शिक्षा लगायतका व्यस्थामार्फत समेत उच्च शिक्षामा पहुँच वृद्धिका लागि पहल गर्ने
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिबासी ,जनजाती, दलित, अपाङ्गताभएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्न
- उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने
- विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसर उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने
- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने
- उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने

- उच्च शिक्षा विकासका लागि सार्बजनिक, सामुदायिक तथा नीजी स्तरमा साझेदारी कार्यलाई प्रोत्साहन गर्ने
- स्थानीय तहको मानव संशाधन योजनाका आधारमा आवश्यक मानव स्रोत विकासका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्ने
- आर्थिकरूपमा पीछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जातिरजनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने
- 

३.४.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धी :

उच्च शिक्षामा पहुँच अभिवृद्धि भई सान्दर्भिकता र गुणस्तरमा सुधार ।

प्रमुख नतिजाः

- स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थी क्षमता र योग्यता अनुसार उच्च शिक्षामा पहुँच हुने
- स्थानीय तहमा उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना हुने
- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने
- उच्च शिक्षा उत्पादन र आर्थिक उपार्जनसँग जोडिने
- उच्च शिक्षामा सार्बजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि हुने

प्रमुख क्रियाकलाप र लक्ष्यः

उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूको स्थापना

उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूको न्यूनतम भौतिक पूर्वाधार विकास

अनुसन्धान केन्द्रको स्थापना

शिक्षक व्यवस्था

छात्रबृत्ति कार्यक्रम

उच्च शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थिति प्रति उत्थानशील बनाउन योजना निर्माण गरी कार्यान्वयन गर्न सहयोग

## ३. ४ प्राविधिक तथा व्यवसायिक शिक्षा

### ३.४.१ परिचय

निश्चित पेसा वा व्यवसाय सम्बन्धी ज्ञान, सीप प्रदान गरी व्यवसाय सञ्चालन गर्ने शिक्षा प्राविधिक शिक्षा हो । आजको समाज विज्ञान र प्रविधिको युगमा अडिएको छ । सैद्धान्तिक किताबी ज्ञानको सट्टामा जीवनोपयोगी तथा व्यवहारिक ज्ञान सहितको शिक्षाको परिकल्पना गर्दै नेपालको संविधान, शिक्षा ऐन र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले यो शिक्षालाई प्राथमिकतामा राखेको छ । पन्ध्रौं योजनामा प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धमा प्राविधिक तथा व्यवसायिक शिक्षाको माध्यमले न्युन, मध्यम तथा उच्चस्तरका दक्षजनशक्ति उत्पादन गर्ने लक्ष अघि सारेको छ ।

३.४.२ वर्तमान अवस्था

यस पालिकामा हाल श्री ऐसेलुखर्क माध्यमिक विद्यालयमा प्राविधिक धार तर्फ बालिविज्ञान अन्तरगत कक्षा ९ को पठनपाठन सञ्चालित रहेको छ । यस विद्यालयमा जम्मा ४७ जना विद्यार्थीहरु प्राविधिक धार तर्फ अध्ययन गरी रहेका छन् । श्री राजेश्वरी माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट अनुमति प्राप्त गरी कृषि बालीबिज्ञान विषयमा शैक्षिक सत्र २०७५ देखि १८ महिने प्रि-डिप्लोमा कार्यक्रम सञ्चालनमा रहेको छ । यस शिक्षालयबाट हालसम्म २२ जना जे.टि.ए.हरु उत्पादन भैसकेका छन् ।

### ३.४.३ अवसरहरुः

- कृषि विषयका प्राविधिक धार संञ्चालित विद्यालयहरुबाट सम्बन्धीत क्षेत्रका मध्यमस्तरको जनशक्ती उत्पादन भै रहेका ।
- पालिकाले एउटा बालिविज्ञान विषयको प्राविधिक धारको विद्यालय र एउटा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट सम्बन्धन प्राप्त बालीविज्ञान प्राविधिक शिक्षालयलाई आंशिक अनुदान प्रदान गरि संचालन गरिरहेको ।
- न्युन शुल्कमा प्राविधिक शिक्षा पढ्ने अवसर प्राप्त भइ लामो तथा छोटो अवधिका प्राविधिक शिक्षा सञ्चालनका लागि विभिन्न विद्यालयहरु इच्छुक रहेका
- इच्छुक विद्यार्थी तथा प्रशिक्षार्थीहरुले घरमै बसेर प्राविधिक विषयको अध्ययन गर्ने अवसर प्राप्त गरिरहेका ।

### ३.४.४ चुनौतीहरुः

- गाउँपालिकाबाट प्राविधिक शिक्षामा यथेष्ट लगानी गर्नु ।
- प्राविधिक शिक्षासम्बन्धी नीति तथा योजना तयार गर्ने ।
- पालिकाभर प्राविधिक शिक्षाको अवसर वृद्धि गर्ने ।
- प्राविधिक शिक्षातर्फ विद्यार्थीहरुको आकर्षण वृद्धि गर्ने ।
- भौगोलिक विकटता तथा विपन्न बालबालिकाहरुमा प्राविधिक शिक्षामा सबैको पहूँच बढाउनु ।
- प्राविधिक जनशक्तीका लागि बजारको व्यवस्थापन गर्ने ।
- प्राविधिक जनशक्तिको स्वव्यवसाय प्रति रुची जागृत गराउनु ।
- प्राविधिक शिक्षा शिक्षणको लागि योग्यतम जनशक्तिको व्यवस्थापन गर्ने ।
- प्रशिक्षकहरुको स्थायित्व प्रदान गर्ने ।

### ३.४.५ लक्ष्य

बालबालिकाहरुलाई माध्यमिक तहसम्मको गुणस्तरीय बहुप्राविधिक शिक्षाको सुअवसर सिर्जना गरि प्रतिष्पर्धि, सक्षम, ब्यवसायिक तथा स्वरोजगार र आत्मनिर्भर हुन उत्प्रेरित मध्यम स्तरको जनशक्ति तयार पारी प्राविधिक तर्फको उच्च शिक्षाका लागि तयार पार्ने ।

### ३.४.६ उद्देश्यः

- प्रविधियुक्त, सीपयुक्त, नैतिकवान तथा स्वावलम्बी जनशक्ति उत्पादन गर्नु ।
- छोटो तथा लामो अवधिका आयमुलक तालिमहरु संचालन गरि स्वरोजगार अभिवृद्धि गर्नु ।
- प्राविधिक शिक्षाको विस्तार गरी सबै बालवालिकाको प्राविधिक धारको शिक्षामा पहुँच भएको सुनिश्चित गर्नु ।
- श्रमप्रति विश्वास गरी आत्मनिर्भर नागरिक उत्पादनमा प्रेरित गर्नु ।
- गाउँपालिकाले आफ्नै व्यवस्थापनमा पनि प्राविधिक तथा व्यवसायिक शिक्षालय सञ्चालन गर्नु ।
- ईन्द्रावती गा.पा.मा पूर्ण रुपमा डिजिटल प्रविधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
- आफ्नै गाउँपालिकामा कम शुल्कमा बहुप्राविधिक विषय पढ्ने अवसर सिर्जना गर्ने ।

## रणनीति र कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्राविधिक शिक्षामा सर्वसाधारणको पहुँचमा वृद्धि गर्ने | भौगोलिक अवस्था र सम्भाव्यताका आधारमा आवश्यक ठाउँमा क्रमशः प्राविधिक विद्यालय र शिक्षालय स्थापना गरिनेछ । |
| २. गाउँपालिकामा हाल सञ्चालित प्राविधिक धारका विद्यालय र शिक्षालयहरुलाई गुणस्तरीय र व्यवस्थित बनाउने । | प्राविधिक धारका विद्यालय र  शिक्षालयहरुमा आवश्यक दक्ष जनशक्तिको व्यवस्थापन सहित आवश्यक स्रोतको व्यवस्थापन गरिनेछ । |
| ३. नक्साङ्कन र सम्भाव्यताका आधारमा वडागत रुपमा फरक फरक विषयका प्राविधिक धारका विद्यालय सञ्चालन गर्ने । | २. भौगोलिक अवस्था र सम्भाव्यताका आधारमा आवश्यक ठाउँमा क्रमशः प्राविधिक विद्यालय र शिक्षालय स्थापना गरिनेछ । |
| ४. आर्थिक रुपले विपन्न तथा पीछडिएको वर्गका बालबालिकाहरुलाई प्राविधिक शिक्षाको पहुँच वृद्धि गर्ने । | ३. गरिब तथा जेहेन्दार बालबालिकाको अवस्था हेरी छात्रवृतिको  व्यवस्था गरिनेछ । |
| ५. प्राविधिक शिक्षा मार्फत युवाहरुलाई स्वरोजगार प्रति उत्प्रेरित गर्ने । | ४. प्राविधिक शिक्षालयहरुबाट उत्पादित युवाहरुलाई व्यवसाय गर्न प्राथिमकताको आधारमा व्यवसयिक अनुदानको व्यवस्था गरिनेछ । |
| ६. विभिन्न छोटो अवधिका सीपमूलक तालिम प्रदान गरी गरिवी न्युनीकरण गर्ने । | ५. तथ्याङ्क र सूचनाहरुको सङ्कलन गरी मागका आधारमा विभिन्न सिपमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । |
| ७. विश्व बजारमा खपत हुने प्रतिस्पर्धी प्राविधिक जनशक्ति उत्पादनलाई जोड दिने । | ६. दक्ष जनशक्तिहरु मार्फत विश्व बजारको माग बमोजिम तालिमको व्यवस्था गरिनेछ । |
| ८. परमपरागत पेशा र प्रविधिको स्तरोन्नति गरि आधुनिक वैज्ञानिक प्रविधि सरहको बनाइ संरक्षण गर्ने । | ७. स्थानीय स्तरमा रहेका पेसा र प्रबिधिलाई विज्ञान सम्मत विकास गराई प्रयोगमा ल्याइने छ  । |

## उपलब्धी

बालबालिकाको चाहना अनुसारको प्राविधिक विद्यालय र शिक्षालय स्थापना र व्यवस्थापन भई प्राविधिक शिक्षामा सबैको पहुँच र गुणस्तरमा वद्धि हुनेछ ।

## नतिजा

- विभिन्न विद्यालयहरुमा फरक फरक विषयका प्राविधिक धारको पढाइ सञ्चालन भएको हुनेछ ।
- इच्छुक बालबालिकाहरुले चाहेको प्राविधिक विषयको अध्ययन गर्ने अवसर प्राप्त गरेका हुनेछन् ।
- प्राविधिक धार शिक्षण गर्ने कक्षाकोठाहरु व्यवस्थित भएका हुनेछन् ।
- स्थानीय निकाय र अभिभावकहरुले प्राविधिक धारको विद्यालयप्रति अपनत्व लिएका हुनेछन् ।
- अन्य पालिकाबाट समेत प्राविधिक विषय अध्ययन गर्न विद्यार्थीहरु भर्ना भएका हुनेछन् ।
- शैक्षिक वेरोजगार कम हुदै गएको हुनेछ ।
- सर्वसाधारणका बालबालिकाहरुको प्राविधिक शिक्षामा पहुँच पुगेको हुनेछ ।
- परम्परागत रुपमा सञ्चालित पेसा व्यवशायको स्तरोन्नति भएको हुनेछ ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु**

| क्र. सं | प्रमुख क्रियाकलापहरु | इकाइ | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक विद्यालय र शिक्षालयको नक्शाङ्कन र सम्भाव्यता अध्ययन | पटक | १ | | | | | १ | १ | |
| २ | प्राविधिक शिक्षासम्बन्धी नीति तथा योजना तयार गर्ने । | पटक | १ | | | | | १ | १ | |
| ३ | आयमुलक तालिमहरु संचालन गरि स्वरोजगार अभिवृद्धि गर्ने । | जना | २४० | २४० | २४० | २४० | २४० | १२०० | १२०० | |
| ४ | विभिन्न विद्यालयहरुमा फरक फरक विषयका प्राविधिक धारको पढाइ सञ्चालन | विद्यालय | | १ | २ | २ | | ५ | ५ | |
| ५ | प्राविधिक शिक्षालयहरुमा प्रशिक्षक | | | | | | | | | |
| ६ | हरुको व्यवस्था | जना | ६ | ९ | १५ | २१ | २१ | २१ | २१ | |
| ७ | प्राविधिक प्रयोगशाला व्यवस्थापन गर्ने | वटा | २ | ३ | २ | | | ७ | ७ | |
| ८ | प्राविधिक शिक्षालयहरुको व्यवस्थापन समिति गठन पुनर्गठन गर्ने | पटक | १ | | | | | १ | १ | |
| ९ | प्राविधिक शिक्षालयहरुको सुधार योजना निर्माण अद्यावधिक तथा कार्यान्वयन | पटक | १ | | | | | १ | १ | |

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका तथा बजेट विवरण ।**

| क्र.सं | प्रमुख क्रियाकलाप | बजेट विवरण( रु हजारमा) | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | | |
| १ | प्राविधिक विद्यालय र शिक्षालयको नक्शाङ्कन र सम्भाव्यता अध्ययन | ५० | ५० | | | | | | |
| २ | प्राविधिक शिक्षासम्बन्धी नीति तथा योजना तयार गर्ने । | २० | २० | | | | | | |
| ३ | आयमुलक तालिमहरु संचालन गरि स्वरोजगार अभिवृद्धि गर्ने । | ७२०० | १४४० | १४४० | १४४० | १४४० | १४४० | स्थानीय तह, CTEVT | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विभिन्न विद्यालयहरुमा फरक फरक विषयका प्राविधिक धारको पढाइ सञ्चालन सम्बन्धन | | | | | | | बजेट नचाहिने | |
| ५ | प्राविधिक प्रशिक्षक व्यवस्थापन | ३२४४८ | २७०४ | ४०५६ | ६७६० | ९४६४ | ९४६४ | सङ्घ प्रदेश र स्थानीय | |
| ६ | प्राविधिक प्रयोगशाला व्यवस्थापन गर्ने | ४५५० | १३०० | १९५० | १३०० | | | सङ्घ प्रदेश र स्थानीय | |
| ७ | प्राविधिक शिक्षालयहरुको व्यवस्थापन समिति गठन पुनर्गठन गर्ने | | | | | | | बजेट नचाहिने | |
| ८ | प्राविधिक शिक्षालयहरुको सुधार योजना निर्माण अद्यावधिक तथा कार्यान्वयन | ५६० | ४० | १०० | १४० | १४० | १४० | स्थानीय | |
| ९ | अनुदानको व्यवस्थाका लागि प्राविधिक शिक्षालयहरुको अवस्थाको अनुगमन तथा मूल्याङ्कन | १०० | २० | २० | २० | २० | २० | स्थानीय | |
| जम्मा | | ४४९२८ | ५५७४ | ७५६६ | ९६६० | ११०६४ | ११०६४ | | |

## पाठ्यक्रम तथा पाठ्यसामग्री

### ३.५.१ परिचय

पाठ्यक्रम सवै प्रकारका विषय वस्तु र पाठ्यसामग्रीको एक प्रारम्भिक दस्तावेज हो । शिक्षाका उद्देश्यहरु, उपलब्धी, आदत, व्यवहार र अनुभवलाई उच्चतम बिन्दुमा कार्यक्रम संचालन गरी लागु गर्ने बाटोको रुपमा पाठ्यक्रमलाई लिईन्छ । नेपालमा शिक्षाको इस्तीहार १९९६ देखी नै पाठ्यक्रम शिक्षण सिकाइ प्रक्रियाको सहयोगी सामग्रीको रुपमा प्रयोग गरिएको पाइन्छ । रा.शि.प. यो. २०२८ का अनुसार पाठ्यक्रम भनेको शिक्षाको राष्ट्रिय उदेश्य प्राप्तिका लागि बनाइएको एक शैक्षिक कार्यक्रम हो भनि परिभाषित गरिएको छ ।

पाठ्यक्रम उदेश्य, विषयवस्तु, क्रियाकलाप, मूल्याङ्कन मिली वनेको एक शैक्षिक योजना हो । नेपालको सन्दर्भमा प्रयोग गरिएका उद्देश्य, विषय वस्तु, शिक्षण सिकाइ क्रियाकलाप, मूल्यांकन आदी मुख्य तत्वहरुलाई केन्द्रमा राखी केन्द्रीय सरकार देखी स्थानीय तहसम्म विभिन्न तहका पाठ्यक्रम निर्माण गरेको पाइन्छ । राष्ट्रिय पाठ्यक्रम पारुप २०७६ तथा आधारभूत पाठ्क्रम २०७६ ले आधारभूत तह(कक्षा १ देखि ३) मा मातृभाषिक सिप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप समावेश गरी पाठभार ५ र वार्षिक पाठघण्टा १६० र कक्षा ४ देखि ८ सम्ममा मातृभाषा वा अन्य कुनै विषयवस्तु नामाकरण गरी पाठ्यभार ४ र पाठघण्टा १२८ तोकेको छ ।

### ३.५.२ वर्तमान अवस्था

विद्यमान राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ तथा आधारभूत पाठ्क्रम २०७६ ले दिशानिर्देश गरेअनुसार ईन्द्रावती गा पा.ले पनि आफ्नो ५ वर्षे गाउँ शिक्षा योजनामा पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी समाज सुहाउदो आवश्यकतामुखी स्थानीय पाठ्क्रम तथा पाठ्यपुस्तक बनाउने जमर्को गरेको छ । जसमा स्थानीय स्तरका कला, संस्कृती, प्रविधि, भेषभुषा, रीतिरिवाज आदीलाई समेटी आफ्नो दिर्घकालिन रणनैतिक योजना वनाएको छ । हाल यस गाउँपालिकाले कक्षा १ देखि ५ सम्मको स्थानीय विषयको पाठ्यक्रम निर्माण गरि कार्यान्वयनको चरणमा रहेको र कक्षा ६ देखि ८ सम्मको स्थानीय विषयको पाठ्यक्रम निर्माण गर्ने योजना प्रस्तावित गरिएको छ ।

यस गा.पा मा पाठ्यक्रम तथा पाठ्यपुस्तकका अन्तरगत तपशिल बमोजिमका चुनौतीहरु देखिएका छन । जसलाई समाधान गर्दै अगाडी बढ्ने रणनीतिहरु तय गरिएको छ ।

**चुनौतीहरुः**

- स्थानीय तहले स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणका लागि उपयुक्त नीतिगत कार्यक्रम र योजना बनाउनु ।
- गाउँपालिका भीत्रका सबै स्थानीय क्षेत्रका विज्ञ तथा अनुभवी जनशक्तिको खोजी गरी प्राप्त राय सुझावहरुलाई संकलन गर्ने ।
- स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार पार्न आवश्यक जनशक्ती व्यवस्था गर्ने ।
- पर्याप्त मात्रामा शैक्षिक तथा सन्दर्भ सामग्रीको व्यवस्था गर्ने ।
- क्षेत्रगत तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था गर्ने ।
- प्रत्येक विद्यार्थीको हातमा समयमै पाठ्यपुस्तकहरु पुचाउनु ।
- पाठ्यक्रम निर्माण र पाठ्यपुस्तकको मापदण्ड बारे जानकारी लिनु ।
- पाठ्यक्रम व्यावहारिक बनाउनु ।
- शिक्षकहरुबाट पाठ्यक्रमलाई साध्यको रुपमा प्रयोग गराउनु ।
- पाठ्यक्रम निर्माणमा सरोकारवाला समूहको प्रतिनिधित्व गराउनु ।
- मातृभाषामा पनि पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्ने ।

**अवसरहरुः**

- कक्षा ५ सम्मको स्थानीय पाठ्यक्रम निर्माण सम्पन्न हुनु ।
- गाउँपालिकाले पाठ्यक्रम सम्बन्धी नीतिगत कार्ययोजना तयार गर्न पहल गर्नु ।
- हालसम्म पाठ्यक्रम, पाठ्यपुस्तकमा सहज पहूँच हुनु ।
- माध्यमिक तहसम्मका पाठ्यपुस्तक निःशुल्क उपलब्ध हुनु ।
- हरेक वर्ष समयमै पाठ्यपुस्तक विद्यालयहरुमा पुग्नु ।
- पाठ्क्रम र पाठ्यपुस्तकको डिजिटल प्रति उपलब्ध हुनु ।

**लक्ष्य**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी बालबालिकालाई व्यावहारिक, जीवनोपयोगी, ज्ञान, सीप र अभिवृत्तिको विकास गराइ सक्षम प्रतिस्पर्धी, र सिर्जनशील नागरिक तयार गर्ने ।

### ३.५.३ उद्देश्यहरुः

- यस क्षेत्रको धर्म, संस्कृति, रीतिरिवाज, चालचलन, ऐतिहासिकता, भौगोलिकताको आधारमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्नु ।

- स्थानीय परिवेश सुहाउदो पाठ्यक्रम र शैक्षिक सामग्री निर्माण गर्नु ।
- स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक निर्माण गरि लागु गर्नु ।
- पाठ्यक्रम निर्माणमा स्थानीय सरोकारवाला समूहको पनि सहभागिता सुनिश्चित गराउनु ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गराउनु ।
- सिकाइलाई दैनिक व्यवहारसँग अनुबन्धित गराउने व्यावहारिक पाठ्यक्रम निर्माण गर्ने ।

### ३.५.४ रणनीति तथा कार्यनीतिहरुः

| रणनीति | कार्यनीति |
|---|---|
| १.स्थानीय आश्यकता सम्वोधन हुने स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी लागु गर्ने । | स्थानीय पाठ्यक्रम निर्माणका लागि कार्यदल तथा विज्ञ समूह निर्माण गरी कक्षा ६-८ को पाठ्यक्रम निर्माण र कक्षा १-५ को पाठ्यपुस्तक निर्माण गरिने छ । |
| २.पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरुमा समयमै सहज पहुँच पुचाउने । | विद्यालयको बुक कर्नर र शैक्षिक सामग्रीको व्यवस्था शीर्षकको रकमबाट तोकिएको शीर्षक मै खर्च गर्ने परिपाटी विकास गरिने छ । |
| ३.निर्माण गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण गर्ने । | पाठ्यपुस्तक शीर्षकको अनुदानबाट स्थानीय पुस्तक विक्रेतासँग समन्वय गरी समय मै पूस्तक उपलब्ध गराइने छ । |
| ४. स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्रीहरु उत्पादन र प्रयोगमा जोड दिने । | स्थानीय भुगोल, रीतिरिवाज, धर्म, संस्कृति आदिका जानकार व्यक्तिहरुसँग स्थानीय पाठ्क्रममा आधारित सामग्री उत्पादनका लागि अन्तरक्रिया र तालिम सञ्चालन गरिने छ । |
| ५. समय समयमा पाठ्यक्रम पाठ्यपुस्तकको प्रवोधिकरण गर्ने । | क्षेत्रगत विज्ञ समूह परिचालन गरी समय समयमा पाठ्यक्रम, पाठ्यपुस्तक प्रबोधिकरण सम्बन्धी कार्यशाला तथा तालिम सञ्चालन गरी क्षमता अभिवृद्धि गरिने छ । |

**उपलब्धी**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने ।

**प्रमुख नतिजाः**

- पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने,
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धीत हुने,
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण भएको हुने,
- सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन हुने,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने ।

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

**पाठ्यक्रम पाठ्यसामग्रीका प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क.सं | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| १ | शिक्षकतालिम र पुनर्ताजगि तालिम | सङ्ख्या | | ३० | ३० | | | ६० | |
| २ | शिक्षक पेसागत सहयोग | सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | २०० | |
| ३ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्यांङकन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ४ | आवधिक मूल्यांकन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ५ | डिजिटल सामाग्रीको प्रयोग | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ६ | सूचना प्रविधिको प्रयोग | वटा | ६ | ५ | ७ | ८ | ८ | ३२ | |
| ७ | निशुल्क पाठ्यपुस्तक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ८ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ९ | माध्यम भाषाको रुपमा मातृभाषाको प्रयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १० | सुपरिवेक्षण तथा अनुगमन | | | | | | | | |
| ११ | शिक्षकतालिम र पुनर्ताजगि तालिम | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १२ | पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तैः विसङ्केतन किताब, ठूलो किताब, बाह्रखरी चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको व्यवस्था | कक्षा १-३ का सबै विद्यालय | ३४ | ३४ | ३४ | ३४ | ३४ | १७० | |
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/ कार्य पुस्तिकाको उपलब्धता | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| क.सं | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| **१४** | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | |
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामाग्रीको उपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका र बजेट विवरण

| क. सं | प्रमुख क्रियाकलापहरु | इकाइ | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षकतालिम र पुनर्ताजगि तालिम | | | | | | | | | |
| २ | शिक्षक पेसागत सहयोग | | | | | | | | | |
| ३ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्यांकन | | | | | | | | | |
| ४ | आवधिक मूल्यांकन | एकाइगत थिममा आधारित | | | | | | | | बजेट नचाहिने |
| ५ | डिजिटल सामाग्रीको प्रयोग | कक्षा ८ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० | |
| ६ | सूचना प्रविधिको प्रयोग | | | | | | | | | बजेट नचाहिने |
| ७ | निशुल्क पाठ्यपुस्तक | | | | | | | | | |
| ८ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | | | | | | | | | |
| ९ | माध्यम भाषाको रुपमा मातृभाषाको प्रयोग | कक्षा ६-८ | १०० | ५०० | ५०० | ५०० | ५०० | २१०० | २१०० | स्थानीय सरकार |

| क. सं | प्रमुख क्रियाकलापहरु | इकाइ | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | सुपरिवेक्षण तथा अनुगमन | १-५ | १०० | | | | | १०० | १०० | स्थानीय सरकार |
| ११ | शिक्षकतालिम र पुनर्ताजगि तालिम | निरन्तर | | | | | | | | प्रदेश तालिम केन्द्र |
| १२ | पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तैः विसङ्केतन किताब, ठूलो किताब, बाह्रखरी चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको व्यवस्था | नियमित सङ्घीय अनुदान | | | | | | | | सिकाइ कुनाको अनुदान |
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास⁄ कार्य पुस्तिकाको उपलब्धता | | | | | | | | | सङ्घीय अनुदान |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | निरन्तर | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० | सिकाइ कुना अनुदान र स्थानीय सरकार |
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामाग्रीको उपलब्धता | | | | | | | | | सफ्ट कपी |
| | जम्मा | | ७०० | १००० | १००० | १००० | १००० | ४७००० | ४७००० | |

### ३.६ शिक्षक व्यवस्थापन र विकास

### ३.६.१ परिचय

शिक्षक व्यवस्थापन भनेको शिक्षकलाई समय सान्दर्भिक, पूर्ण प्रतिस्पर्धात्मक र निस्पक्ष रुपमा शिक्षक छनौट, पेशाप्रति आकर्षण र पूर्ण उत्तरदायी, शिक्षण क्रियाकलापप्रति जिम्मेवार, शिक्षकको क्षमता विकास तथा शिक्षक सहयोग गरी गुणस्तरीय शिक्षा प्रदानका लागि व्यवस्थापन गर्नु हो । शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष पेसाप्रति उत्प्रेरित समर्पित प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्ररित शिक्षकहरूको व्यवस्थापनवाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ।

प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषय गत रुपमा विद्यमान मापदण्ड १:४५ शिक्षक विद्यार्थी अनुपात कायम गरिएको छ। शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तहमा १२ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने , प्रविधिको प्रयोग गरी शिक्षण गर्ने , बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् । विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरिएकाछन ।

पेसागत रुपमा सक्षम ,दक्ष र अभिप्रेरित शिक्षकवाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ । यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ । शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन् । शिक्षक तालिम, कार्यशाला , सेमिनार कनफरेन्स , कार्यमूलक अनुसन्धान , शिक्षकहरूको सिकाइ सञ्जाल , अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरवाट शिक्षकको पेसागत विकास सम्भव छ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि , प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन, शिक्षकहरूलाई पेसागत विकासका विभिन्न मोडालिटिका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ। कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कायलाई प्राथमिकता दिइएको छ । यसमा शिक्षक व्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतिहरूको पहिचान गरि शिक्षक व्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्देश्य पूरागर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

## ३.७.२ वर्तमान अवस्था

नेपालमा वर्तमान अवस्थामा शिक्षकहरू तयार गर्ने काम विश्वविद्यालय त विद्यालयहरूले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरवन्दीमा शिक्षक पदपूर्तिका परीक्षा सञ्चालन गरि नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्वन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भइ आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसै गरि अस्थायी वा करार शिक्षकको नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास कन्द्रले र शिक्षकको क्षमता अभिवृत्तिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

ईन्द्रावती गाउँपालिकामा हाल सञ्चालनमा रहेका बालविकास केन्द्रका ५३ प्राथमिक तहका २५ आधारभूत तह (१-८) का ७ माध्यमिक तहका १२ कक्षा गरी जम्मा ४४ विद्यालयहरूमा संघघीय अनुदानबाट तलब भत्ता पाउने बालविकास ४४ प्राथमिक तहका १७४ आधारभूत तहका ३८ र माध्यमिक तहका ४२ गरि जम्मा २९८ जना शिक्षकहरूले अध्यापन गरिरहेका छन् । शिक्षक विद्यार्थी अनुपात प्राथमिक तह (१-५) मा १:१५ आधारभूत तह (६-८) मा १:३३ र माध्यमिक तह (९-१०) मा १:२० र माध्यमिक तह (११-१२) मा १:३८ रहेको छ । ईन्द्रावती गाउँपालिकाले विद्यालयमा विद्यार्थी र कक्षा सङ्ख्याको आधारमा अपुग भएका शिक्षक सङ्यालाई सम्बोधन गर्न बालविकास तहका ९ प्राथमिक तहका २२ निम्न माध्यमिक तहका ८ र माध्यमिक तहका १७ सहित गरि जम्मा ५६ जना सेवा करार शिक्षकहरू परिचालन गरि केहि मात्रामा शिक्षक विद्यार्थी र कक्षा अनुपातको न्युनतालाई सम्बोधन गर्ने प्रयास गरिएको छ।

**वर्तमान अवस्था तालिकामा**

| तह | स्वीकृत दरबन्दी | राहत | संघ र प्रदेश अनुदान | सेवा करार शिक्षक | TFN Fellow | जम्मा |
|---|---|---|---|---|---|---|
| बालविकास | ४४ | | | ९ | | ५३ |
| आधारभूत तह(१-५) | १३६ | ३८ | - | २२ | - | १९६ |
| आधारभूत तह(६-८) | १४ | २४ | २ | ८ | - | ४८ |
| माध्यमिक तह(९-१०) | १८ | १४ | १० | १० | ६ | ५८ |
| माध्यमिक तह(११-१२) | | १० | | १ | | ११ |
| जम्मा | ११२ | ८६ | १२ | ५० | ६ | ३६६ |

**चुनौतिहरुः**

- विषयगत दरबन्दी पूरा गर्नु ।
- कक्षागत र बिषयगत शिक्षक व्यवस्थापन गर्नु ।
- उच्च विद्यार्थी संख्या भएका विद्यालयमा पर्याप्त दरबन्दी वितरण गर्नु ।
- नियमानुसार प्रशासनिक तथा प्राज्ञिक जिम्मेवारी लिने व्यक्ति (प्र.अ.) नियुक्ति गर्नु।
- शिक्षकलाई तालिम तथा पुनर्ताजगी तालिम व्यवस्थापन गर्न ।
- विद्यालय सुपरीवेक्षण, अनुगमन र मूल्याकंनमा निरन्तरता दिनु ।
- कक्षाकोठा भित्र शिक्षकको प्रस्तुती सुदृढ र दह्रो बनाउनु ।
- शिक्षण सिकाइ कार्यमा सूचना तथा प्रविधि प्रयोग बढाउनु ।

**अवसरहरुः**

- गाउँपालिकाभित्र प्राज्ञिक स्रोत सहज रुपमा उपलब्ध हुनु ।
- गुणस्तरीय शिक्षा सिकाइ प्रक्रियामा आकर्षणको सम्भावना पर्याप्त हुनु ।
- उपलब्ध स्रोत साधनको अधिकतम प्रयोगको सम्भावना रहनु ।
- आधारभूत तहमा विद्यार्थी र शिक्षक अनुपात सन्तोषजनक नै हुनु ।

**लक्ष्य**

गुणस्तरीय शिक्षाका लागि योग्य, व्यवशायिकरुपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध, र बालबालिकाको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था गर्ने ।

**३.६.३ उद्देश्यहरुः**

आवश्यक सङ्ख्यामा विषयगत दरबन्दिको व्यवस्थापन गर्नु ।

- विद्यार्थीको संख्यालाई विशेष आधार मानी शिक्षक दरबन्दीमा मिलान गर्ने ।
- योग्यता, क्षमता र कार्यदक्षताका आधारमा विद्यालयमा प्र.अ.को व्यवस्थापन गर्ने ।
- आवश्यकता र मागको आधारमा शिक्षकलाई तालिम प्रदान गर्नु ।
- शिक्षकलाई पेशाप्रति आकर्षण हुने वातावरणको सुनिश्चतता गर्नु ।
- विद्यालयमा अनुगमन र मूल्याकंन प्रणालीमा जोड दिनु ।
- सम्पूर्ण शिक्षक कर्मचारीलाई प्रोत्साहन स्वरुप थप सेवा सुविधा प्रदान गर्नु ।
- शिक्षण सिकाइ क्रियाकलापमा सूचना र प्रविधिको अधिकतम प्रयोग गर्नु ।
- शैक्षिक सामग्री निमार्ण तालिम र निर्माणका लागि आवश्यक सामाग्री उपलब्ध गराउनु।
- सक्षम शिक्षक आपूर्तिका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गर्ने,
- शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु,
- विषयवस्तुमा निपूर्ण शिक्षकको सुनिश्चितता गर्नु,
- सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,
- सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु ।

## ३.६.४ रणनीति तथा कार्यनीतिहरुः

| रणनीति | कार्यनीति |
|---|---|
| शिक्षक दरबन्दीको वितरण तथा समायोजन गर्ने | शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिनेछ। |
| शिक्षकहरुको क्षमता अभिवृद्धिमा जोड दिने | शिक्षकको पेशागत क्षमता वृद्धि गर्न आवश्यकता तथा मागमा आधारित तालिमको व्यवस्था गरिने छ। |
| सबै विद्यालयहरुमा मापदण्ड अनुसार प्रधानाध्यापक हरुको व्यवस्थापन गर्ने | योग्यता र क्षमताका आधारमा प्रधानाध्यापकहरुको नियुक्ति गरिने छ। |
| शिक्षण पेशालाई प्रविधि मैत्री बनाउने | हरेक विद्यालयमा इन्टरनेटको व्यवस्थापन गरिने छ। |
| | एक शिक्षक एक ल्यापट कार्यक्रम लागु गरिने छ । |
| शिक्षकहरुको पेशागत सुरक्षा गर्ने | हरेक विद्यालयमा कम्प्युटर ल्याबको व्यवस्था गरिने छ। |
| मूल्यांकन प्रणालीलाई व्यवस्थित गर्ने | समय समयमा विद्यालयमा अनुगमन तथा सुपरीवेक्षण गरी मूल्याकन प्रणालीलाई थप मजबुत पारिने छ। |
| शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने, | करार शिक्षक उपदानको व्यवस्था गरिने छ। |
| पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम संचालन गर्ने, | शिक्षकको वृर्ति विकासमा जोड दिइने छ। |
| पेसागत सहयोग उपलब्ध गराउन कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याउने, | |
| कार्यसम्पादनमा सुधार गराउने. | रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिनेछ। |
| नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने, | प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइनेछ। |
| विद्यार्थीको सिकाइ निर्बाध संचालन पद्धति विकास गर्ने | स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइनेछ। |

## ३.६.५ उपलब्धी,

शिक्षकको क्षमता विकास कार्यदक्षतामा वृद्धि, सक्षम र पेसाप्रति अभिप्रेरित शिक्षक व्यवस्था र प्रभावकारी शिक्षणले शिक्षाको गुणस्तरमा सुधार हुने।

**नतिजा,**

- न्यूनतम योग्यता तथा सक्षमताको कार्यान्वयन भएको हुनेछ।
- शिक्षक व्यवस्थापनको सुदृढीकरण शिक्षकको दरबन्दी मिलान भएको हुने छ।
- शिक्षकको उपस्थिति तथा कार्य सम्पादनमा सुधार भएको हुनेछ।
- शिक्षकको पेशागत क्षमता विकास भएको हुनेछ।
- विज्ञ समूहबाट पेशागत सहयोग प्राप्त भएको हुनेछ।
- विषयगत र कक्षागत सक्षमताहरु हासिल भएको हुनेछ।
- निर्धारित मापदण्ड बमोजिम विद्यार्थीको संख्या अनुसार विषयगत तथा कक्षागत दरबन्दी पूरा भएको हुनेछ।
- सबै शिक्षकहरुलाई पेशागत सहयोग तथा पुनर्ताजगी तालिम प्राप्त भएको हुनेछ।

- वार्षिक रुपमा अन्तर विद्यालय भ्रमण नियमित पेशागत सहयोग तालिम प्राप्त भएको हुनेछ ।
- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने,
- शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने,
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,
- शिक्षकको आपूर्ति नियमित रूपमा हुने,
- शिक्षकको बृत्ति विकासका लागि परादर्शी, र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने ।

| क्रियाकलाप कार्यक्रमहरु | इकाइ | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| विद्यार्थी शिक्षक तथ्याङ्क संकलन | पटक | | | | | | | | |
| आन्तरिक स्रोतबाट शिक्षहकहरुको नियुक्तिका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण | १पटक | | | | | | | | |
| विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान तथा थप दरबन्दी सिर्जना गरी मापदण्ड बमोजिमको नयाँ शिक्षकको नियुक्ति | १पटक प्रति वर्ष | | | | | | | | |
| विज्ञ समूहबाट पेशागत सहयोग र पेशागत क्षमता विकास तालिम | आवस्यकता अनुसार | | | | | | | | |
| अन्तर विद्यालय अवलोकन सिकाइ आदानप्रदान | १ पटक प्रति वर्ष | | १ | १ | १ | १ | ४ | ४ | |
| असल अभ्यास भएका नमुना विद्यालय भ्रमण | १ पटक प्रति वर्ष | | | १ | | १ | २ | २ | |
| शिक्षकको बिमा नीति र कार्यबिधि निर्माण तथा कार्यन्वयन | जना | ५ | २० | २० | २० | २० | ८५ | ८५ | |
| शिक्षकलाई प्रोत्साहन गर्न थप सुविधा प्रदान | वार्षिक रुपमा जना | | | | | | | | |
| शिक्षक नियुक्ति र सरूवा, | अवश्यकता अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने, | निरन्तर | | | | | | | | |
| कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने, | अवश्यकता अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| उपचारात्मक शिक्षण पद्धति लागु गर्ने, | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि, | निरन्तर | | | | | | | निरन्तर | |
| विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास, | निरन्तर | | | | | | | निरन्तर | |
| सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकीकरण, | निरन्तर | | | | | | | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विज्ञ समूहको गठन, | अवश्यकता अनुसार | | | | | | | निरन्तर | |
| सहपाठी कक्षा अवलोकन, | अवश्यकता अनुसार | | | | | | | निरन्तर | |
| कार्यसम्पादन मूल्याङ्कन, | निरन्तर | | | | | | | निरन्तर | |
| प्रधानाध्यापकको क्षमता विकास कार्यक्रम | जना | ९ | ९ | ९ | ९ | ८ | ४४ | ४४ | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका एवं बजेट विवरण

| क्र.सं. | प्रमुख क्रियाकलाप | बजेट विवरण रु. हजारमा | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | | |
| १ | विद्यार्थी शिक्षक तथ्याङ्क संकलन | | | | | | | | |
| २ | आन्तरिक स्रोतबाट शिक्षहकहरुको नियुक्तिका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण | | | | | | | | |
| ३ | विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान तथा थप दरबन्दी सिर्जना गरी मापदण्ड बमोजिमको नयाँ शिक्षकको नियुक्ति | | | | | | | | |
| ४ | विज्ञ समूहबाट पेशागत सहयोग र पेशागत क्षमता विकास तालिम | | | | | | | | |
| ५ | अन्तर विद्यालय अवलोकन सिकाइ आदानप्रदान | ४०० | | १०० | १०० | १०० | १०० | | |
| ६ | असल अभ्यास भएका नमुना विद्यालय भ्रमण | १००० | | | ५०० | | ५०० | | |
| ७ | शिक्षकको बिमा नीति र कार्यबिधि निर्माण तथा कार्यन्वयन | ८५० | ५० | २०० | २०० | २०० | २०० | | |
| ८ | शिक्षकलाई प्रोत्साहन गर्न थप सुविधा प्रदान | | | | | | | | |
| ९ | शिक्षक नियुक्ति र सरूवा, | ७५० | १५० | १५० | १५० | १५० | १५० | | |
| १० | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने, | | | | | | | स्थानीय | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | बजेट विवरण रु. हजारमा | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | | |
| ११ | उपचारात्मक शिक्षण पद्धति लागु गर्ने, | ४५०० | ९०० | ९०० | ९०० | ९०० | ९०० | स्थानीय | |
| १२ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि, | ५०० | १०० | १०० | १०० | १०० | १०० | स्थानीय | |
| १३ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास, | | | | | | | बजेट नचाहिने | |
| १४ | सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकीकरण, | | | | | | | बजेट नचाहिने | |
| १५ | विज्ञ समूहको गठन, | | | | | | | | |
| १६ | सहपाठी कक्षा अवलोकन, | | | | | | | | |
| १७ | कार्यसम्पादन मूल्याङ्कन, | | | | | | | | |
| १८ | प्रधानाध्यापकको क्षमता विकास तालिम | ७५० | १५० | १५० | १५० | १५० | १५० | | |
| | जम्मा | ८७५० | १३५० | १६०० | २१०० | १६०० | २१०० | | |

## ३.८ विद्यालय नेतृत्व विकास सुशासन र व्यवस्थापन

### ३.८.१ परिचय

नेपालको संविधान अनुसूची ९ अनुसार तीन तह संघ, प्रदेश र स्थानीय सरकारको अधिकारको साझा सूचीमा शिक्षा, खेलकुद र पत्रपत्रिका रहेका छन । नेपालको संविधान अनुसूची ८ अनुसार स्थानीय सरकारको अधिकार सूचीमा आधारभूत तथा माध्यमिक शिक्षा रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन,२०७४ शिक्षासम्वन्धी २३ वटा अधिकारहरू सुनिश्चित गरिएको छ। विद्यालयको सु-सञ्चालनको लागि शिक्षा ऐन, २०२८ अनुसारको शिक्षा नियमावली, २०५९ साथै ईन्द्रावती शिक्षा ऐन बमोजिम विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन गरिने प्रावधान रहेको छ। व्यवस्थापनका दृष्टिले विद्यालय प्रमुख निकाय हो जहाँ सहभागितात्मक दृष्टिकोण, पाठ्यक्रम सुधारका दृष्टिकोण, मागमा आधारित शैक्षिक कार्यक्रम तथा वित्तीय पद्धति, स्थानीय र सामुदायिक साझा विचार रहेका हुन्छन। विद्यालय व्यवस्थापन भित्र शैक्षिक योजना निर्माण र कार्यान्वयनको संस्थागत जिम्मेवारी बाँडफाड गरिएको छ । विद्यालय शुसासन भनेको विद्यालय प्रशासनलाई स्वच्छ,सक्षम,पारदर्शी र जनउत्तरदायी शासन भ्रष्टचार रहित गुणस्तरीय शिक्षामा सबैका लागि समान र सहज पहुँच विस्तार गर्ने प्रक्रियालाई नै विद्यालय सुशासन भनिन्छ। विद्यालयहरूलाई आफूले सेवा प्रदान गर्ने समुदायप्रति उत्तरदायी बनाउन यस्ता समितिहरूको भूमिका र सक्रियतालाई बढाई पारदर्शिता, जवाफदेहिता कायम गर्दै शैक्षिक सुशासन अभिवृद्धि कायम गरिएको देखिन्छ। सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गरी आम अभिभावकहरूको विश्वास बहाली गर्ने र संस्थागत विद्यालयहरूलाई नियमन गरी सेवामूलक बनाउदै सबैका लागि गुणस्तरीय शिक्षाको प्रत्याभूतिका लागि स्थानीय सरकारले अगुवाई गरेको छ।

विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहने र प्रधानाध्यापक छनौट वा नियुक्ति सम्वन्धि व्यवस्था मौजुदा शिक्षा ऐन २०२८ अनुसार शिक्षा नियमावली २०५९ को नियम ९३ को आधारमा विद्यालयको प्रधानाध्यापकको व्यवस्था गरिने व्यवस्था छ। विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने प्रधानाध्यापकको कर्तव्य हो।

### ३.८.२ वर्तमान अवस्था

ईन्द्रावती गाउँपालिकामा संस्थागत ३ र सामुदायिक ३२ गरी आधारभूत तहका ३५ तथा माध्यमिक तहका १२ विद्यालयहरू सञ्चालनमा रहेका छन । पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिम विद्यालय न्यूनतम २४० दिन खुल्नुका साथै कम्तिमा २१० दिन पठनपाठनको सुनिश्चितताको लागि शैक्षिक क्यालेन्डरको व्यवस्था गरिएको छ । अगुवा विद्यालयहरूलाई आफ्ना फिडर विद्यालयहरूको समन्वय र पेसागत सहायताका लागि जिम्मेवार बनाइएको छ। वडामा वडा शिक्षा समितिले काम गरिरहेका छन् । समग्र पालिकाको शिक्षासम्वन्धी नीति, योजना र कार्यक्रमको समन्वय र व्यवस्थापनको लागि पालिका प्रमुखको संयोजकत्वमा शिक्षा समिति गठन भई क्रियाशिल रहेको अवस्था छ । विद्यालय शुसासनमा विद्यालयका हरेक गतिविधी सम्पन्न गर्नका लागि कामको बाँडफाड जिम्मेवारीको किटानी अधिकारको प्रत्यायोजन गर्दै अभिभावक भेला र भेटघाट सार्वजनिक सुनुवाइ नागरिक वडापत्र सामाजिक परीक्षण गुनासो सुनुवाई सूचना पाटी सूचना अधिकारी वार्षिक तथा दैनिक कार्यतालिका **SMC / PTA** को नियमित बैठक विद्यालयका गतिविधी झल्काउने र सबैको पहुँचमा पुर्याउन **Website, Facebook page, mass media**को प्रयोगमा जोड दिइएको छ। यस गाउँपालिकाले पनि शिक्षा क्षेत्रमा शुसासन संचालन गर्नका लागि शिक्षाका राष्ट्रिय ऐन कानुन र नियमावलीको आधारमा स्थानीय शिक्षा ऐन जारी गरि सुशासनलाई अवलम्वन गर्दै सिकाइ प्रवर्द्धनका लागि आफ्नो ५ वर्षे शैक्षिक रणनीतिक योजनामा सुशासनलाई जोड दिएको छ।

**अवसर**

- पठनपाठनको सुनिश्चितताको लागि शैक्षिक क्यालेन्डरको व्यवस्था
- वडामा वडा शिक्षा समितिले काम गरिरहेका
- शिक्षा समिति गठन भई क्रियाशिल रहेका
- कामको बाँडफाड जिम्मेवारीको किटानी अधिकारको प्रत्यायोजन
- अभिभावक भेला र भेटघाट सार्वजनिक सुनुवाइ नागरिक वडापत्र सामाजिक परीक्षण गुनासो सुनुवाई सूचना पाटी सूचना अधिकारी वार्षिक तथा दैनिक तालिका व्यवस्था
- ऐन कानुन र नियमावलीको आधारमा स्थानीय शिक्षा ऐन जारी

**चुनौती**

- सबै वडामा वडा शिक्षा समितिहरूले सक्रियता बढाउनु,
- सबै विद्यालयहरूमा प्रचलित ऐन र नियमावली अनुसारको प्रधानाध्यापकको नियुक्ती गर्नु,
- विद्यालय व्यवस्थापन समितिको समायावधि भित्र गठन गरी विद्यालयको समग्र व्यवस्थापन गर्नु,
- प्रधानाध्यापकहरूलाई सिर्जनशील, समयसापेक्ष, जवाफदेही र उत्तरदायी बनाउनु,
- विद्यालय व्यवस्थापन समितिलाई सृजनशील, समयसापेक्ष, जवाफदेही र उत्तरदायी बनाउनु,
- विभिन्न समिति, प्रधानाध्यापक र लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास गर्नु,

➢ सबै सरोकारवाला समूहको विद्यालय प्रतिको चासो वृद्धि गराउनु ।

### ३.८.३ लक्ष्य

सबै विद्यालयहरूमा सुशासन र पारदर्शिता कायम गराई बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने ।

### ३.८.४ उद्देश्य

- विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउनु,
- विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु,
- गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार गर्नु,
- विद्यालयको शासकीय प्रबन्धलाई उच्च नतिजाका लागि प्रोत्साहित गर्नु,
- विद्यालयहरूको सक्षमतामा सुधार गरी रूपान्तरणको गतिलाई तीव्रता प्रदान गर्नु,
- योग्यतम् प्रधानाध्यापकको छनौट तथा नियुक्ति गर्नु,
- विभिन्न समिति, प्रधानाध्यापक र लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास गर्नु,
- विद्यालय व्यवस्थापनलाई समावेशी, समन्यायिक र जवाफदेही बनाउनु,
- विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि गर्नु
- विद्यालयको सेवा प्रवाहलाई पारदर्शी रप्रभावकारी बनाउनु ।
- विद्यालयको अनुगमन तथा योजनामा सहभागितामा वृद्धि गर्नु ।
- विद्यालय समग्र सुधारका लागि विद्यालय सुधार योजना तयार गर्नु ।
- जवाफदेहिता तथा पारदर्शिता अभिवृद्धि गर्नु ।
- सुझाब गुनासो पेटिका तथा सार्वजनिक सुनुवाई संयन्त्र विकास गर्नु ।

### ३.८.५ रणनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| विद्यालय नक्साङ्कन गरी विद्यालय समायोजन, पनर्वितरण तथा स्थापना गर्ने । | हरेक वर्ष विद्यालय निरीक्षण र अनुगमन गरि आबश्यकता अनुसार विद्यालय समायोजन, पनर्वितरण तथा स्थापना गरिनेछ । |
| शैक्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउने । | हरेक शिक्षकलाई अनिबार्य विषयगत शैक्षिक कार्ययोजना निर्माण तयार गर्न लगाइनेछ । |
| विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन गर्ने । | प्रत्येक विद्यालयलाई व्यवहारिक विकास गुरु योजना बनाउन लगाइनेछ । |
| विद्यालयको सुधार योजना बनाई कार्यान्वयन गर्ने । | विद्यालय सुधार योजना अनुसार विद्यालयमा आवश्यक रकम अनुदान व्यवस्थापन गरिने छ । |
| शिक्षक दरबन्दी मिलान तथा योग्यता पुगेका प्रधानाध्यापक नियुक्ति गर्ने । | अनुगमनका आधारमा विद्यालयको शिक्षक दरबन्दी मिलान, गर्ने र विद्यालय विकास प्रस्ताव आह्वान गरि योग्यतम प्रधानाध्यापक नियुक्ति गरिने छ । |
| विद्यालय सञ्चालनको विनियम तयार गर्ने | विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विनियम तयार गरी कार्यान्वयन गरिने छ । |
| विद्यालयको वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गर्ने | विद्यालयले वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गरी अभिभावक भेला मार्फत सार्वजनिक गरिने छ । |
| नियमित रूपमा विद्यालयको लेखा तथा सामाजिक परीक्षण गर्ने । | सामाजिक परीक्षण गर्न आवश्यक अनुदानको व्यवस्थापन गरिने छ । |
| विद्यालयको विपद् व्यवस्थापन योजना निर्माण गर्ने । | विद्यालयको विपद् व्यवस्थापन योजना बनाई कार्यान्वयन गरिने छ । |
| विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागिता, पारदर्शिता र जवाफदेहिताको सुनिश्चित गर्ने । | अभिभावक भेला, समिति गठन, जिम्मेवारी प्रदान सार्बजानिक सुनुवाई आयोजना गरि अभिभावकहरूको पहुँच, सहभागिता, पारदर्शिता र जवाफदेहिताको सुनिश्चित गरिनेछ । |
| नियमित रूपमा विभिन्न समितिहरू, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरूको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने | पालिका स्तरमा आवश्यक क्षमता अभिवृद्धि गर्न तालिम गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ । |
| सुझाब गुनासो पेटिका तथा सार्वजनिक सुनुवाई संयन्त्र विकास गर्ने । | प्रत्येक विद्यालयमा गुनासो सुनुवाइ समिति गठन गरिने छ । |
| विद्यालयको अनुगमन तथा योजनामा सहभागितामा वृद्धि गर्ने । | वडा जना प्रतिनिधि, अभिभावक, वि.व्य स. शि.अ.संघ को संयुक्त अनुगमन टोलि बनाई पालो बाँधेर आ-आफ्नो विद्यालयको अनुगमनको जिम्मा दिइनेछ .। |

| | |
|---|---|
| विद्यालय समग्र सुधारका लागि विद्यालय सुधार योजना तयार गर्ने । | प्रत्येक विद्यालयमा हरेक वर्ष विद्यालय सुधार योजना निर्माण गरिने छ । |
| जवाफदेहिता तथा पारदर्शिता अभिवृद्धि गर्ने । | विद्यालयले वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गरी अभिभावक भेला मार्फत सार्वजनिक गरिने |
| विद्यालय नक्साङ्कन गरी विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना गर्ने । | हरेक वर्ष विद्यालय निरीक्षण र अनुगमन गरि आबश्यकता अनुसार विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना गरिनेछ । |

### ३.८.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धीः**

सबै विद्यालयहरू नेतृत्व सुदृढ, पारदर्शि र जवाफदेहि प्रशासन, सुदृढ वित्तीय व्यवस्थापन सहित संस्थागत गुणस्तरी शिक्षा प्रदान गर्न सक्षम भएको विद्यालय ।

**प्रमुख नतिजाः**

- विद्यालको शैक्षिक, भौतिक तथा आर्थिक अवस्था सुदृढ भएको हुनछ ।
- विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापन प्रभावकारी हुनछे ।
- विद्यालयमा गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबालिकाको सहजपहुँचको आधार तयार हुनेछ ।
- विद्यालयको शासकीय प्रबन्ध उच्च नतिजाका लागि प्रोत्साहित भएको हुनेछ ।
- विद्यालयहरूको सक्षमतामा सुधार भई रूपान्तरणको गतिलाई तीव्रताप्रदान गरेको हुनेछ ।
- योग्यतम् प्रधानाध्यापको छनौट तथा नियुक्ति हुनेछ ।
- विभिन्न समित, प्रधानाध्यापक र लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास हुनेछ ।
- विद्यालय व्यवस्थापन समावेशी, समन्यायिक र जवाफदेही हुनेछ ।
- विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि हुनेछ, ।
- विद्यालयको सेवा प्रवाह प्रभावकारी हुनेछ ।
- शिक्षकहरुको क्षमता विकास भएको हुनेछ ।
- विद्यालय व्यवस्थापन समितिको क्षमता विकास भएको हुनेछ ।
- विद्यालय विकासको लागि विद्यालय सुधार योजना बनी कार्यान्वयन भएको हुनेछ ।
- विद्यालयमा सामाजिक लेखापरीक्षण भएको हुनेछ ।
- विद्यालयमा बालबालिकाको शैक्षिक उपलब्धीको लेखाजेखा भएको हुनेछ ।

**विद्यालय व्यवस्थापनका प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| १ | विद्यालय सुधार योजना तयारी तथा अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | शैक्षिक कार्यपात्रो निर्माण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | विद्यालयको विकास तथा व्यवस्थापन गुरुयोजना बनाउने | पटक/विद्यालय | | १ | | | | १ | |
| ७ | योग्यता, क्षमता र वरिष्ठताको आधारमा प्रधानाध्यापक नियुक्ति गर्ने | जना | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| ८ | विद्यालय सञ्चालन तथा व्यस्थापन विनियम तयारी गर्ने । | पटक/विद्यालय | | १ | | | | १ | |
| ९ | वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गर्ने | पटक/विद्यालय | हरेक वर्ष | हरेक वर्ष | हरेक वर्ष | हरेक वर्ष | हरेक वर्ष | | |
| १० | अभिभावक भेला तथा शैक्षिक अन्तरक्रिया गर्ने । | पटक/विद्यालय | वार्षिक २ पटक | वार्षिक २ पटक | वार्षिक २ पटक | वार्षिक २ पटक | वार्षिक २ पटक | १० | |
| ११ | विद्यालयको लेखा तथा सामाजिक परीक्षण गर्ने | पटक/विद्यालय | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | ५ | |
| १२ | विपद् व्यवस्थापन योजना निर्माण गर्ने | पटक/विद्यालय | १ पटक | | | | | १ | |
| १३ | विद्यालयका गतिविधिहरू सार्वजनिक | पटक/विद्यालय | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | ५ | |
| १४ | गाउँपालिकाको शिक्षा योजनाको निर्माण, प्रवोधिकरण र परिमार्जन | पटक | १ पूरा | परिमार्जन | परिमार्जन | परिमार्जन | परिमार्जन | | |
| १५ | शिक्षक अभिभावक सघको कार्यकारी समितिले वित्तिय पारदर्शिता र जवाफदेहिता कार्यान्वन | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | | |
| १६ | अभिभावक तथा अन्य संघ संस्थासँग समन्वय र साझेदारी गर्ने | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | | |
| १७ | विध्यार्थी तथा अभिभावकहरूको गुनासो सुनुवाइको व्यवस्था गर्ने | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | | |
| १८ | सामाजिक लेखापरीक्षण र प्रतिवेदनलाई सार्वजनिक गर्ने | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | | |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| १९ | विद्यालयहरूमा सेवा वडापत्रको व्यवस्था गर्ने | विद्यालय १ पटक | १ पटक | | | | | | १ पटक |

**विद्यालय व्यवस्थापनका प्रमुख क्रियाकलाप तथ बजेट विवरण**

| क्र .स | प्रमुख क्रियाकलाप | जम्मा बजेट | कार्यक्रम तथ बजेट विवरण ५ वर्ष | | | | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | बजेटको स्रोत | |
| १ | विद्यालय सुधार योजना तयारी तथा अध्यावधिक गर्ने | | | | | | | सशर्तबाट | |
| २ | शैक्षिक कार्यपात्रो निर्माण गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | स्थानीय तह | |
| ३ | विद्यालयको विकास तथा व्यवस्थापन गुरुयोजना बनाउने | | | | | | | विसुयो बाट | |
| ७ | योग्यता, क्षमता र वरिष्ठताको आधारमा प्रधानाध्यापक नियुक्ति गर्ने | | | | | | | ब.न | |
| ८ | विद्यालय सञ्चालन तथा व्यस्थापन विनियम तयारी गर्ने । | | | | | | | ब.न | |
| ९ | वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गर्ने | | | | | | | ब न | |
| १० | अभिभावक भेला तथा शैक्षिक अन्तरक्रिया गर्ने । | | | | | | | ब न | |
| ११ | विद्यालयको लेखा तथा सामाजिक परीक्षण गर्ने | | | | | | | सशर्त | |
| १२ | विपद् व्यवस्थापन योजना निर्माण गर्ने | | | | | | | वि.सु.यो. | |
| १३ | विद्यालयका गतिविधिहरू सार्वजनिक | | | | | | | बन | |
| १४ | गाउँपालिकाको शिक्षा योजनाको निर्माण, प्रवोधिकरण र परिमार्जन | | | | | | | | |
| १५ | शिक्षक अभिभावक संघको कार्यकारी समितिले वित्तिय पारदर्शिता र जवाफदेहिता कार्यान्वन | | | | | | | बन | |
| १६ | अभिभावक तथा अन्य संघसंसथासँग समन्वय र साझेदारी गर्ने | | | | | | | ब.न | |
| १७ | विध्यार्थी तथा अभिभावकहरूको गुनासो सुनुवाइको व्यवस्था गर्ने | | | | | | | ब.न | |
| १८ | सामाजिक लेखापरीक्षण र प्रतिवेदनलाई सार्वजनिक गर्ने | | | | | | | ब.न | |
| १९ | विद्यालयहरूमा सेवा वडापत्रको व्यवस्था गर्ने | १०० | | १०० | | | | स्थानिय | |
| | जम्मा | ६०० | १०० | २०० | १०० | १०० | १०० | | |

## ३.८ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा, अनौपचारिक शिक्षा, दुर शिक्षा

### १. पृष्ठभूमिः

शिक्षालाई आधारभूत मौलिक अधिकार मानिएको वर्तमान अवस्थामा विद्यालयको औपचारिक शिक्षाबाट वञ्चित नागरिक तथा विद्यालय शिक्षालाई बिचैमा छाडेका बालबालिका तथा किशोरकिशोरीहरुलाई अनौपचारिक शिक्षाका माध्यमबाट साक्षर बनाउनु आजको आवश्यकता र राज्यको दायित्व हो । वि.सं २०६८ मा नेपालको साक्षरता ६५.९ प्रतिशत हुँदा ईन्द्रावती गाउँपालिकाको (हालको संरचना अनुसार समेटिएका साविकका गा.वि.स.हरुको संयुक्त रुपमा जोडदा) साक्षरता **८६** प्रतिशत रहेको छ भने महिला साक्षरता दर **६८** प्रतिशत रहेको पाइन्छ । यसमा पनि ग्रामिण साक्षरताको अवस्था सुधारको लागि भरपर्दो विकल्प अनौचारिक तथा खुला शिक्षा हुन सक्छ ।

सिकाइ जीवन पर्यन्त चलिरहने प्रक्रिया हो । मानिसले औपचारिक अनौपचारिक अन्य अतिरिक्त तरिकाबाट ज्ञान, सीप तथा अनुभव प्राप्त गर्छ । निश्चित उमेर, समय र स्थानबाट दिइने शिक्षाबाट वन्चित सबै नागरिकलाई उपयुक्त हुने गरि अनौपचारिक माध्यमबाट शिक्षा प्रदान गरि समुन्नत सभ्य, शिष्ट र सुखि समाज निर्माण राज्यको अभिभारा हो । वि.स.२०१३ साल देखि योजनाबद्ध रुपमा अनौपचारिक शिक्षा आरम्भ भएको हो । हाल नेपाल सरकारले प्रौढ शिक्षा, साक्षरता शिक्षा, साक्षरता अभियान लगायतका कार्यक्रम संचालन गरी हाल सम्म ५३ जिल्लाहरुलाई साक्षरता घोषणा भई सकेको छ । ईन्द्रावती गाउँपालिका सरकारबाट वि.स २०७१ मा पालिकालाई साक्षर पालिका घोषणा गरिसकेको छ ।

### वर्तमान अबस्था

सिन्धुपाल्चोक जिल्ला नेपालकै दोश्रो साक्षर जिल्ला घोषणा भईसकेको छ । शैक्षिक सुधार कार्यदल, २०७६ को प्रतिवेदन बमोजिम यस पालिकामा हजार सय घरधुरीमा हजार सय जनसङ्ख्या मध्ये अझै जना निरक्षरहरूको पहिचान भएको छ । यस पालिकामा २ वटा सामुदायिक सिकाइ केन्द्र छन । शिक्षाको अवसरबाट वञ्चित भएका, गरिविको चपेटामा परेका समुदायका विभिन्न व्यक्तिहरूको आवश्यकतामा आधारित आयआर्जन कार्यक्रम, सिपमुलक कार्यक्रम, चेतनामुलक कार्यक्रम र पुस्तकालय सञ्चालन गर्ने उद्देश्य सामुदायिक सिकाइ केन्द्रको रहेको छ । केन्द्रले आयआर्जनका लागि समूह गठन तथा परिचालन तथा पुस्तकालय व्यवस्थापनको काम गरिरहेका छन । ईन्द्रावती गाउँपालिकाको साक्षरता दर ७८ रहेको छ । जसमा महिला साक्षरता दर ६८ र पुरूषको साक्षारता दर ८६ प्रतिशत रहेको छ ।

### चुनौतीः

- सबैलाई पूर्ण साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु, ।
- अनौपचारिक माध्यमबाट साक्षरता सिप प्राप्त गरेका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिदै पूर्णसाक्षर पालिका निर्माण गर्नु ।
- अनौपचारिक शिक्षालाई पनि कार्यमूलक बनाउनु, ।
- अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोड्नु, ।
- समाजमा पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउनु, ।
- औपचारिक शिक्षाबाट वञ्चितहरुका लागि भरपर्दो र सुलभ अनौपचारिक, खुला तथा वैकल्पिक शिक्षामा पहुँच र निरन्तरता दिनु ।
- अनौपचारिक शिक्षाप्रति अभिरुचीको जगाई सहभागीहरुको नियमितता, साक्षरोत्तर शिक्षा अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरुबिच समन्वय गर्नु ।
- पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्ध र श्रोत परिचालन गर्नु ।
- अनौपचारिक शिक्षा, दुर शिक्षा र खुला सिकाइको अवसर सिर्जना गरि विद्यालय बाहिर रहेका बालबालिका, प्रौढ महिला र प्रौढ पुरुषलाई निरन्तर सिकाइ अवसर पुचाउनु ।
- अपाङ्ग, दृष्टिविहीन, अटिजम, बौद्दिक सुस्तपन आदिलाई अनौपचारिक, दुर र खुला शिक्षामा समावेश गर्नु ।

### अवसरहरुः

- नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा शिक्षासम्बन्धी गरेका प्रतिबद्धता,
- सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था,
- समृद्ध नेपाल सुखी नेपाली बनाउने सरकारको बाचा,
- साक्षरता अभियान, अनौपचारिक शिक्षा नीति, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन
- शिक्षा केन्द्रबाट मात्रै सञ्चालन हुँदै रहेको स्थितिको अन्त्य गरी शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनु
- शिक्षामा तीनै तहका सरकारको साझा अधिकार सूचीमा सूचीकृत

**लक्ष्यः**

अनौपचारिक दुर र खुला शिक्षालाई साक्षरता मूल आधारको रुपमा विकास गर्दै पूर्ण साक्षर  ईन्द्रावती गाउँपालिकाको निर्माण गर्नु ।

**उद्देश्यः**

- औपचारिक शिक्षाको अवसरबाट वञ्चित वा बिचैमा पढाइ छाडेका अर्धसाक्षर र निरक्षर व्यक्तिहरुलाई साक्षरता अभियान, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, वैकल्पिक शिक्षामार्फत औपचारिक शिक्षा सरहको शिक्षा प्रदान गर्नु,
- अनौपचारिक, दुर र खुला शिक्षाका लागि पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्री वितरण तथा अनुगमन निरिक्षण र कार्यान्वयन प्रक्रियालाई पालिका र वडा सरकार बिचको साझेदारी र समन्वयमा संचालन गर्ने ।
- अनौपचारिक, दुर, खुला र वैकल्पिक शिक्षाका माध्यमबाट प्राप्त ज्ञान सिपलाई दैनिक जीवन र आय आर्जनका पेशा व्यवसायसँग आवद्ध गरी जीवन पर्यन्त सिकाइ सुनिश्चित गर्ने ।
- अनौपचारिक,दुर र खुला शिक्षा कार्यक्रमलाई सफल बनाउन विद्यालय,वडा सरकार,पालिका सरकार र अन्य गैर सरकारी संघ संस्था, सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्दै आगामी ५ बर्ष भित्र ईन्द्रावती गाउँपालिकालाई पूर्ण साक्षर पालिका बनाउने ।
- पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउन पुस्तकालय, सामुदायिक सूचना केन्द्र र वाचनालयहरुको स्थापना, विकास र विस्तार गर्नु,
- पालिकास्तरका युवा सूचना केन्द्र, युवा क्लव तथा विद्यालयहरुलाई खुला तथा दूर शिक्षा प्रदायक संयन्त्रका रुपमा विकास गर्ने

## ७. रणनीति तथ कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| गा.पा.स्तरमा अनौपचारिक शिक्षालाई व्यवस्थित गर्न एक अनौपचारिक शिक्षा कोष स्थापना गर्ने | १.स्थानीय स्तरमा अनौपचारिक शिक्षाका पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामग्री निर्माण र वितरण प्रक्रिया व्यवस्थित गरिनेछ।<br>२. ईन्द्रावती गा.पा.लाई साक्षर पालिका बनाउन साक्षरतालाई गापा स्तरमा अभियानका रुपमा सञ्चालन गर्ने<br>३. नागरिक समाज, आमा समूह, बालक्लब गठन गरिनेछ ।<br>४. युवाक्लब, युवा सूचना केन्द्र तथा अन्य स्थानीय सरोकारवालाहरुसँग समन्वय गरी पालिका स्तरीय स्वयम् सेवा तथा साक्षरता अभियान  अभियान सञ्चालन गरिनेछ ।<br>५. अनौपचारिक शिक्षा सञ्चालन, अनुगमनका लागि स्वयम्सेवक तथा सहयोगीलाई तालिम दिई परिचालन गरिनेछ ।<br>६. माग र आवश्यकतामा आधारित सघन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>७. साक्षरता कक्षामा सहभागीले जुन सत्र, कक्षा वा तह पूरा गर्छ सोको प्रमाणपत्र दिइनेछ ।<br>पालिकामा अनौपचारिक शिक्षा कोषको स्थापना गरी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।<br>पठन संस्कृतिको विकास र जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्न स्थानीय तहका वडास्तरमा सूचना तथा सञ्चार प्रविधियुक्त पुस्तकालय र वाचनालय स्थापना गरिनेछ ।<br>सामुदायिक सूचना केन्द्र तथा सिकाइ केन्द्रलाई अनौपचारिक शिक्षाका कार्यक्रमको श्रोतःकेन्द्र बनाइनेछ |
| सामुदायिक युवा सूचना केन्द्र पुस्तकालय, वाचनालय विस्तार र स्तरोन्नति गर्ने । | पठन संस्कृतिको विकास र जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्न पुस्तकालय, वाचनालय र सामुदायिक युवा सूचना केन्द्र विस्तार र स्तरोन्नति गरिनेछ ।<br>समुदायमा रहेका नवसाक्षर व्यक्तिहरुलाई नजिकै रहेको सामुदायिक सिकाइ केन्द्र र विद्यालयको पुस्तकालय उपयोग गर्न प्रोत्साहित गरिनेछ । |
| अनौपचारिक प्रौढ खुल्ला कक्षालाई स्तरीय बनाउने । | राजेश्वरी मा.विद्यालयमा संचालित अनौपचारिक प्रौढ खुल्ला कक्षालाई  थप स्तरीय बनाइनेछ । |
| पुस्तकालय स्थापना र व्यवस्थापन गर्ने । | एक वडा एक पुस्तकालय कार्यक्रम संचालन गरि १० न वडामा संचालित ईन्द्रावती पुस्तकालयको स्तरोन्नति गरि स्रोत पुस्तकालय बनाइने छ । |

| | |
|---|---|
| अनौपचारिक शिक्षा कोष स्थापना गर्ने | गा.पा.स्तरमा अनौपचारिक शिक्षालाई व्यवस्थित गर्न एक अनौपचारिक शिक्षा कोष स्थापना गरिने छ । |

## ८. अपेक्षित उपलब्धी( Expected Achievement):

यस योजनाको अन्त्यसम्म वडा सरकार, पालिका सरकारको समन्वय र सहकार्यमा आगामी ५ बर्ष भित्र राष्ट्रिय स्तरको साक्षरता सुचक सहित पूर्ण साक्षर र शिक्षित ईन्द्रावती गाउँपालिका घोषणा गर्ने ।

## ९.नतिजा

- योजना अवधिभरमा यो गाउँपालिका शिक्षित र साक्षर हुनेछ ।
- स्थानीय स्तरमा अनौपचारिक शिक्षा सम्बन्धी संरचनात्मक संयन्त्र तयार हुनेछन । साक्षरोत्तर कक्षाहरु आयआर्जन क्रियाकलापहरुसँग जोडिएको हुनेछ ।
- योजनाको अवधीमा पालिकाको साक्षरतादर, भर्नादर, औषत आयु, शिशु स्याहार र पोषण खाद्य सुरक्षाका सुचकहरु बढेको हुनेछन .
- अनौपचारिक शिक्षाले गरिबी, बेरोजगारी, बाल मृत्युदर घटाउन सहयोग पुचाएको हुनेछ ।

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयनको तालिका**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(वर्ष ५) | | | | | भौतिक लक्य ५ (वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निरक्षरहरुको विवरण संकलन तथा आजीवन सिकाइका तथ्यांक तयार गर्ने | निरन्तर | निरन्तर | | | | | | |
| २ | स्थानीय माग तथा आवश्यकताका आधारमा सिकाइ केन्द्र थप गर्ने | आवश्यकता अनुसार | आवस्यकता अनुसार | २ | २ | २ | २ | १० | |
| ३ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा प्रविधिको विकास गर्ने | आवश्यकता अनुसार | आवस्यकता अनुसार | २ | २ | २ | २ | १० | |
| ४ | सिप साक्षरता प्रमाणिकरण | आवश्यकता अनुसार | निरन्तर | | | | | | |
| ५ | टेलिभिजन, रेडियो तथा ई-पत्राचार शिक्षा | आवश्यकता अनुसार | आवस्यकता अनुसार | | | | | | |
| ६ | सरकारी तथा गैरसरकारी निकायसंग समन्वय गर्ने | आवश्यकता अनुसार | आवस्यकता अनुसार | | | | | | |
| ७ | दूर शिक्षा तथा खुला वैकल्पिक शिक्षा | १ | १ | | | १ | | १ | |
| ८ | अनौपचारिक तथा प्रौढ कक्षाका लागि अनुदानको व्यवस्था | १२ | १२ | २ | ४ | ३ | - ३ | १२ | |
| ९ | वडा तहमा सूचना केन्द्र तथा पुस्तकालय स्थापना | १ | - १ | - | - | - १ | - - | १ | |
| १० | स्थानीय तहमा अनौपचारिक शिक्षा इकाई गठन । | आवश्यकता अनुसार | - आवस्यकता अनुसार | - - | - | - - | - | | |
| ११ | पाठ्यक्रम, पुस्तकालय तथा सिकाइ सामग्री विकास र वितरण | आवश्यकता अनुसार | - आवस्यकता अनुसार | - - | - | - - | - | | |
| १२ | आयआर्जन तथा पेसागत एवम् व्यवसायिक कार्यक्रम(पर्यटनन (घरेलु उद्योग, खुद्रा पसल, | सङ्ख्या | संख्या | ३ | ३ | ३ | ३ | १५ | |

| क.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(वर्ष ५) | | | | | भौतिक लक्ष्य ५ (वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| | हस्तकला, मसला उद्योग, अचार उद्योग, पाककला, फर्निचर, मस्यौरा, रैथाने खाजा बनाउने मकै, भट्मास, सातु, सिरौँला, लिटो, खट्टे, खँरिया, चाकु, च्युरा), भाषा र जातिगत संग्रहालय स्थापना तथा विकास कार्यक्रम | | | | | | | | |
| १३ | उत्कृष्ट सहभागि, शिक्षक, प्रशिक्षक र संस्थालाई पुरस्कार । | सङ्ख्या | - संख्या २४० | - - | - | - - | - | | |
| १४ | कृषि र गृहन्नोति कक्षा (पशु पंक्षीपालन, माछापालन, माहुरी पालन, जडिबुटी, तरकारी, च्याउ, बेत, बाँस, बगैँचा, पुष्प व्यवसाय, कौसी खेती, कम्पोस्ट मल निर्माण) | आवश्यकता अनुसार | - आवस्यकता अनुसार | - - | - | - - | - | | |
| १५ | परम्परागत धार्मिक तथा जातीय सिपलाई समन्वय गर्ने कार्यक्रम | नियमित | - नियमित | - - | - | - - | - | | |
| १६ | योजना निर्माण तथा कार्यान्वयन, अनुगमन तथा मूल्याकंन संयन्त्र विकास | निरन्तर | - निरन्तर | - - | - | - - | - | | |
| १७ | ईन्द्रावती पूर्ण साक्षर अभियान | १ | - १ | - - | - | - - | - | १ | |
| १८ | पालिकामा अनौपचारिक शिक्षा कोष स्थापना तथा सञ्चालन | १ | - १ | - - | - | - - | - | १ | |
| १९ | अनौपचारिक प्रौढ कक्षा(खुला) सुद्रिडीकरण | १ | - १ | - - | - | - - | - | १ | |

**अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लागि आवश्यक बजेटः**

| क.सं. | शीर्षक | अनुमानित कुल आवश्यक बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | बजेट श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | निरक्षरहरुको विवरण संकलन तथा आजीवन सिकाइका तथ्यांक तयार गर्ने | | | | | | | ब न |
| २ | स्थानीय माग तथा आवश्यकताका आधारमा सिकाइ केन्द्र थप गर्ने | १००० | २०० | २०० | २०० | २०० | २०० | स्थानीय सरकार |
| ३ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा प्रविधिको विकास गर्ने | १००० | २०० | २०० | २०० | २०० | २०० | स्थानीय सरकार |
| ४ | सिप साक्षरता प्रमाणीकरण | | | | | | | ब न |
| ५ | टेलिभिजन, रेडियो तथा ई-पात्राचार शिक्षा | | | | | | | ब.न |
| ६ | सरकारी तथा गैरसरकारी निकायसंग समन्वय गर्ने | | | | | | | ब.न |
| ७ | दूर शिक्षा तथा खुला वैकल्पिक शिक्षा | | | | | | | ब.न |
| | अनौपचारिक तथा प्रौढ कक्षाका लागि अनुदानको व्यवस्था | | | | | | | ब न |
| ८ | वडा तहमा सूचना केन्द्र तथा पुस्तकालय स्थापना | | | | | | | ससर्त |
| ९ | स्थानीय तहमा अनौपचारिक शिक्षा इकाई गठन । | ७५०० | ५०० | १००० | १५०० | २००० | २५०० | |
| १० | पाठ्यक्रम, पुस्तकालय तथा सिकाइ सामग्री विकास र वितरण | | | | | | | ब.न |
| ११ | आयआर्जन तथा पेसागत एवम् व्यवसायिक कार्यक्रम(पर्यटनन (घरेलु उद्योग, खुद्रा पसल, हस्तकला, मसला उद्योग, अचार उद्योग, पाककला, फर्निचर, मस्यौरा, रैथाने खाजा बनाउने मकै, भट्मास, सातु, सिरौंला, लिटो, खट्टे, खँरिया, चाकु, च्युरा), भाषा र जातिगत संग्रहालय स्थापना तथा विकास कार्यक्रम | | | | | | | ब.न |
| १२ | उत्कृष्ट सहभागि, शिक्षक, प्रशिक्षक र संस्थालाई पुरस्कार । | | | | | | | ब.न |

| क.सं. | शीर्षक | अनुमानित कुल आवश्यक बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | बजेट श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १३ | कृषि र गृहन्नोति कक्षा (पशु पंक्षीपालन, माछापालन, माहुरी पालन, जडिबुटी, तरकारी, च्याउ, बेत, बाँस, बगैंचा, पुष्प व्यवसाय, कौसी खेती, कम्पोस्ट मल निर्माण) | १५० | ३० | ३० | ३० | ३० | ३० | स्थानीय सरकार |
| १४ | परम्परागत धार्मिक तथा जातीय सिपलाई समन्वय गर्ने कार्यक्रम | | | | | | | ब.न |
| १५ | योजना निर्माण तथा कार्यान्वयन, अनुगमन तथा मूल्याकंन संयन्त्र विकास | | | | | | | ब.न |
| १६ | ईन्द्रावती पूर्ण साक्षर अभियान | | | | | | | ब.न |
| १७ | पालिकामा अनौपचारिक शिक्षा कोष स्थापना तथा सञ्चालन | २५० | ५० | ५० | ५० | ५० | ५० | ब.न |
| १८ | अनौपचारिक प्रौढ कक्षा(खुला) सुदृढीकरण | | ५०० | | | | ५०० | स्थानीय |
| १९ | स्रोत पुस्तकालय व्यवस्थापन | | | | | | | सशर्त |
| जम्मा | | १०९०० | १४८० | १४८० | १९८० | २४८० | ३४८० | |

## गुणस्तरीय सार्वजनिक शिक्षा

### ३.१०.१ परिचय

शैक्षिक गुणस्तर भन्ने कुरा नाप्न कठिन छ। सामान्यतया विद्यार्थीले विभिन्न परीक्षामा प्राप्त गर्ने सफलता तथा अङ्कलाई गुणस्तरको रुपमा बुझ्ने गरिएको पाइन्छ। शिक्षाको गुणस्तरलाई अङ्कमा सीमित गर्न सकिँदैन। परीक्षामा कम अङ्क ल्याए पनि शिक्षण संस्थामा सिकेका सिपलाई व्यवहारमा प्रयोग गर्न सक्छ। व्यावहारिक जीवनमा सिर्जनशील बन्छ। जागिरका लागि दिने परीक्षा तथा माथिल्लो शिक्षाका लागि हुने प्रवेश परीक्षाहरूमा सफलता प्राप्त गर्न सक्छ। माथिल्लो तहको शिक्षा आर्जन गर्ने क्रममा तल्लो तहको शिक्षाले सहयोग गरेको महसुस गर्छ भने त्यस्तो शिक्षालाई गुणस्तरीय शिक्षा भन्न सकिन्छ।

नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले समेत गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी, सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। समग्रमा विद्यालय पद्धतिलाई विद्यार्थीमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधार सहितको सिकाइ वातावरण निर्माण शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास, विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्नुका साथै उनीहरूको कुशलताप्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आबद्ध गरी व्यवस्थित गर्नु आवश्यक छ।

२१ औँ शताब्दीका बालबालिकालाई सूचना प्रविधिको पहुँच पुर्‍याउन, शिक्षकलाई स्वाध्ययन गर्ने मौका सिर्जना गर्ने, शिक्षण सिकाइलाई प्रभावकारी पार्न विद्यालयमा इन्टरनेटको व्यवस्था गरी शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग बढाइनु पनि अपरिहार्य छ। विद्यालय सुशासनलाई प्रभावकारी पार्ने र सार्वजनिक शिक्षाका लागि छुट्याएको बजेट सदुपयोग भएको सुनिश्चित गर्नु पनि त्यत्तिकै आवश्यक छ। यस्तै सानातिना कुरामा समेत ध्यानदिन सकेमा सार्वजनिक शिक्षाको गुणस्तर सुधार हुनसक्छ।

सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाउन तथा सबलीकरण गर्न समस्याका जराहरू पत्ता लगाइ सुधारको थालनी गर्नुपर्ने आवश्यकता छ। विद्यालयमा बालबालिकाले प्राप्त गर्ने उपलब्धी विद्यालयको पठनपाठनमा मात्र भर पर्दैन। बालबालिका विद्यालयमा आउनुभन्दा पहिला सिकाइका लागि कति तयार भएका छन्, त्यसले समेत प्रभाव पार्दछ। बालबालिकाको सुनौलो हजार दिनदेखि सुरुवात भएको शिक्षाको तयारीले गर्भवती अवस्थामा आमालाई प्राप्त पोषणयुक्त खाना, स्वास्थ्य उपचार, सुत्केरी गराउने उपयुक्त तरिका, सुत्केरी आमाको स्याहारसुसार, शिशु जन्मेपछिको रेखदेख विद्यालयपूर्वको तयारी समेतले विद्यालयको शिक्षामा प्रभाव पार्ने कुरा अध्ययनले देखाएका छन्। पूर्वप्राथमिक शिक्षा तथा बालविकास केन्द्रहरूका लागि उपयुक्त कक्षाकोठा, उपयुक्त बाहिरी वातावरण, कक्षाकोठामा साना बालबालिकालाई पर्याप्त खेल्ने सामाग्रीको व्यवस्था, तालिम प्राप्त शिक्षक, पोषण तत्वयुक्त खाजाको व्यवस्था हुन सकेमा गुणस्तरीय सिकाइका लागि जग तयार हुन्छ।

### ३. १०.२ वर्तमान अवस्था

सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीहरू प्रायः पीछडिएको समाजको, निरक्षर र आधारभूत तहको शिक्षासमेत नपाएका अभिभावकका बालबालिका हुने गरेका कुरा पनि अध्ययनले देखाएका छन्। अभिभावकले बालबालिकालाई उपयुक्त पोषणको व्यवस्था गर्न र घरमा सिक्नका लागि उपयुक्त वातावरण मिलाउन नसकेको अवस्थामा विद्यालयमा बालबालिकाले राम्रो गर्ने सम्भावना हुदैन। बालबालिकाको शिक्षाको गुणस्तर बढाउन अभिभावक सचेतना शिक्षा सञ्चालन गर्नु आवश्यक छ। त्यस्ता अभिभावकले घरमा आफ्ना छोराछोरीलाई सहयोग गर्न सक्छन्। विगतमा अभिभावक शिक्षा भनेर केही प्रयास गरिएको भए पनि नाम मात्रका अभिभावक शिक्षा प्रभावकारी हुन सकेको छैन। घरको वातावरण सिकाइमैत्री बनाउन अभिभावक शिक्षा नै उपयुक्त उपाय हो। अभिभावक शिक्षा व्यापक र प्रभावकारी पार्न सकेमा पनि सार्वजनिक शिक्षाको गुणस्तर सुधारको थालनी हुनसक्छ।

विद्यालयमा सूचना तथा प्रविधिमा आधारित शिक्षण सिकाइ प्रक्रियाको कार्यान्वयन गर्नु आजको आबश्यकता हो। बालबालिकाहरूको सिकाइ सक्षमता पूरा भए नभएको एकिनको लागि निरन्तर मूल्याङ्कन तथा सोही अनुरुप कमजोर सिकाइ भएकालाई उपचारात्मक शिक्षण सिकाइको व्यवस्था मिलाउनु अपरिहार्य छ। विद्यालयमा हुने हरेक प्रकारका बैठकहरूमा बालबालिकाहरूको सिकाइको सट्टा विद्यालयको प्रशासनिक एजेण्डाहरूमा मात्र छलफल गर्ने परिपाटी छ, जसले सार्वजानिक शिक्षाको गुणस्तर सुधार आउन सकेको छैन।

समुदाय तथा अभिभावकले उनीहरूका छोराछोरीप्रति वा पढाइप्रति सोचे अनुरुप सहभागिता गराउन नसक्नाले सार्वजनिक शिक्षा धरासायी अवस्थामा पुगेको छ। समुदाय तथा अभिभावकको चेतनास्तरको कारण सार्वजनिक शिक्षामा उनीहरूको सहभागितामा वृद्धि बाधक देखिन्छ। अभिभावकको सोचाइ अङ्गेजीमा पढाइ होस् भन्ने छ तर अङ्गेभनेको त भाषाको माध्यममात्र हो ज्ञान, सिप, अभिवृति तथा व्यवहार परिवर्तन होइन भन्नेकुरा अभिवकले बुझ्दैनन्। त्यसैगरी गुणस्तरीय शिक्षा भनेको अङ्ग्रेजी जान्नु होइन भन्ने बुझाइ उनीहरूमा ल्याउन नसक्नु पनि सुधारको बाधक रहेको विश्लेषण छ। आज मैले मेरा छोराछोरीहरूलाई पढाइमा सहयोग गर्ने

त्यसले भविष्यमा सकारात्मक प्रतिफल दिन्छ भन्ने कुराको सचेतना आम अभिभावकहरूसँग पुचाउनु आजको आवश्यकता रहेको छ। शिक्षा क्षेत्रमा नतिजामुखी अनुगमन सहजीकरण तथा सुपरीवेक्षण नहुनु तथा ऐन नियम, कानुनबमोजिम विद्यालय शिक्षा सञ्चालन तथा व्यवस्थापनमा राजनीतिक नेता, कार्यकर्ताहरूले गर्ने अवरोधले पनि सार्वजनिक शिक्षाको गुणस्तरमा समस्याहरू परेको देखिन्छ।

ईन्द्रावती गाउँपालिकाले शिक्षालाई गुणस्तरीय बनाउनका लागि शिक्षा ऐन, नियमावली र कार्यविधि गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन गरेको छ। त्यसैगरी विद्यालयहरूलाई शैक्षिक सामाग्रीहरू प्रदान, सिकाइमा नविनता ल्याउनका लागि शिक्षण सिकाइ सहयोग अनुदान प्रदान गरिएको छ। बालविकास कक्षा सञ्चालन, शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयलाई अनुदान, स्थानीय पाठ्यक्रम निर्माण र सञ्चालन, मूल्याङ्कन प्रणाली सुदृढीकरण, शैक्षिक मेला प्रदर्शनी, अतिरिक्त क्रियाकलाप सञ्चालन, विद्यालयमा इन्टरनेट जडान र प्रविधि हस्तान्तरण, छात्रवृत्ति, उपचारात्मक कक्षा सञ्चालन लगायतका काम पनि हुदै आएको छ।

**अवसर**

- शिक्षालाई गुणस्तरीय बनाउन शिक्षा ऐन, नियमावली र कार्यविधि निर्माण र कार्यान्वयन,
- गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन
- विद्यालयहरूलाई शैक्षिक सामाग्रीहरू प्रदान, शिक्षण सिकाइ सहयोग अनुदान प्रदान
- बालविकास कक्षा सञ्चालन, शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयलाई अनुदान प्रदान
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन
- मूल्याङ्कन प्रणाली सुदृढीकरण, शैक्षिक मेला प्रदर्शनी, अतिरिक्त क्रियाकलाप सञ्चालन,
- विद्यालयमा इन्टरनेट जडान र प्रविधि हस्तान्तरण
- छात्रवृत्ति, उपचारात्मक कक्षा सञ्चालन

**चुनौति**

- शिक्षाको गुणस्तरको सर्वमान्य मादण्ड तयार गर्नु।
- कक्षा शिक्षणको विधि, सामग्री र क्रियाकलापमा परिवर्तन ल्याउनु।
- विद्यालयलाई राजनीतिक हस्तक्षेप मुक्त गरी सार्वजनिक शिक्षाको गुणस्तरमा सुधार ल्याउनु।
- नतिजामुखी अनुगमन सहजीकरण तथा सुपरीवेक्षण गतिविधि बढाउनु।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ प्रक्रियाको कार्यान्वयन गर्नु।
- निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन तथा कमजोर सिकाइ भएकालाई उपचारात्मक शिक्षण सिकाइको व्यवस्था मिलाउनु
- शिक्षाको गुणस्तर बढाउन अभिभावक सचेतना शिक्षा सञ्चालन गर्नु।
- बालबालिकालाई खेल्ने सामाग्रीको व्यवस्था, पोषण तत्वयुक्त खाजाको व्यवस्था गर्नु।
- बैठकहरूमा बालबालिकाहरूको सिकाइको एजेण्डाहरूमा छलफल गर्ने परिपाटी बसाउनु।

### ३.१०.३ लक्ष्य

सार्वजनिक शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने।

### ३.१०.४ उद्देश्य

- सबै बालबालिकाका लागि गुणस्तरीय सार्वजनिक शिक्षा सुनिश्चित गराउने,
- क्षमता तथा योग्यताका आधारमा गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा पहुँच पुऱ्याउने
- क्षमता तथा योग्यताका आधारमा गुणस्तरीय उच्च शिक्षा उपलब्ध गराउने,
- शिक्षाका सबै निकाय, विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षा प्रदायक संस्थाहरूमा कार्यरत जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्ने,
- शिक्षाका सबै निकाय, विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षा प्रदायक संस्थाहरूमा सुशासन प्रबद्धा गरी सिकाइप्रति उत्तरदायी प्रणालीको विकास तथा कार्यान्वयन हुने,
- दैनिक जीवनमा आवश्यक पर्ने आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार पार्ने।

### ३.१०.५ रणनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| शैक्षिक वातावरण सुदृढीकरण गर्ने । | शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुनेगरी भौतिक, आर्थिक, शैक्षिक तथा जनशक्ति व्यवस्थापन गरिनेछ । |
| संस्थागत क्षमता विकास कार्यक्रम संचालन गर्ने । | सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संसथाहरूमा पेसागत रूपमा स्वप्रेरित र उत्तरदायी दक्ष, शिक्षक उपलब्ध गराइनेछ. |
| शिक्षक दरबन्दी व्यवस्थापन गर्ने । | विद्यालय समायोजन गरि विद्यार्थी पहुँचको आधारमा शिक्षक दरबन्दी व्यबस्थापन गरिने छ । |
| अतिरिक्त क्रियाकलापलाई पढाई सँगसगै संचालन गर्ने । | विद्यालयको शैक्षिक क्यालेन्डर बनाउदा पढाई हुने दिनको गणनामा अतिरिक्त क्रियाकलाप पनि समाबेस गराइनेछ । |
| शिक्षक पेसागत सहयोग संयन्त्र विकास गर्ने । | शिक्षक पेसागत विकास तथा पेसागत सहयोग उपलब्ध गराउन पालिका स्तरमा बिज्ञा समूहको गठन गरि विद्यालय कक्षा अनुगमन र शिक्षक शिक्षण सहायता प्रदान गराइनेछ । |
| प्रशंसा, उत्प्रेरणा तथा प्रोत्साहन कार्यक्रम संचालन गर्ने । | विद्यामान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्ड प्रयोगमा ल्याई ,शिक्षण पेसामा उच्च योग्यता र सिप भएका मेधावी व्यक्तिहरू प्रवेश गर्ने वातावरण सिर्जना गरिनेछ । |
| सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ कार्यक्रम कार्यन्वयन गराउने । | विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षालय तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पुस्तकालय, प्रयोगशाला, Computer Lab आदिको व्यवस्था गरिनेछ । |
| कार्यसम्पादन मूल्याङ्कन अनिवार्य गर्ने । | शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षालाई सामयिक बनाउदै कक्षाकोठामा आधारित निरन्तर मूल्याङ्कन तथा आवधिक रूपमा विद्यार्थी उपलब्धी परीक्षण, विश्लेषण, तथा समीक्षा गरी निरन्तर पृष्ठपोषणको लागि संयन्त्र तयार गर्ने र शिक्षकहरुलाई कार्यमूलक अनुसन्धान गर्न अनिबार्य गराइनेछ । |
| परीक्षण तथा अनुसन्धानात्मक कार्यक्रम संचालन गर्ने । | प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि मातृभाषामा वातावरण सिर्जना गरिनेछ । |
| प्रारम्भिक कक्षा पढाई कार्यक्रमको कार्यान्वयन गर्ने । | सरोकारवालबीच निरन्तर अन्तरक्रिया आयोजना गरी प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धिका लागि पर्याप्त पठन सामग्रीको व्यवस्था सहित प्रारम्भिक कक्षा शिक्षण पद्धतिको प्रयोग, गरिनेछ । |
| कार्यसम्पादन मूल्याङ्कनको व्यावहारिक कार्यन्वयन गर्ने । | सार्वजनिक शिक्षामा सुशासन प्रबद्धन गर्न नेतृत्व पणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित प्रभावकारी अनुगमन उत्तरदायित्व प्रणालीमा आधारित मूल्याङ्कन पणालीको विकास गरी कार्यान्वयन गरिनेछ । |
| आवधिक समीक्षा तथा प्रतिवेदन तयारी । | निश्चित अवधि तोकी विद्यालयको गतिविधि अनुगमन निरीक्षण र अवस्था अध्ययन गरी समीक्षा गर्दै प्रतिवेदन सार्वजनिक गरिने छ । |

### ३.१०.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धीः**

सबै बालबालिका तथा युवाहरूलाई गुणस्तरीय सार्वजनिक शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित हुने ।

**प्रमुख नतिजाः**

- शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुने,
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष जनशक्ति कार्यरत रहेको हुने,
- शिक्षण पेसामा उच्चयोग्यता र सिप भएका मेधावी व्यक्तिहरू प्रवेश हुने,
- विद्यामान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्ड प्रयोगमा आएको हुने,

- आधुनिक प्रविधिमैत्री क्रियाकलापमा आधारित विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएको हुने,
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि भएको हुने,
- बालबालिकाहरूले आवश्यकता अनुसार मातृभाषामा शिक्षा प्राप्त गर्ने अवस्था सिर्जना हुने,
- शिक्षण संस्थाहरूको भौतिक तथा शैक्षिक पूर्वाधार सुदृढ भएको हुने,
- सार्वजनिक शिक्षामा सुशासन प्रर्बद्धन भएको हुने ।

## गुणस्तरीय सार्वजनिक शिक्षाका प्रमुख क्रियाकलाप तथ लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| १ | प्रारम्भिक बालविकासमा खेल सामाग्री, सिकाइ सामाग्री, मनोरञ्जन सामाग्री, अडियो भिडियो सामाग्री सहितको आकर्षक तथा मनोरञ्जनात्मक कक्षाकोठा व्यवस्थापन | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| २ | शैक्षिक गुणस्तरको सुधारको थालनी कक्षा १ बाट गरौं अभियान सञ्चालन | सबै विद्यालय | | | | | | | |
| ३ | बालबालिकालाई सिक्नेगरी पढ्ने बनाउने उद्देश्यले कक्षा १ देखि ३ सम्म पढ्न सिकाउनका लागि पठन सिप विकास सम्वन्धी क्रियाकलापलाई सहयोग गर्न कक्षा १-३ मा छापामय वातावरण बनाउने | विद्यालय | २२ | २२ | | | | ४४ | |
| ४ | विद्यार्थीको प्रतिभा पहिचान, परिचालन नवप्रवर्तन र प्रवर्द्दनका लागि सिर्जनात्मक गतिविधि सञ्चालन | निरन्तर | | | | | | | |
| ५ | विज्ञान तथा प्रविधि एक्स्पो, शैक्षिक मेला तथा प्रदर्शनी, महोत्सव आयोजना | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | प्रधानाध्यापकहरूको व्यवस्थापकिय एवम नेतृत्व क्षमता विकास | जना | | ११ | ११ | ११ | ११ | ४४ | |
| ७ | शिक्षाक दरवन्दी पुनर्वितरण तथा न्यूनतम शिक्षक सुनिश्चितता | | | | | | | | |
| १० | विद्यालयहरूले गुणस्तर केन्द्रित विद्यालय सुधार योजना बनाउने वा अध्यावधिक गरी कार्यान्वयनमा लैजाने | पटक | | | | | | | |
| ११ | पोषणयुक्त खाजा कार्यक्रम सञ्चालन गर्ने | सबै विद्यालय | | | | | | | |
| १२ | नियमित नतिजामुखि अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था गर्ने | विद्यालय | | | | | | | |
| १४ | योजनाको आवधिक समिक्षा र अद्यावधिक गर्ने | २ पटक | | | १ | | १ | २ | |

**गुणस्तरीय सार्वजनिक शिक्षाका प्रमुख क्रियाकलाप तथा बजेट विवरण**

| क.सं.. | प्रमुख क्रियाकलाप | बजेट विवरण रु. हजारमा | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | | |
| १ | प्रारम्भिक बालविकासमा खेल सामाग्री, सिकाइ सामाग्री, मनोरञ्जन सामाग्री, अडियो भिडियो सामाग्री सहितको आकर्षक तथा मनोरञ्जनात्मक कक्षाकोठा व्यवस्थापन | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | स्थानीय सरकार | |
| २ | शैक्षिक गुणस्तरको सुधारको थालनी कक्षा १ बाट गरौं अभियान सञ्चालन | | | | | | | ब.न | |
| ३ | बालबालिकालाई सिक्नेगरी पढ्ने बनाउने उद्देश्यले कक्षा १ देखि ३ सम्म पढ्न सिकाउनका लागि पठन सिप विकास सम्वन्धी क्रियाकलापलाई सहयोग गर्न  कक्षा १-३ मा छापामय वातावरण बनाउने | १५० | १५० | | | | | | |
| ४ | विद्यार्थीको प्रतिभा पहिचान, परिचालन नवप्रवर्तन  र प्रवर्द्दनका लागि सिर्जनात्मक गतिविधि सञ्चालन | | | | | | | ब.न | |
| ५ | विज्ञान तथा प्रविधि एक्स्पो, शैक्षिक मेला तथा प्रदर्शनी  र महोत्सव आयोजना | २५० | ५० | ५० | ५० | ५० | ५० | स्थानीय सरकार | |
| ६ | प्रधानाध्यापकहरूको व्यवस्थापकिय एवम नेतृत्व क्षमता विकास | | | | | | | .ब.न | |
| ७ | शिक्षाक दरवन्दी पुनर्वितरण तथा न्यूनतम शिक्षक सुनिश्चितता | | | | | | | ब.न | |
| ११ | पोषणयुक्त खाजा कार्यक्रम सन्चालन गर्ने | | | | | | | सशर्त | |
| १२ | नियमित नतिजामुखि अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था गर्ने | | | | | | | ब.न | |
| १४ | योजनाको आवधिक समीक्षा र अद्यावधिक गर्ने | | | | १०० | | १०० | | |
| | जम्मा | ३१०० | ७०० | ५५० | ६५० | ५५० | ६५० | | |

## ३.११ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच र समावेशी शिक्षा

### ३.११.१ परिचय

शिक्षा मानव जीवनको सार्थकता प्रदान गर्ने महत्वपूर्ण अवयव हो । प्राचीन युगमा मानिसहरूले देखेर अनि प्रत्यक्ष भोगेका व्यवहारबाट शिक्षा प्राप्त गर्थे । बिस्तारै समयको बदलिदो क्रमसँगै आफ्ना अग्रज, आश्रम, गुरू, सन्त, महात्मा धर्म प्रचारक विभिन्न पुस्तक तथा ग्रन्थका श्रवणबाट प्राप्त गर्दै विभिन्न विद्यालय, विश्व विद्यालय, पुस्तकालय, सङ्ग्रहालय, घेडि रेडियो, टिभी, इन्टरनेट, कम्प्युटर, मोबाइल लगायत विभिन्न आधुनिक विद्युतीय उपकरणबाट प्राप्त गरिएको अवस्था छ। शिक्षालाई समय सुहाउदो ढङ्गबाट प्रदान र ग्रहण गर्दै लैजानु पर्ने आजको टडकारो आवश्यकता देखिन्छ। समावेशी शिक्षा भन्नाले शिक्षाको मुलधारबाट बञ्चित भई राज्यले चाहेको जनशक्ति उत्पादन गर्न नसकेको अवस्थामा शिक्षाप्रदान गर्नु भन्ने बुझिन्छ। सङ्कुचित अर्थमा अपाङ्गता भएका बालबालिकालाई शिक्षामा सहभागिता भन्ने बुझिएता पनि व्यापक अर्थमा भौगोलिक, आर्थिक, सामाजिक , साँस्कृतिक, धार्मिक, शारिरिक, मानसिक तथा जातिय ढङ्गबाट पीछडिएको र अति सीमान्तकृत उपेक्षित भन्ने बुझिन्छ। यस गाउँपालिकामा पीछडिएको र अति सीमान्तकृत जातजातिहरुमा माझी र दनुवार र ह्याल्मो परेका छन। हाल विकसित परिवेश सँगै सडक बालबालिका अनाथ घरेलु हिंसा पिडित, द्वन्द्व पिडित, सहिद परिवार, बेपत्ता घाइते, अपाङ्गता सबै किसिमका बालबालिकालाई शिक्षामा सहभागिता र सुनिश्चितता भन्ने बुझिन्छ।

### ३.११.२ वर्तमान अवस्था

पन्ध्रौ योजनामा अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मात्री भाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने,र सञ्चालन गर्ने हक प्रत्याभूत गरेको छ। ईन्द्रावती गाउँपालिकाले पनि अनाथ घरेलु हिंसा पिडित, द्वन्द पिडित, सहिद परिवार, बेपत्ता घाइते , अपाङ्गता सबै किसिमका बालबालिकालाई शिक्षाको मुलधारमा ल्याउनका लागि विभिन्न कामहरू गरिरहेको छ। छात्रवृत्ति, अपाङ्गमैत्री विद्यालय, बालमैत्री विद्यालय, दिवा खाजालगायतका कामहरू गाउँपालिकाले गरिरहेको छ तर पनि समावेशी शिक्षाको हकमा धेरै काम गर्न बाँकी छ। यस पालिकामा अपाङ्गता भएका बालबालिकाहरू श्रोत विद्यालयको व्यवस्थापन हुन नसक्दा अहिले पनि शिक्षाको मुलधारमा पुग्न सकेको देखिदैन।

### चुनौती

- अपाङ्गता भएका तथा आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निशुल्क शिक्षा दिने व्यवस्था मिलाउनु
- प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मात्री भाषामा शिक्षा प्रदान गर्नु।
- अनाथ घरेलु हिंसा पिडित, द्वन्द पिडित, सहिद परिवार, बेपत्ता घाइते, अपाङ्गता सडक बालबालिका सबै किसिमका बालबालिकालाई शिक्षाको मुलधारमा ल्याउनु।
- अपाङ्गता भएका बालबालिकाहरू श्रोत विद्यालयको व्यवस्थापन गर्नु।

### अवसर

- नेपालको संविधानमा पीछडिएका र अति सीमान्तकृत उपेक्षित वर्गका बालबालिकाहरूलाई आधारभूत र माध्यमिक शिक्षामा निःशुल्क तथा अपाङ्गता बालबालिकाहरूलाई छात्रावृत्ति सहित निःशुल्क उच्च शिक्षा प्रदान गर्ने व्यवस्था हुनु।
- छात्रा र दलित एवम् सीमान्तकृत बालबालिकाहरूका लागि छात्रवृत्ति प्रदान ।
- विद्यालय एवम् कक्षाकोठामा विविधता व्यवस्थापनको पाटो सशक्त बन्दै जानु।
- गाउँपालिकाले पीछडिएको र अति सीमान्तकृत उपेक्षित वर्गको शिक्षामा पहुँच पुचाउनका लागि भूमिका खेल्नु।
- हरेक सेवाको क्षेत्रमा आरक्षणको व्यवस्था लागु गरिनु।
- विद्यालयमा शिक्षामा सीमान्तकृत वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्नु।

### ३.११.५ रणनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| बालबालिकाहरूको अवस्था पहिचान | घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाईनेछ। |
| बैयक्तिक आवश्यकता अनुसारका शैक्षिक कार्यक्रम | विद्यालयमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक व्यवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई आबस्यकतामा आधारित सैक्षिक उपलब्ध गराइनेछ। |
| विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भित्र ल्याउन जनसहभागिता | आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँचमा सुनिश्चित गरिनेछ। |
| छात्रबृत्ति सहायता उपलब्ध गराउने | आवश्यकताअनुसार पोशाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रबृत्ति उपलब्ध गराइनेछ। |

| | |
|---|---|
| लैङ्गिक तथा अपाङ्गतामैत्री शैक्षिक पूर्वाधार | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सिर्जना गरिनेछ। |
| प्रोत्साहन कार्यक्रम संचालन गर्ने | सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरि |
| सिकाइ सामग्री व्यवस्था र क्षमता विकास कार्यक्रम संचालन गर्ने | शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरि सो को उपयोग बारे शिक्षकहरुलाई तालिम प्रदान गरिने छ। |
| सूचना तथा सञ्चार प्रविधिको प्रयोग | सिकाइ प्रक्रियामा अभिभावकको सहभागिता बढाइ शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गरिनेछ। |
| पाठ्यक्रमको स्थानीयकरण गरि आधारभूत तहमा बहु भाषा तथा मातृभाषामा सिकाइको अवसरप्रदान गर्ने। | समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी संघ संस्था, नीजि क्षेत्र र विद्यालयहरूको सहभागितामा बाल बालिकाहरू को मात्री भाषामा शिक्षा पाउने हक सुनिश्चित गरिनेछ। |

## ३.११.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धीः

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने।

प्रमुख नतिजाः

- महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका पीछडिएकोृ र अतिसिमान्तक्रित उपेक्षित सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने,
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृछि भई गुणस्तर सुधार हुने, विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाहगर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार हने,
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनाहरू जवाफदेही हुने,
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि हुने,
- सबै विद्यालयहरू बालमैत्री हुने।
- विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरूलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणाली प्रभावकारी व्यवस्थापन गर्नु,
- सबै प्रकारका अपांगता भएका बालबालिकाहरूका लागि विशेष शिक्षाको सुनिश्चितता गर्नु,
- विद्यालयका पूर्वाधारहरूलाई छात्रामैत्री र अपाङ्गता मैत्री बनाउनु
- श्रोतकक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गर्नु।

## ३.११.३ लक्ष्य

शिक्षामा आर्थिक, सामाजिक तथा शारीरिक रूपमा पीछडिएकोृ र अतिसीमान्तक्रित उपेक्षित वर्गका बालबालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवन यापन गर्न सक्षम बनाउने।

## ३.११.४ उद्देश्य

- महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउने,
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने,
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाहगर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्ने,
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउने,
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गर्ने।

आर्थिकतथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षाका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| १ | गाउँपालिकामा व्यक्तिको अवस्था, सिकाइ आवश्यकता पहिचान गर्ने संयन्त्र विकास गर्ने । | पटक | | १ | | | | १ | |
| २ | शिक्षाको अवसरबाट वञ्चित हुनका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्ती तर्जुमा गरी कार्यान्वयन गराउने । | निरन्तर | | | | | | | |
| ३ | विद्यालय बाहिर रहेको सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | १ | १ | १ | १ | १ | | |
| ४ | विशेष लक्षित समूहका विद्यार्थीहरूको आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागतसँग तादाम्य गरी छात्रवृत्ति दिने व्यवस्था मिलाउने | निरन्तर | | | | | | | |
| ५ | सबै आधारभूत विद्यालयहरूमा भवन बुक कर्नर खानेपानी फर्निचर कक्षाकोठा प्रयोगशाला पुस्तकालय भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवं लैङ्गिकमैत्री बनाउने । | निरन्तर | | | | | | | |
| ६ | बालबालिकालाई अध्ययनको निरन्तरताका लागि दिवा खाजा व्यवस्था लगायतका विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बालकेन्द्रित शिक्षण शिक्षक र विद्यार्थी सम्वन्ध विकास सिकाइमुखी शिक्षण पद्धति कक्षाकोठामा सम्मानपूर्ण व्यवहार जस्ता उपाय अवलम्बन गर्ने । | निरन्तर | | | | | | | |
| ७ | राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुरूप पाठ्यक्रमको स्थानीयकरण गरी पाठ्यक्रममा स्थानीय आवश्यकता अनुसारका विषयवस्तु समावेश गर्न स्थानीय तहका शिक्षा अधिकृत, प्रअ, शिक्षक तथा विव्यसका पदाधिकारीलाई अभिमुखीकरण गर्ने । | पटक | | १ | | १ | | २ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | पाठ्यक्रम तथा सिकाइ सामाग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउदै सबै बालबालिकाको सिकाइ सुनिश्चित गर्ने । | पटक | | १ | | | | १ | |
| ९ | आजीवन सिकाइ तथा निरन्तर शिक्षाका सहभागिहरूको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामाग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि स्थानीय तहका शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरूको क्षमता विकास गर्ने । | पटक | | १ | | १ | | २ | |
| १० | पाठ्यक्रममा स्थानीय भाषा, इतिहास, भूगोल, संस्कृति ज्ञान तथा सिप सामबेश गर्ने र सिकाइलाई जीवनोपयोगी सिपसँग आवद्ध गर्ने । | पटक | | | | | | | |
| ११ | स्थानीय तहबाट आधारभूत शिक्षाका उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा गर्ने व्यस्था मिलाउने | पटक | | | | | | | |
| १२ | विद्यालयमा कुनै पनि प्रकारको विभेद हेपाइ दुर्व्यवहार नहुने सुनिस्चित गर्न यस सम्वन्धी संयन्त्र स्थापना गर्ने। | निरन्तर | | | | | | | |
| १३ | पाठ्यक्रम,पाठ्यसामग्री विद्यालय वातावरण तथा सिकाइ प्रक्रियालाई समता र समावेशिताका दृष्टिले परीक्षण तथा सुधार गर्ने । | पटक | १ | | | १ | | | |

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका एवं बजेट विवरण**

| क.सं.. | प्रमुख क्रियाकलाप | एकाई | बजेट विवरण रु. हजारमा | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | | |
| १ | गाउँपालिकामा व्यक्तिको अवस्था, सिकाइ आवश्यकता पहिचान गर्ने संयन्त्र विकास गर्ने । | पटक | | | | | | | ब.न | |
| २ | शिक्षाको अवसरबाट वञ्चित हुनका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्दती तर्जुमा गरी कार्यान्वयन गराउने । | निरन्तर | | | | | | | ब.न | |
| ३ | विद्यालय बाहिर रहेको सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनपरिचालन सहितको कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | | | | | | | ब.न | |
| ४ | विशेष लक्षित समूहका विद्यार्थीहरूको आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागतसँग तादाम्य गरी छात्रवृत्ति दिने व्यवस्था मिलाउने | निरन्तर | | | | | | | सशर्त | |
| ५ | सबै आधारभूत विद्यालयहरूमा भवन बुक कर्नर खानेपानी फर्निचर कक्षाकोठा प्रयोगशाला पुस्तकालय भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवं लैङ्गिकमैत्री बनाउने । | निरन्तर | | | | | | | ब.न | |
| ६ | बालबालिकालाई अध्ययनको निरन्तरताका लागि दिवा खाजा व्यवस्था लगायतका विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बालकेन्द्रित शिक्षण शिक्षक र विद्यार्थी सम्वन्ध विकास सिकाइमुखी शिक्षण पद्धति कक्षाकोठामा सम्मानपूर्ण व्यवहार जस्ता उपाय अबलम्बन गर्ने । | निरन्तर | | | | | | | ब.न | |
| ७ | राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुरूप पाठ्यक्रमको स्थानीयकरण गरी पाठ्यक्रममा स्थानीय आवश्यकता अनुसारका विषयवस्तु समावेश गर्न स्थानीय तहका शिक्षा अधिकृत, प्रअ, शिक्षक तथा विव्यसका पदाधिकारीलाई अभिकुखीकरण गर्ने । | २ पटक | ३०० | १५० | | १५० | | | स्थानीय सरकार | |
| ८ | शैक्षिक तथा सिकाइ सामाग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउदै सबै बालबालिकाको सिकाइ सुनिश्चित गर्ने । | पटक | | | | | | | ब.न | |
| ९ | आजीवन सिकाइ तथा निरन्तर शिक्षाका सहभागिहरूको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामाग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि स्थानीय तहका | पटक | १५० | | १५० | | | | स्थानीय सरकार | |

| क.सं.. | प्रमुख क्रियाकलाप | एकाई | बजेट विवरण रु. हजारमा | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | | |
| | शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरूको क्षमता विकास गर्ने । | | | | | | | | | |
| १० | पाठ्यक्रममा स्थानीय भाषा, इतिहास, भूगोल, संस्कृति ज्ञान तथा सिप समावेश गर्ने र सिकाइलाई जीवनोपयोगी सिपसँग आवद्ध गर्ने । | निरन्तर | | | | | | | ब.न | |
| ११ | स्थानीय तहबाट आधारभूत शिक्षाका उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा गर्ने व्यस्था मिलाउने | निरन्तर | | | | | | | ब.न | |
| १२ | विद्यालयमा कुनै पनि प्रकारको विभेद हेपाइ दुर्व्यवहार नहुने सुनिस्चित गर्न यस सम्वन्धी संयन्त्र स्थापना गर्ने। | निरन्तर | | | | | | | ब.न | |
| १३ | पाठ्यक्रम, पाठ्यसामग्री विद्यालय वातावरण तथा सिकाइ प्रक्रियालाई समता र समावेशिताका दृष्टिले परीक्षण तथा सुधार गर्ने । | आवस्यकता अनुसार | | | | | | | ब.न | |
| | जम्मा | | ४५० | १५० | १५० | १५० | | | | |

## ३.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ३.७.१ परिचय

सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सिप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्देश्य रहेको छ। विश्व प्रतिस्पर्धी, श्रमवजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ। कुनै पनि विषयका बारेमा खबर लिने र दिने प्रक्रियालाई सूचना भनिन्छ। आधुनिक समयमा परम्परागत सूचना प्रणालीको अन्त्य गर्दै नवीन सूचना प्रविधिको विकास भइसकेको छ। विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र नीजि तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न , विशेष गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ। नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनछ भनि मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्‍याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुचाउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ। त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial Information System ;GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गरेको छ। नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ। उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पु, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इन्टरनेट कनेक्टिभिटी सहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामाग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउने उल्लेख गरेको छ। त्यसैगरी निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाईज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए।

विशेष गरी आधुनिक समयमा इन्टरनेट, कम्प्युटर मोबाइल, भिडियो, कन्फेरेन्स कल आदिलाई प्रयोग गरी सूचना आदान प्रदान गरिने कार्यको विकास भइरहेको छ। वर्तमान समयमा शिक्षण सिकाइ प्रक्रियामा पनि परम्परागत मान्यतालाई त्याग्दै नविनतम् प्रविधिको प्रयोग गरि विश्वमा विकास भएका ज्ञान सिपलाई हामी एक कोठा भित्र सिमित गर्न सक्छौ। जसको प्रयोगले गर्दा आज शिक्षण क्रियाकलापमा निकै सहज भएको छ। सूचना प्रविधिका कारण वर्तमान समयमा सबै क्षेत्रमा पहुँचमा वृद्धि सिकाइको सुनिश्चितता र गुणस्तरमा वृद्धि, रोजगारीका अवसर आदिमा निकै सहयोग पुर्याएको छ। सूचना प्रविधिको महत्व लाई मध्यनजर गरि सिन्धुपाल्चोक जिल्लाको ईन्द्रावती गाउँपालिकाले पनि शिक्षाको क्षेत्रमा सूचना र प्रविधिको विकास गर्नका लागी ५ वर्षे रणनीतिक योजना तयार गरेको छ।

### ३.७.२ वर्तमान अवस्थाः

नेपाल सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सूचना सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ। भने शिक्षा तथा सञ्चार प्रविधि सम्बन्धी गुरुयोजना योजना कार्यान्वयन गर्ने उल्लेख गर्ने भनेको छ। यस्तै डिजिटल नेपालको कार्याढाँचा २०७६ ले विद्यालय तथा क्याम्सहरुमा शिक्षा तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासिल र जिआइएस शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्र शिक्षा तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ। नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धक नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीतिहरु उल्लेख गरेको छ। उक्त नीतीमा सबै विद्यालयमा सूचना तथा प्रविधि सम्बन्धी संरचना तयार गर्ने इन्टरनेटको पहुँच पु

तथा सीपयुक्त जनशक्ति तयार पर्ने व्यवस्था गरेको छ। यस गाउँपालिकामा सूचना प्रविधि तथा सञ्चारको विकासका लागि तपशिल बमोजिमका चुनौतीहरु तथा अवसरहरु रहेका छन्। हाल आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०७७ विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य घण्टाको समय निधारण गरेको छ। माध्यमिक तहमा ऐच्छिक विषयका रुपमा कम्प्युटर अध्ययन गर्न सकिन्छ।

ईन्द्रावती गाउँपालिकामा हरेक विद्यालयहरूमा कम्पुटर र प्रिन्टर उपलब्ध गराइएको छ । सबै माध्यमिक विद्यालयहरूमा इन्टरनेट सुविधाका लागि अनुदानको व्यवस्था गरिएको छ।१२ वटा माध्यमिक तहमा इ हाजिरीको व्यवस्था गरिएको छ। सबै आधारभूत तहका विद्यालयहरूमा गत आ. व. देखि नै कम्प्युटर र प्रिन्टर जडान गरिएको छ। सबै विद्यालयहरूमा शिक्षकहरुलाई आधारभूत कम्प्युटर तालिम दिइएको व्यवस्था गरिएको छ। कक्षा ४ देखि कक्षा १२ सम्मका सबै विद्यार्थीहरूलाई सि.यु.जी सिममार्फत शिक्षण सहजीकरण आरम्भ गरिएको छ।

**लक्ष**

सूचना तथा सञ्चार प्रविधको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रर्बद्धन हुने।

**अवसरहरु**

- शिक्षण सिकाइ क्रियाकलापमा सुधार भैरहेको।
- नविनतम ज्ञानमा सहजै पहुँच वृद्धि भएको .
- बालमैत्री शिक्षणमा जोड दिइएको।
- विभिन्न ICT सामग्रीको ज्ञान र सिपमा अभिवृद्धि भएको .
- विश्वव्यापी ज्ञानको पहँच अभिवृद्धि भएको .
- सूचना आदान प्रदानमा सहजता हुँदै गएको ।

**चुनौतीहरु**

- भौगोलिक विकटता।
- नियमित विद्युत आपूर्तिको व्यवस्था गर्नु,
- अभिभाबकहरुमा आर्थीक विपन्नता,
- सबै वडाका विद्यालयमा इन्टरनेटको पहुँच विस्तार गर्नु,
- प्रविधि सम्बन्धी ऐन नियम कानुनको निर्माण गर्नु ,
- सूचना तथा सञ्चार प्रविधि विषयको दक्ष शिक्षकको व्यवस्था गर्नु।

**उद्देश्यहरु**

- सबै बालबालिकामा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने,
- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन नवीनतम सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने,
- विद्यालय तहमा शिक्षामा नविनतम प्रविधि मार्फत शिक्षण गर्ने,
- शैक्षिक सेवालाई सर्वसुलभ तथा प्रभावाकारी व्यवस्थापन गरि अनलाईन सिकाइको विकास तथा प्रयोगको सुनिश्चित गर्ने,
- सूचना तथा सञ्चार प्रविधिमा आधारित नमुना विद्यालय छनौट गरि शैक्षिक सूचना ज्न्द्य को रुपमा विकास गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको विस्तार गरी डिजिटल गाउँपालिकाको रुपमा विकास गर्ने।

### ३.७.४ रणनीति तथा कार्यनितिहरुः

| रणनीति | कार्यनीति |
|---|---|
| प्रत्येक विद्यालयमा आधुनिक सूचना प्रविधिका साधनहरुको व्यवस्थापन गर्ने । | विद्यालयमा अधुनिक सूचना प्रविधिको प्रयोग गरि सिकाइको गुणस्तरमा वृद्धि गरिने छ । |
| शिक्षकको पेशागत क्षमता वृद्धि गर्न आवश्यकता तथा मागमा आधारित तालिमको व्यवस्था गर्ने। | आधुनिक सूचना प्रविधिका वारेमा सम्पूर्ण विद्यालयमा सबै शिक्षकलाई तालिमको व्यवस्था गरिनेछ । |
| अनलाईन सिकाइ प्रणालीको विकास र व्यवस्थापन गर्ने। | गाउँपालिका स्तरमा विद्युत्तीय पठन सामग्री सहितको अनलाईन सिकाइ प्रणालीको विकास गरिने छ । |
| डिजिटल सिकाइ केन्द्रको स्थापना र विकास गर्ने | गाउँपालिका भित्र रहेका सामुदायिक सिकाइ केन्द्र मध्ये एक वटा सिकाइ केन्द्रलाई डिजिटलाईज गरिनेछ । |
| विद्यालय शैक्षिक सूचना ज्द्य को स्थापना गर्ने | नमुना विद्यालय छनौट गरि सूचना हवको रुपमा विकास गरिनेछ । |
| विद्यालयमा विद्धुत सेवा र वैकल्पिक ऊर्जा विस्तार गर्ने । | वडा कार्यालय मार्फत विद्यालयसम्म विद्युत लाईन प्रसारण गराई वैकल्पिक ऊर्जा प्रबर्धन केन्द्रसँग समन्वय गरि सौर्य ऊर्जा जडान गरिनेछ . |
| इन्टरनेटको सुविधा विस्तार गर्ने । | इन्टरनेट सेवा प्रदायक संस्थासँग समन्वय गरि हरेक विद्यालयसम्म इन्टरनेट सेवा पुर्याइनेछ |
| सूचना प्रविधिको प्रयोगको विस्तार गर्ने। | विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने छ |
| आधुनिक सूचना प्रविधिमा विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने | शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिनेछ । |

**उपलब्धीः**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रर्बद्धन हुने

**प्रमुख नतिजाः**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुगेको हुनेछ।
- विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच पुगेको हुनेछ,
- सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेका हुनेछन,
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएको हुनेछ,
- सामूदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार भएको हुनेछ,
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने,
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आएको हुनेछ,
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आएको हुनेछ,
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पुर्वाधारलाई सुदृढ पारिएको हुनेछ,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी कक्षाकोठामा शिक्षण भएको हुनेछ,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा बालबालिकाको पहुँच भएको हुनेछ ,
- सबै माध्यमिक तथा ६ देखि ८ सम्मका विद्यालयमा कम्प्युटर तथा इन्तरनेट सहयोग गरिएको हुनेछ ,
- विद्यालयमा विद्युतीय पुस्तकालयको स्थापना भएको हुनेछ ।

**प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| १ | विद्यालयमा ICT मैत्री संरचना विस्तार | १९ वटा विद्यालय | ८ | ५ | ५ | | | १९ | |
| २ | प्रत्येक विद्यालयमा मा आइसिटिको व्यवस्था | ४४ वटा विद्यालय | १२ | १२ | १२ | ८ | | ४४ | |
| ३ | शिक्षकहरूको क्षमता विकास | ४४ जना | २२ | २२ | | | | ४४ | |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | १२ वटा विद्यालय | ३ | ३ | ३ | ३ | | १२ | |
| ५ | IEMIS व्यवस्थापन | ४४ वटा विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | |
| ६ | कम्प्युटर तथा इन्टरनेटको विस्तार | ४४ वटा विद्यालय | | | | | | | |
| ७ | विद्यालयमा बिध्युतिय पुस्तकालयको लागि सहयोग | १२ वटा विद्यालय | ३ | ३ | ३ | ३ | | १२ | |
| ८ | गाउँपालिकामा खुल्ला इ पुस्तकालयको स्थापना | १ | | १ | | | | १ | |
| ९ | सबै विद्यालयमा कम्प्युटर विषयको कक्षा सञ्चालन गर्ने | ४४ वटा विद्यालय | | | | | | ४४ | |
| १० | विद्यालय घुम्ते आइ टी प्राविधिकको व्यवस्था गर्ने। | २ जना | | २ | | | | २ | |
| ११ | विद्यालमा इ हाजिरी ब्वस्थापन | ३० | ७ | १५ | ८ | | | ३० | |
| १२ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | १२ | | | | | | १२ | |
| १३ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायत प्रयोग लागि तालिमको व्यवस्था | १२ | १२ | | | | | १२ | |
| १४ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायतको लागि सामग्री उत्पादन व्यवस्थापन (लागत सहभागिता का आधारमा) | ३ | १ | १ | १ | | | ३ | |

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका तथा बजेट विवरण**

| क.सं.. | प्रमुख क्रियाकलाप | बजेट विवरण रु. हजारमा | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | | |
| १ | विद्यालयमा ICT मैत्री संरचना विस्तार | १२३५० | ५२०० | ३९०० | ३२५० | | | संघ स्थानीय | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | ४५६ | १२० | १२० | १२० | ९६ | | संघ स्थानीय निकाय | |
| ३ | शिक्षकहरूको क्षमता विकास | ३०० | १५० | १५० | | | | स्थानीय | |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | ४०० | १०० | १०० | १०० | १०० | | स्थानीय निकाय | |
| ५ | IEMIS व्यवस्थापन | | | | | | | | |
| ६ | कम्प्युटर तथा इन्टरनेटको विस्तार | | | | | | | | |
| ७ | विद्यालयमा बिद्युतीय पुस्तकालयको लागि सहयोग | ६०० | १५० | १५० | १५० | १५० | | स्थानीय निकाय | |
| ८ | गाउँपालिकामा खुल्ला इ पुस्तकालयको स्थापना | ४०० | | ४०० | | | | स्थानीय निकाय | |
| ९ | सबै विद्यालयमा कम्प्युटर विषयको कक्षा सञ्चालन गर्ने | | | | | | | | |
| १० | विद्यालय घुम्ते आइ टी शिक्षकको व्यवस्था गर्ने | ३२२० | | ८०५ | ८०५ | ८०५ | ८०५ | स्थानीय निकाय | |
| ११ | विद्यालमा इ हाजिरी ब्वस्थापन | ७५० | १७५ | ३७५ | २०० | | | स्थानीय निकाय | |
| १२ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | | | | | | | बजेट नचाहिने | |
| १३ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको व्यवस्था | | | २०० | | | | स्थानीय निकाय | |
| १४ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायतको लागि सामग्री उत्पादन व्यवस्थापन (लागत सहभागिता का आधारमा)) | | | | | | | स्थानीय निकाय | |
| | जम्मा | **१८६७६** | **५८९५** | **६२००** | **४६२५** | **११५१** | **८०५** | | |

## आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

### ३.१०.१ परिचय

आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा क्षेत्रमा कुन बेला के हुन्छ भन्ने कुरा कसैलाई थाहा छैन ।विगतमा बिभिन्न समयमा हाम्रो देशले विभिन्न आपतकालीन समस्याहरु भेग्दै आइरहेको छ ।जसको प्रभाव तथा असर प्रत्यक्ष रुपमा शिक्षा क्षेत्रमा परिरहेको छ। यस्ता विपतहरुमा प्राकृतिक प्रकोप, महामारी, युद्ध र द्वन्द्व विस्थापनबाट बसाइ सराइ पर्दछन् ।।नेपालमा विशेष गरि वि स १९९० सालको महाभुकम्प, २०४५ सालको भूकम्प त्यस्तै २०७२ सालको भुकम्प र २०७६/२०७७/ २०७८ सालमा देखा परेको कोभिडले विशेष गरी शिक्षा क्षेत्रमा ठुलो असर पारेको छ । यस्ता सम्भावित सङ्कठको व्यवस्थापनमा अधिकार, समाबेसीकरण, समता र न्याय, पहुँच, गुणस्तर र सुशासन तथा सेवाको दक्षता जस्ता विषयवस्तुलाई केन्द्रमा राखेर योजना निर्माण गर्नु जरुरि मानिन्छ ।

जःतो सुकै माहामरी, प्राकृतिक प्रकोप तथा द्वन्दको अवस्था भएपनि बालवालिकाले पढ्न पाउने तथा सिक्न पाउने अवस्था सिर्जना गरिनु पर्दछ । आपतकालीन तथा सङ्कटापूर्ण अवस्थामा सम्भावित जोखिमको पूर्व तयारी गरी आपतकालमा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्दै आपतकाल पछि क्षतिको आपुरण गर्ने ढाँचाले यस्तो योजना तयार परिन्छ। शिक्षाको उद्देश्य भनेको विभिन्न कारण उत्पन्न सङ्कटकालीन अवस्थामा बालवालिका, परिवार तथा शिक्षा सम्बद्ध व्यक्तिको संरक्षण गर्दै शिक्षालाई निर्वाध रुपमा सञ्चालन गर्ने हो । यसका लागि समय परिस्थिति सुहाउँदो रणनीति योजना कार्यान्वयन गर्न जरुरी छ । यस्तो योजना बनाउँदा अवधारणगत अन्तर्गत सम्भावित पूर्वतयारी तत्कालको व्यवस्थापन तथा क्षतिको पुनःप्राप्ती योजना समेटिएको हुनु पर्दछ ।

नेपालमा बिभिन्न समयमा विपदको समयमा बालवालिका पढाइबाट बन्चित हुन परेको अवस्था थियो । यसैगरी गतवर्ष देखि देखिएको कोभिडले गर्दा अहिलेसम्म बालबालिकाको शिक्षा प्राप्तीमा देखिएको अवरोधबाट पाठ सिकी आगामी दिन यस्तै विपद तथा सङ्कटपूर्ण अवस्थामा पठनपाठन सञ्चालन गर्नका लागि यो ५ वर्षे शिक्षा योजनामा समावेश गरिएको हो ।

### ३.१०.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२ ले आधारभूत, माध्यमिक र उच्च शिक्षाको व्यवस्था गरेको छ । अनिबार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र शिक्षा नियमाबली २०७७ ले कुनै पनि अबस्थाका बालबालिकाले शिक्षा पाउने अधिकारलाई सुनिस्चित गर्दै छात्रवृति, दिवाखाजा, सुबिधा विहीनहरुको लागि विशेष सहयोग, मातृभाषामा शिक्षा लिन पाउने व्यवस्था गरेको छ । भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७ ले बालबालिकालाई शारीरिक, मानसिक सजाय, उत्पीडन, यौन दुराचारबाट मुक्त राखी शिक्षा प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ । विद्यालय शान्तिक्षेत्र राष्ट्रिय कर्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयमा सशस्त्र गतिविधि, हिंसा राजनीतिक प्रभाव, भेदभाव, शोषण तथा दुर्व्यवहारबाट मुक्त राखी शिक्षण तथा सिकाइलाई निरन्तरता दिनुपर्ने कुरा उल्लेख गरेको छ । यस्तै बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७, विद्यालय शिक्षाका लागि एकिकृत समता रणनीति २०७१, वृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८, वृहत विद्यालय सुरक्षा गुरुयोजना २०१७, वृहत विद्यालय सुरक्षा कार्यान्वन कार्यविधि २०१८, दिगो विकास लक्ष पन्ध्रौ योजना, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित विद्यालय, विपत जोखिम न्यूनीकरण, व्यवस्थापन, उत्थानशीलता र विपतको समयमा विद्यालय शिक्षाको निरन्तरतालाई जोड दिएको छ । नेपालमा विशेष गरि वि स १९९० सालको महाभुकम्प, २०४५ सालको भूकम्प त्यस्तै २०७२ सालको भुकम्प र २०७६/२०७७/२०७८ सालमा देखा परेको कोभिडले विशेष गरी शिक्षा क्षेत्रमा ठुलो असर पारेको छ। यी विभिन्न आपतकालीन अवस्थालाई मध्यनजर गर्दै शिक्षा क्षेत्रलाई सुरक्षित शिक्षण सिकाइ गर्नका लागि ईन्द्रावती गाउँपालिकाले ५ वर्षे शिक्षा योजनामा आपतकालीन तथा सङ्कटपूर्ण अवस्थाबाट जेगिने र शिक्षालाई निरन्तरता दिने र वैकल्पिक विधिको माध्यमबाट शिक्षाको विकास गर्ने गरी योजना बनाइएको छ । हरेक विद्यालयले आ-आफ्नो विद्यालय सुधार योजना बनाउदा विपत व्यवस्थापन योजना बनाउनु पर्ने नीतिगत व्यवस्था छ । विगतका विपतका घटना घटेका आधारमा विद्यालयका फरक फरक विपत व्यवस्थापन योजनामा अलग अलग सङ्कटपूर्ण वा आपतकालीन शिक्षाका योजना बनाएका छन् ।

#### अवसर

- संविधान, ऐन नियम र विभिन्न निर्देशिकाजारी गरी सुरक्षित विद्यालय, विपत जोखिम न्यूनीकरण, व्यवस्थापन, उत्थानशीलता र विपतको समयमा विद्यालय शिक्षाको निरन्तरतालाई जोड दिइएको ।
- विद्यालय सुधार योजना बनाउँदा विपत व्यवस्थापन योजना बनाउनु पर्ने नीतिगत व्यवस्था ।
- नेपालको संविधानमा सबैलाई अनिवार्य, तथा निःशुल्क आभारभूत शिक्षा र माध्यमिक तह सम्म निःशुल्क शिक्षाको व्यवस्था ।
- बालबालिकामाथि हुने सबै किसिमका विभेद सजाय र दुराचारलाई निषेध ।
- छात्रवृति, दिवा खाजा, सुविधा विहिनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने व्यवस्था ।
- विद्यालय शान्ति क्षेत्र, राष्टिय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ले विद्यालयलाई ससस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने व्यवस्था ।
- बालबालिकाहरुलाई भेदभाव दुर्व्यवहार र शोषणबाट मुक्त राख्ने नीतिगत व्यवस्था

## चुनौती

- आपतकालीन अवस्थामा लागू गरिने पाठ्यवस्तु, छुट्टै योजना बनाउनु
- योजनाको हरेक अङ्गमा आपतकालीन अवस्थाको शिक्षालाई समावेस गर्नु
- आपतकालीन शिक्षा योजना तत्कालीन बनाउने कि दीर्घकालीन बनाउने बारे अष्पष्टता हुनु ।
- आपतकालीन अवस्थामा लागू गरिने पाठ्यवस्तुको योजना बनाउनु ।
- योजनामा संङ्टका कुनकुन पक्षलाई समावेश गर्ने, अनुमान गर्न नसकिनु ।
- घटनालाई योजनामा समेट्ने तरिकाको ज्ञान नहुनु ।

## लक्ष्य

आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरुको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुचाउने ।

## ३.१०.३ उद्देश्यहरु

- शङ्कटको सम्भावित जोखिममा रहेका विद्यालय तथा समुदायको क्षमता विकास तथा परिचालन गरी पुर्वसावधानी अपनाई सम्भाबित क्षति न्युनिकरण गर्नु ।
- विपद प्रतिकार्य योजना बनाइ लागु गर्नु ।
- विपद तथा सङ्कठपूर्ण अवस्थामा पनि वालवालिकाको लागि सिकाइ वातावरण तयार गर्नु ।
- विपद उत्थानशीलविद्यालयहरुको भौतिक संरचना निर्माण तथा प्रबलिकरण गर्नु ।
- महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउने
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य,मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाहगर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्ने
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउने
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउने
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गर्ने

## ३.१०.४ रणनीतितथा कार्यनितिहरुः

| रणनीति | कार्यनीति |
|---|---|
| विद्यालयका भौतिक संरचना विपद रहित निर्माण गर्ने | गाउँपालिका भित्रका विद्यालयहरुका भौतिक संरचनाहरुको प्रबलीकरण गरि नयाँ भवनहरु भुकम्प प्रतिरोधी मात्र निर्माण गरिनेछ । |
| खतरा पहिचान तथा जोखिमयुक्त भवनहरुको नक्साङकन गर्ने । | प्राविधिक जनशक्तिमार्फत सबै क्षेत्रका विद्यालयहरुको नक्साङकन गरि जोखिमयुक्त भवनहरुको तत्काल प्रबलीकरण कार्य सुरु गरिनेछ । |
| विपदको अवस्थामा शिक्षालाई निरन्तर रुपमा सञ्चालन गर्ने । | आवश्यक बजेटको व्यवस्थापन गरि वैकल्पिक विधिको प्रयोगद्वारा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ । |
| उद्धार तथा राहतका कार्यक्रमहरु सञ्चालन गर्ने । | प्रत्येक वडामा आपतकालीन संयन्त्रको निर्माण गरि प्रत्येक विद्यालयमा आपतकालीन कोषको व्स्था गर्दै विपदवाट जोगिनका लागि विद्यार्थीहरुमा जनचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ । |
| | घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाईनेछ । |
| अवस्था विशेषका बालबालिकाको सहभागिता र पहुँचमा वृद्धि गर्ने । | सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने । |
| लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गर्ने । | आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| E–learning सिकाइ र घरघरमा विद्यालय कार्यक्रम सञ्चालन गर्ने । | आधारभूत तहमा शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरि बहु तथा मातृभाषामा शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्थाद्वारा सिकाइको अवसर प्रदान गरिनेछ । |
| स्थानीय पाठ्यक्रम र मातृभाषामा शिक्षण गर्ने । | विद्यालयका किसोरीहरुलाई स्यानिटरी प्याड उपलब्धताको सुनिश्चितता र व्वस्थापनका लागि तालिम उपलब्ध गराइने |
| किशोरी मैत्री वातावरण व्यवस्थापनगर्ने । | सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिनेछ । |
| विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरि सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाउने । | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सिर्जना गरिने |
| विद्यालयमा विभेद रहित सैक्षिक वातावरणको सिर्जना गर्ने । | आवश्यकता अनुसार पोशाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइनेछ । |
| लक्षित बालबालिका शैक्षिक सहायता कार्यक्रम संचालन गर्ने । | समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी संघ संस्था, नीजि क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गरिने छ । |

**उपलब्धी,**

आपतकालीन तथा सङ्कठपूर्ण अवस्थामा पनि उत्थानशील भौतिक संरचना निर्माण तथा सुविधाको व्यवस्था गरि वैकल्पिक सिकाइको माध्यमबाट बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरुको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुग्नेछ ।

**नतिजा**

- विद्यालयका भौतिकसंरचना विपदप्रति उत्थानशील भएको हुने
- विद्यालयमा विपदकासमयमा प्रतिकार्य गर्नको लिग द्रुत गतिको प्रतिकार्य समिति गठन भएको हुने
- विद्यालयमा आपतकालीन कोषको व्यवस्था भएको हुने
- विद्यालयमा प्राथमिक उपचार तथा उद्धार गर्ने सामग्रगीको व्वस्था भएको हुने
- वैकल्पिक विधिको माध्यमबाटै शिक्षण सिकाइ भएको हुने
- घुम्ती तथा टोल शिक्षा भएको हुने
- घरमा कक्षा सञ्चालन भएको
- पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धीत हुने
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्धारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण भएको हुने
- सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्यङ्कन हुने
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने

आपतकालिन तथा संकटपुर्ण शिक्षाका **कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

| कार्यक्रमहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | |
| जोखिम नक्साङ्कन | ४४ | | | | | | | |
| सुरक्षित र जोखिम मुक्त भौतिक निर्माण | विद्यालय | | | | | | | |
| विपद जोखिम न्युनिकरण विषय सिकाइमा बाल क्लबको क्षमता विकास र परिचालन | ४४ विद्यालय | | | | | | | |
| विपद प्रतिकार्य योजना निर्माणका लागि क्षमता विकास तालिम | ४४ जना | ४४ | | | | | | |
| वैकल्पिक शिक्षण सहजीकरणका लागि शिक्षक तालिम | ५० जना | २५ | २५ | | | | | |
| Home school तथा अभिभावक शिक्षाका लागि शिक्षकको क्षमता विकास। | २०० जना | | ४० | ४० | ४० | ४० | | |
| सूचना तथा सञ्चार प्रविधिको प्रयोग अभिमुखीकरण | ४४ जना | | ४४ | | | | | |
| सुपरिवेक्षण तथा अनुगमन | नियमित | | | | | | | |
| वि व्य स शिक्षक तथा विद्यार्थीको क्षमता विकास गर्ने | नियमित | | | | | | | |
| विपद प्रतिकार्य योजना तयारी र कार्यान्वयन | | | | | | | | |
| विद्यालयमा आपतकालीन कोषको स्थापना सहयोग | विध्यालय | | ४४ | | | | | |
| प्राथमिक उपचार सम्बन्धी स्वास्थ्य सामग्रीको व्यवस्थापन | ४४ विद्यालय | नियमित | | | | | | |
| वैकल्पिक विधीको प्रयोग गरी सिकाइलाई निरन्तरता | निरन्तर | | | | | | | |
| निरन्तर तथा सुरक्षित सिकाइका लागि विद्यार्थी शिक्षक सम्मलित समिति गठन र परिचालन | सबै वि. | | | | | | | |
| हरित विद्यालय निर्माण | सबै वि. | | | | | | | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका एवम् बजेट विवरण

| क्र.सं.. | प्रमुख क्रियाकलाप | बजेट विवरण रु.हजारमा | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | | |
| १ | जोखिम नक्साङ्कन | | | | | | | संघ प्रदेश र | |
| २ | सुरक्षित र जोखिम मुक्त भौतिक निर्माण | | | | | | | स्थानीय सरकार | विद्यालय |
| ३ | विपद जोखिम न्युनिकरण विषय सिकाइमा बाल क्लबको क्षमता विकास र परिचालन | | | | | | | | ४४ विद्यालय |
| ४ | विपद प्रतिकार्य योजना निर्माणका लागि क्षमता विकास तालिम | १५० | १५० | | | | | | ४४ जना |
| ५ | वैकल्पिक शिक्षण सहजीकरणका लागि शिक्षक तालिम | १०० | ५० | ५० | | | | | ५० जना |
| ६ | **Home school** तथा अभिभावक शिक्षाका लागि शिक्षकको क्षमता विकास । | | | | | | | | २०० जना |
| ७ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग अभिमुखीकरण | १५० | | १५० | | | | | १२ |
| ८ | सुपरिवेक्षण तथा अनुगमन | | | | | | | | ३५ |
| ९ | वि व्य स शिक्षक तथा विद्यार्थीको क्षमता विकास गर्ने | | | | | | | | ४४ जना |
| १० | विपद प्रतिकार्य योजना तयारी र कार्यान्वयन | | | | | | | | १ प्याकेज |
| ११ | विद्यालयमा आपतकालीन कोषको स्थापना सहयोग | ४४० | | ४४० | | | | | नियमित |
| १२ | प्राथमिक उपचार सम्बन्धी स्वास्थ्य सामग्रीको व्यवस्थापन | | नियमित | | | | | | नियमित |
| १३ | वैकल्पिक विधीको प्रयोग गरी सिकाइलाई निरन्तरता | | | | | | | | |
| १४ | निरन्तर तथा सुरक्षित सिकाइका लागि विद्यार्थी शिक्षक सम्मलित समिति गठन र परिचालन | | | | | | | | |
| | **जम्मा** | **८४०** | **६००** | **२४०** | | | | | |

## स्वास्थ्य खानेपानी तथा स्वच्छता

### ३.९.१ परिचय

मानव जीवनमा स्वास्थ्य एक अपरिहार्य पुर्वाधार हो । जसले शारीरिक मानसिक संवेगात्मक स्वस्थतालाई बुझाउँदछ । विकासका पुर्वाधारभित्र स्वच्छ खानेपानी एक अमूल्य अङग हो । जसले विद्यार्थीको चौतर्फी विकास सन्तुलन कायम राख्न अहम भुमिका खेलेको छ ।

### ३.९.२ वर्तमान अवस्था

बालबिलकाहरुलाई प्रकृतिमा छोडी स्वस्फुर्त तरिकामा सिकाइ वा शिक्षण सिकाइ गर्ने ध्ययले स्वच्छ हरियाली वातावरणको ठुलो महत्व रहेको छ। जन्मजात देखि आर्जित गुणहरुको संगमबाट एक सानो बाल उद्यानको व्यवस्था आजको आवश्यकता पनि रहेको छ । यी सबै कुरालाई आत्मसात गरी ईन्द्रावती गाउँपालिकाले ५ वर्षे शिक्षा राजनीतिक गुरु योजनामा स्वास्थ्य, खाने पानी तथा स्वच्छता समावेश गरिएको हो ।

**अवसर**

**चुनौति**

### ३.९.३ उद्देश्यहरु

- प्रत्येक विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गर्नु ।
- विद्यालयमा विद्यार्थीहरुको स्वास्थ्य स्थिति सुधार गर्ने
- स्वच्छ वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप गर्नु
- विद्यालयमा सेनेटरी प्याडको वितरण व्यवस्थापन गर्नु ।
- स्थानीय स्तरमा सेनेटरी प्याड उत्पादन गर्नु ।

### ३.९.४ रणनीति तथा कार्यनितिहरुः

| रणनीति | कार्यनीति |
|---|---|
| गाउँपालिका भित्रका खानेपानीको समस्या भएका विद्यालयहरुलाई आवश्यक बजेटको व्यवस्था गर्ने । | प्रत्येक विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ । |
| प्रत्येक विद्यालयमा बालमैत्री धारा निर्माण गर्ने । | प्रत्येक विद्यालयमा बालमैत्री धारा निर्माण लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ। |
| प्रत्येक विद्यालयमा साना साना बाल उद्यानहरुको निर्माण गर्ने । | प्रत्येक विद्यालयमा Green school clean school को कार्यक्रम लागु गरिनेछ . |
| वि. स्वा. पो. स. कार्यक्रम कार्यान्वयन गर्ने । | माध्यमिक विद्यालयमा लागु भएको विद्यालय नर्स कार्यक्रमलाई सबै मा.वि. र आधारभूत तहका विद्यालयहरुमा विस्तार गरिनेछ । |
| फोहोरमैला व्यवस्थान गर्ने । | हरेक विद्यालयमा Dust Bin र फोहोर उत्सर्जन खाडल तयार गर्न लगाइनेछ । |

### ३.९.५ उपलब्धी,

विद्यालयमा स्वच्छ खानेपानी, किशोरीमैत्री शौचालय, विद्यालयको हरियाली वातावरण निर्माण, स्वच्छ सिकाइ मैत्री व्यवस्था भएको

**नतिजा**

- खानेपानीको धारा तथा हात धुने स्टेशन सहित साबुनको व्यवस्था भएको,
- किशोरीको लागि छुट्टै किशोरीमैत्री शौचालयको व्यवस्था भएको,
- स्यानेटरी प्याड फेर्न तथा त्यसको व्यवस्थापनका लागि किशोरी कक्ष वा Incineter सहितको शैचालय व्यवस्था भएको,
- सबै विद्यालयमा फुलबारी तथा साना गार्डेन स्थापना भएका हुनेछन्

**स्वस्थ्य, खानेपानी, स्वच्छता र विकास प्रमुख क्रियाकलाप र लक्ष्य**

| क.सं.. | प्रमुख क्रियाकलाप | इकाई | | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | | |
| १ | अन्तरक्रिया कार्यक्रम | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | | |
| २ | खानेपानी तथा स्वच्छताका लागि योजना निर्माण | १ पटक | | | | | | | |
| ३ | खानेपानी तथा स्वच्छताका लागि सामग्रीको व्यवस्थापन | अवश्यकता अनुसार | नियमित | नियमित | नियमित | नियमित | नियमित | | |
| ४ | अभिभावक तथा विद्यार्थीहरुलाई सरसफाई तथा स्वच्छता सम्बन्धी सचेतनामुलक कार्यक्रम संञ्चालन गर्ने | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | | |
| ५ | शौचालय निर्माण तथा प्रयोग | आबस्यकता | | | | | | | |
| ६ | स्यानेटरी प्याड साबुन र स्यनिटाइजर वितरण | ४४ विद्यालय | | | | | | | |
| ७ | बगैचा तथा फुलबारी निर्माण | ४४ विद्यालय | | | | | | | |
| ८ | पाइप हिलटेक ट्याङकी सहयोग | आवस्यकता अनुसार | | | | | | | |
| ९ | फुलबारी तथा बगैचाका लागि बिरुवा वितरण | आवस्यकता | | | | | | | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका एवम् बजेट विवरण

| क.सं.. | प्रमुख क्रियाकलाप | बजेट विवरण रु. हजारमा | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | | |
| १ | अन्तरक्रिया कार्यक्रम | | | | | | | ब.न | |
| २ | खानेपानी तथा स्वच्छताका लागि योजना निर्माण | | | | | | | ब.न | |
| ३ | खानेपानी तथा स्वच्छताका लागि सामग्रीको व्यवस्थापन | | | | १००० | | | स्थानीय तह | |
| ४ | अभिभावक तथा विद्यार्थीहरुलाई सरसफाई तथा स्वच्छता सम्बन्धी सचेतनामुलक कार्यक्रम संञ्चालन गर्ने | | | | | | | ब.न | |
| ५ | शौचालय निर्माण तथा प्रयोग | | | | | | | संघिय | |
| ६ | स्यानेटरी प्याड साबुन र स्यनिटाइजर वितरण | ३२०० | | ८०० | ८०० | ८०० | ८०० | संघिय बजेट | |
| | | | | | | | | | |
| ७ | बगैंचा तथा फुलबारी निर्माण | | | | | | | ब.न | |
| ८ | पाइप हिलटेक ट्याङकी सहयोग | २५० | | १०० | १०० | ५० | | स्थानीय संघ संस्था | |
| | **जम्मा** | **४४५०** | **०** | **९००** | **१९००** | **८५०** | **८००** | | |

## परिच्छेद ४
## संस्थागत संरचना र क्षमता विकास
### ४.१ परिचय
नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार; ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास; सामाजिक चेतनामा आएको परिवर्तन लागायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालय  मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वियनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता बिना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास  हुनुमा यसको  औचित्य ठहर्छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज मा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ । विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ । नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ । प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा / शाखाको व्यवस्था गरिएको छ ।

### ४.२ वर्तमान अवस्था
ईन्द्रावती गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । एक जना छैटौं अधिकृत, एक जना प्राविधिक सहायकको दरबन्दी तेरिजमा स्वीकृत गरिएको छ । त्यसैगरी ईन्द्रावती गाउँपालिकाको शिक्षा ऐन, २०७७ मा विद्यालय अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउन विद्यालय सुपरीवेक्षकको व्यवस्था गर्ने उल्लेख छ । त्यसका लागि माध्यमिक तहका स्थायी शिक्षक र अबकास प्राप्त विषयगत शिक्षकलाई काजमा खटाउने प्रबन्ध गरिएको छ । शाखाले  स्वायत्त  भएर  कुनै कार्यक्रमहरू  सञ्चालन  गर्न  र शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन । शाखामा जनशक्ति कम हुँदा विद्यालय  अनुगमन  तथा  सुपरीवेक्षणको  पाटो  प्रभावकारी बन्न सकेको छैन । पालिकाको शिक्षा शाखामा  कर्मचारी व्यवस्थापनमा पनि चुनौति देखिन्छ । सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन  भएका  सामुदायिक  विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक संघको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गर्ने गर्दछन् । विद्यालयमा  नागरिक  बडापत्र  राख्ने,  गुनासो  सुनुवाइ  संयन्त्रको विकास,  विविधता  व्यवस्थापन,  अभिभावक  भेला  र छलफल जस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेको देखिदैन । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा जीवन पर्यन्त सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम  गर्ने उद्देश्यले आवश्यक संस्था संरचना र प्रक्रिया  स्थापित गर्न खोजिएको छ । त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको पहिचान गर्ने प्रयत्न गरिएको छ । शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी  यस  शिक्षा  क्षेत्र  योजनाको  प्रभावकारी  र  कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ । पहिचान गरिएका  चुनौतीहरू  सामना  गरी सुशासन  प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ । विद्यालय  शिक्षाको  सञ्चालन तथा व्यवस्थापन  गर्नका लागि संघीय  र  प्रदेश  तहमा निजामती तथा शिक्षा  ऐन  तथा नियमावलीहरूको  निर्माण  तथा  परिमार्जन  नभएकोले  कार्यान्यनमा  जटिलता  सिर्जना भएको छ । विशेष गरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले यस पालिकाले कार्यान्वयनमा ल्याएको ऐन अनुसारका  शैक्षिक  गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका कुरा  सरोकरवालाहरूबाट गुनासो आइरहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र बागमती प्रदेशले प्रत्येक जिल्लामा सामाजिक विकास

कार्यालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरू सन्चालानमा ल्याएका छन् । उक्त निकायहरुलाई कामयाबी बनाई तीनवटै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध सुदृढ बनाउनु जरुरि छ ।

## चुनौती

- शिक्षा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन गरि कार्यान्यनमा सहज बनाउनु,
- तीनवटै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध सुद्रिढ बनाउनु,
- संस्थागत संरचनाको क्षमता विकास र प्रक्रियामा सहज बनाउनु,
- शाखाका हरेक कार्यक्रमहरू सञ्चालन गर्न स्वायत्तता प्रदान गर्नु,
- सरोकारवाला संयन्त्रको क्षमता विकास गर्नु,
- शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था गरि शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण व्यवस्थित बनाउनु,
- जनशक्ति व्यवस्थापन गरि विद्यालय अनुगमन तथा सुपरीवेक्षणलाई प्रभावकारी बनाउनु,
- शिक्षक अभिभावक संघको बैठक नियमित गराउनु,
- विद्यालयहरुको नामको बेरुजु घटाउनु,
- सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गराउनु

## अवसर

- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समिति विधिवत गठन भएको,
- सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको,
- विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बस्ने गरेको,
- विद्यालयहरूले नियमित सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गर्ने गरेको,
- स्थानीय शिक्षा ऐन, २०७७ मा विद्यालय अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउन विद्यालय सुपरीवेक्षकको व्यवस्था भएको,
- कार्यदलगठन गरि अनुगमनमा खटाउने प्रबन्ध गरिएको,
- योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका संविधानमा संघ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको,

## ४.३ लक्ष्य

स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाई नतिजामुखी शिक्षा व्यवस्थापनको प्रर्बद्धन गर्ने

## ४.४ उद्देश्य

- स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउने,
- तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने,
- गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्ने,
- जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउने,
- कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने,
- योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने
- पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने
- उपलब्ध स्रोतको आधारमा कार्याक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु
- खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु ।

## ४.५ रणनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने, | गाउँपालिकाको शिक्षा व्यवस्थापन सम्बन्धी छुट्टै कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ । |
| संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने, | गाउँपालिकाको शिक्षा हेर्ने अधिकृत विभागीय प्रमुख रहने गरि आबश्यक जनशक्ति थप गरिनेछ । |

| | |
|---|---|
| कार्यरत जनशक्तिको क्षमता विकास गर्ने, | शिक्षा शाखामा कार्यरत कर्मचारीहरुलाई सेवाकालीन तालिमको व्यवस्था गरिनेछ । |
| स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने, | पालिकामा सेवा निवृत्त र सेवारत मा.वि. स्थाई, अनुभवी, तालिम र योग्यता प्राप्त विषयगत शिक्षकहरुबाट विज्ञ समूह तयार गराई शिक्षक पेसागत सहयोग संचालन गरिनेछ । |
| प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने । | प्रत्येक विद्यालयका प्रधानाध्याक र शिक्षा शाखा तथा प्रधानाध्याक र शिक्षक विच कार्यसम्पादन करार गराई प्रत्येक वर्ष कर्यमूल्यांकन गरि उत्कृस्टताका आधारमा पुरस्कृत गरिनेछ । |
| संघीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गर्ने । | वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने |
| आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गर्ने । | शिक्षामा नीजि तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रर्बद्धन गरिने |
| स्रोतको उपयोग गर्ने विद्यालयलाई जवाफदेही बनाउने । | वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइनेछ |

## ४.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धीः**

शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रर्बद्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने ।

**प्रमुख नतिजाः**

- शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने,
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने,
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार भएको हुनेछ ।
- सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुनेछ ।
- तीनै तहका सरकारबीचको अन्तरसम्बन्ध सुदृढ भइ स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना तयार भएको हुनेछ ।
- जनशक्ति नतिजाप्रति उत्तरदायी र जवाफदेही बनि गुणस्तरको कमजोर नतिजाको सम्बोधन भएको हुनेछ ।
- कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि भइ शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण भएको हुनेछ ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत व्यवस्थापन भएको हुनेछ ।
- खर्चको प्रक्रिया र दायित्व स्पष्ट भइ उपलब्ध स्रोतको आधारमा प्राथमिकता निर्धारण भइ कार्यक्रमगत बजेट निर्धारण भएको हुनेछ ।

**संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलाप र लक्ष्यहरु**

| क. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| १ | आवश्यक कानुनी प्रवन्ध तथा मापदण्ड विकास | सङ्ख्या | १ | | | | | १ | |
| २ | विद्यालयको कार्यसम्पादन गर्ने | निरन्तर | | | | | | | |
| ३ | प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | निरन्तर | ४४ | | | | | ४४ | |
| ४ | पदाधिकारीहरूको क्षमता विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ५ | प्रधानाध्यापक तथा कर्मचारीको पेशागत सहयोग तथा क्षमता विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ६ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ७ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | आवश्यक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ८ | कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने | अनिवार्य | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ९ | शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन | नियमानुसार | नियमानुसार | नियमानुसार | नियमानुसार | नियमानुसार | नियमानुसार | | |
| १० | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाई तथा स्वच्छता, विपद् तथा महामारीसम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास | आबस्यकताअनुसार | | | | | | | |
| ११ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास गर्ने | आबस्यकताअनुसार | | | | | | | |

## कार्यक्रम तथा क्रियाकलाप  कार्यान्वयन तालिका र बजेट विवरण

| क.सं.. | प्रमुख क्रियाकलाप | एकाई | बजेट विवरण रु. हजारमा | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | | |
| १ | आवश्यक कानुनी प्रवन्ध तथा मापदण्ड विकास | | | | | | | | ब.न | |
| २ | विद्यालयको कार्यसम्पादन गर्ने | | | | | | | | ब.न | |
| ३ | प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | | | | | | | | ब.न | |
| ४ | पदाधिकारीहरूको क्षमता विकास | | | | | | | | ब.न | |
| ५ | प्रधानाध्यापक तथा कर्मचारीको पेशागत सहयोग तथा क्षमता विकास | | | | | | | | ब.न | |
| ६ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | | | | | | | | ब.न | |
| ७ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | | | | | | | | ब.न | |
| ८ | कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने | | | | | | | | ब.न | |
| ९ | शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन | | | | | | | | ब.न | |
| १० | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाई तथा स्वच्छता, विपद् तथा महामारीसम्बन्धी  सेवा तथा समन्वयका लागि संयन्त्र विकास | | | | | | | | ब.न | |
| ११ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास गर्ने | | | | | | | | ब.न | |

## परिच्छेद ५
## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण
### ६.१ परिचय
कार्यक्रम कार्यान्वयनको समय पश्चात  अनुगमन तथा मूल्याङकन गर्न जरुरी छ। शैक्षिक कार्यक्रमहरुको स्रोत साधनको विनियोजित रकम तथा खर्च सहि ठाउँमा प्रतिफल दिने खालको छ कि छैन भनी अनुगमन तथा मूल्याङकन गर्न जरुरी छ । यसले कार्यक्रमको वर्तमान अवस्था र प्रगतिको स्थितिको बारेमा जानकारी दिन्छ। अनुगमन तथा मूल्याङ्कनले शैक्षिक कार्यक्रममा भएको लगानीलाई नतिजामुखी जवाफदेहि तथा उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछ।

नेपालमा योजनाबद्ध विकास प्रयासको सुरु अवस्था सँगै विकास आयोजनाको अनुगमन तथा मूल्याङकन गर्ने परिपाटी बसेको पाइन्छ । आ.व.२०३२/०३३ देखि विकास आयोजनाहरूको कार्यान्वयनको मूल्याङ्कन गर्ने व्यवस्थाको सुरुवात भयो । आठौं योजना २०४९/०५४ देखि अनुगमन तथा मूल्याङकनको एउटा पद्धतिको रुपमा मजबुत गर्ने कार्य गरियो। यस योजनामा विगतका अनुगमन तथा मूल्याङकन सम्बन्धी व्यवस्थामा देखिएका कमीकमजोरीहरूमा सुधार गरी संस्थागत व्यवस्था , उच्च राजनैतिक तहको प्रतिबद्धता र उपलब्धी मूल्याङकनको व्यवस्था सहितको बलियो अनुगमन तथा मूल्याङकन प्रणाली लागु गरियो । अनुगमन भन्नाले कुनै पनि कार्यक्रम कार्यान्वयनका लागि विशेषतः शैक्षिक योजना तथा कार्यक्रमहरू के कति  भए त्यसको लक्षित प्रतिफल योजना अनुरुप ठीक सँग भइरहेका छन् वा छैनन् भनी कार्यक्रम कार्यान्वयन गर्ने  प्रत्येक तहको व्यवस्थापनद्वारा निरन्तर र अद्यावधिक गरी निगरानी राख्ने कार्य हो। मूल्याङ्कन भन्नाले कुनै शैक्षिक कार्यक्रमको निर्धारित उद्देश्यको सन्दर्भमा त्यसका कार्यहरू कति सान्दर्भिक, सक्षम, लाभदायक र प्रभावकारी देखिएका छन् भन्ने बारे व्यवस्थित रुपबाट मापन गरी लेखाजेखा गर्ने कार्य हो। अनुगमन तथा मूल्याङकन को मुख्य उद्देश्य गाँउ शिक्षा योजना र विद्यालय क्षेत्र विकास कार्यक्रमले किटान गरेका प्रत्येक सेवा प्रवाहका तहका लक्ष्य तथा उद्देश्य अनुरुपका उपलब्धीहरू पत्ता लगाई  ती सूचकका आधारमा निर्णय प्रक्रियालाई सहयोग गरी प्रवाह सुधार गर्नु हो।

### ६.२ वर्तमान अवस्था
ऐन, नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको  मूल्याङकन गर्ने कार्यहरू नियमित रूपमा भैरहेका छन्। सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय  र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ।सङ्घमा शिक्षा तथा प्रविधि मन्त्रालय र शिक्षा विभागले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय सञ्चालन गर्नेछन्। प्रदेशमा प्रदेश शिक्षा निर्देशनालयबाट अनुगमन तथा मूल्याङ्कनको कार्य हुने गरेको छ । ईन्द्रावती गाउँपालिकाको गाउँ शिक्षा योजना बारे सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वयन भए नभएको सम्वन्धित निकायबाट अनुगमन गरिनेछ । अनुगमन प्रक्रिया तपसिल बमोजिम हुने गरेका छन्।

| क्र. स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रक्रिया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | गाउँ शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय इकाई | | एकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत | | शाखा प्रमुख | मासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक | | विज्ञसमूह | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | प्रमुख वा अन्य अधिकृत | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | निर्देशक वा विभागीय प्रमुखहरु | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी संघसंस्था | | अगुवा व्यक्तित्व | मासिक | |

गाउँ शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइन्छ योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछन् । योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको बैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

## चुनौती

- अनुगमन तथा मूल्याङ्कनले शैक्षिक कार्यक्रममा भएको लगानीलाई नतिजामुखी जवाफदेही तथा उत्तरदायीपूर्ण बनाउनु ।
- शैक्षिक कार्यक्रमहरुको स्रोत साधनको विनियोजत रकम तथा खर्च सहि ठाउँमा प्रतिफल दिने खालको बनाउनु
- अनुगमन तथा मूल्याङकनलाई नतिजामुखी बनाउनु ।
- योजनाको लगानी प्रभावको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माण गर्नु ।

## अवसर

- कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण प्रक्रियामा विभिन्न निकायहरु सक्रीय रहनु ।
- अनुगमन तथा मूल्याङ्कनले शैक्षिक कार्यक्रममा भएको लगानीलाई नतिजामुखी जवाफदेहि तथा उत्तरदायीपूर्ण बनाउन सहयोग पुऱ्याउनु ।
- प्रत्येक तहको व्यवस्थापनद्वारा निरन्तर निगरानी राख्ने प्रणाली विकास गर्नु ।
- कार्यक्रमको निर्धारित उद्देश्यका कार्यहरूको सान्दर्भिकता, सक्षमता, लाभदायक र प्रभावकारीताका व्यवस्थित रुपबाट मापन गरी लेखाजेखा गर्नु

## ६.३ लक्ष्य

शैक्षिक योजना तथा कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन भई गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने ।

## ६.४ उद्देश्य

- शैक्षिक कार्यक्रमहरुमा स्रोत र साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु ।
- अनुगमन तथा मूल्याङ्कनलाई नतिजामुखी बनाउनु ।
- नयाँ योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सिकाइ प्रणाली विकास गर्नु ।
- बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्ने,
- स्थानीय तहका शिक्षा शाखा तथा महाशाखाहरूको क्षमता विकास गर्ने,
- आवश्यकता अनुसार कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने,
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार गर्ने, समीक्षा गर्ने, र सुधार गर्ने,
- शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह, सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने,
- विद्यालय तथा सामूदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने,
- प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्ने,
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउने,
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्ने,
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्ने ।

## ६.५ रणनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने । | अनुगमन प्रक्रियाका लागि गठित समितिको एकिकृत मूल्यांङ्कन गर्ने निर्देशिका जारी गरिनेछ । |
| अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने, | तयार भएको प्रतिबेदन सार्वजानिक गर्ने संयन्त्र र प्रविधि तय गरिनेछ । |
| शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने, | झष्क मा आधारित अनुदान व्यबस्था गरि शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचक सहित कार्यान्वयन गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने, | Iemis मा नसमेटिएका सूचना पनि आवश्यकता अनुसार स्थानीय सूचक बनाई सूचना प्रणालीमा आवद्ध गरिनेछ । |
| योजनाका लागत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धी (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने, | योजनाको प्रक्रियागत अनुगमन र मूल्यांकन गर्न दक्ष्य जनशक्ति परिचालन गरिनेछ । |
| सुचकमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने, | अनुगमनको बेला देखीने गतिविधिलाई सूचक बनाई मूल्याङ्कन गरिनेछ । |
| अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने, | पछिल्लो अनुगमन गर्दा अघिल्लो अनुगमनको सुझाव कार्यान्वयन अवस्था पनि सुचकमा समावेश गरिनेछ । |
| कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने, | विद्यालय तहमा गाउँपालिका पदाधिकारी, शिक्षा युवा तथा खेलकुद शाखा र बिज्ञसमूहबाट अनुगमन गर्ने तथा मूल्याङकन प्रणली विकास गरी कार्यान्वय गरिने छ। |
| पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने । | अनुगमनमा कमजोर विद्यालय लाई अनुदान कट्टा गरि उत्कृष्ट विद्यालयलाई थप अनुदान प्रदान गरिनेछ । |
| व्यवहारिक र व्यवस्थित अनुगमन तथा मूल्याङकन प्रणाली लागु गर्ने । | संघिय सरकार प्रदेश सरकार र स्थानीय सरकारहरुबीच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङ्कन प्रणालीको व्यवस्था गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङकन गरिनेछ । |
| अनुगमन तथा मूल्याङकन समिति गठन गर्ने । | गाउँपालिका स्तरमा पालिका प्रमुखज्युको संयोजकत्वमा अनुगमन तथा मूल्याङकन समिति गठन गरिनेछ । |
| गाउँपालिका पदाधिकारी र शिक्षा युवा तथा खेलकुद शाखाबाट अनुगमन गर्ने । | वर्षको कम्तिमा २ पटक गाउँपालिका पदाधिकारी र शिक्षा युवा तथा खेलकुद शाखाबाट अनुगमन गरिनेछ |
| गाउँ शिक्षा येजनाको कार्यान्वयनको प्रभावकारीताको अध्ययन गर्ने। | यसका लागि पालिका स्तरमा विज्ञहरुको अध्ययन टोली गठन गरी प्रतिवेदन प्रकाशित गरिनेछ । |
| गाउँपालिका पदाधिकारी र शिक्षा युवा तथा खेलकुद शाखाबाट अनुगमन गर्ने । | विद्यालय तहमा गाउँपालिका पदाधिकारी र शिक्षा युवा तथा खेलकुद शाखाबाट अनुगमन गर्ने तथा मूल्याङकन प्रणाली विकास गरी कार्यान्वय गरिने छ । |

## ६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धीः**

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धी हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने ।

**प्रमुख नतिजाः**

- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने,
- अनुगमनका आधारमा नतिजा सुधार हुने,
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने,
- विद्यार्थी उपलब्धी परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने,
- विभिन्न कार्यक्रमहरूको उपलब्धी तथा प्रभावको आवधिक मूल्याङ्कन हुने ।

## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरणका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक गर्ने | गाउँपालिका | | | | | | | |
| २ | आफुले कार्यान्वयन गरेका कार्यक्रमहरूको नियमित अनुगमन गर्ने | | | | | | | | |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | | | | | | | |
| ४ | स्थिति प्रतिवेदन तयार गर्ने | पटक | | | | | | | |
| ५ | विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गर्ने | ५ पटक | | १ | | १ | | २ | |
| ६ | कक्षा १ देखि ३ सम्मका बालबालिकाको पठन सिप परीक्षणका लागि कक्षाकोठामा आधारित पठन सिप परीक्षण (CB–EGRA) सञ्चालन गर्ने | निरन्तर | | | | | | | |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने । | विद्यालय | नियमित | | | | | | |
| ८ | विद्यालयमा गरिने सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | विद्यालय | नियमित | | | | | | |
| ९ | विद्यालयहरूको लेखा परीक्षण | विद्यालय | नियमानुसार | | | | | | |
| १० | रोष्टर विशेषज्ञहरूको व्यस्थापन | जना | नियमित | | | | | | |
| ११ | विज्ञ समूह विद्यालय निरीक्षक शिक्षा शाखा तथा शाखा मार्फत विद्यालय अनुगमन तथा कक्षा सुपरीवेक्षण | ९ पटक | १ | २ | २ | २ | २ | | |
| १२ | प्रधानाध्यापक तथा आधारभूत तह संयोजकबाट विद्यालय तथा कक्षाकोठा अनुगमन तथा सुपरिवेक्षण | निरन्तर | नियमित | | | | | | |
| १३ | सिकाइमा आधारित शिक्षणका लागि मूल्याङ्कन | निरन्तर | नियमित | | | | | | |
| १४ | सूचकमा आधारित मूल्याङ्कनका लागि अभिलेखिकरण | निरन्तर | | | | | | | |
| १५ | स्थानीय तहद्धारा विद्यालय अनुगमन | ५ पटक | १ | १ | १ | १ | १ | ५ | |
| १६ | विद्यालय स्व मूल्यांङ्कन | ५ पटक | १ | १ | १ | १ | १ | ५ | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका एवं बजेट विवरण

| क.सं.. | प्रमुख क्रियाकलाप | एकाई | बजेट विवरण रु. हजारमा | | | | | | बजेटको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक गर्ने | | | | | | | | ब.न | गाउँपालिका |
| २ | आफुले कार्यान्वयन गरेका कार्यक्रूमहरूको नियमित अनुगमन गर्ने | | | | | | | | ब.न | |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | | | | | | | | ब.न | पटक |
| ४ | स्थिति प्रतिवेदन तयार गर्ने | | २५० | ५० | ५० | ५० | ५० | ५० | स्थानीय तह | पटक |
| ५ | विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गर्ने | | | | ५० | | ५० | | | २ पटक |
| ६ | कक्षा १ देखि ३ सम्मका बालबालिकाको पठन सिप परीक्षणका लागि कक्षाकोठामा आधारित पठन सिप परीक्षण (ॠद्य-भ्न्च्ब) सञ्चालन गर्ने | | | | | | | | संघ, स्थानीय तह, ल्भन्चए | निरन्तर |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने । | | | | | | | | | विद्यालय |
| ८ | विद्यालयमा गरिने सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | | | | | | | | | विद्यालय |
| ९ | विद्यालयहरूको लेखा परीक्षण | नियमानुसर | | | | | | | | विद्यालय |
| १० | रोष्टर विशेषज्ञहरूको व्यस्थापन | | | | | | | | | जना |
| ११ | विज्ञ समूह विद्यालय निरीक्षक शिक्षा शाखा तथा शाखा मार्फत विद्यालय अनुगमन तथा कक्षा सुपरीवेक्षण | | ३७५ | ७५ | ७५ | ७५ | ७५ | ७५ | स्थानीय | ९ पटक |
| १२ | प्रधानाध्यापक तथा आधारभूत तह संयोजकबाट विद्यालय तथा कक्षाकोठा अनुगमन तथा सुपरिवेक्षण | | | | | | | | | निरन्तर |
| १३ | सिकाइमा आधारित शिक्षणका लागि मूल्याङ्कन | | | | | | | | | निरन्तर |
| १४ | सूचकमा आधारित मूल्याङ्कनका लागि अभिलेखिकरण | | | | | | | | | निरन्तर |
| १५ | विद्यालय स्व मूल्यांकन | पटक | | | | | | | | ५ पटक |
| | जम्मा | | **७२५** | **१२५** | **१७५** | **१२५** | **१७५** | **१२५** | | |

## परिच्छेद ६ लगानी तथा स्रोत व्यबस्थापन

## ५.१ परिचय

